# अध्याय एक

# शोध परिचय

## १.१ विषय प्रवेश

लोक साहित्यको विभिन्न विधाहरूमध्ये सर्वप्राचीन विधाको रूपमा रहेको लोकगीत पूर्णत लोकभावनालाई अभिव्यक्त गर्ने एउटा सशक्त विधा मानिन्छ । मानवसभ्यताको प्रारम्भिक कालदेखि नै मानिसहरूले मौखिक रूपमा भएता पनि आफ्ना अन्तरमनबाट प्रस्फुटन भएका भावनाहरूलाई लयात्मक रूपमा उतार्ने कार्य हुँदै आएको पाइन्छ । समाजका साँस्कृतिक तथा परम्परागत मूल्य-मान्यताहरूलाई मनन गर्दै मनका भावनाहरूलाई लयवद्ध गर्ने कार्य नै लोकगीतमा हुने गर्दछ । खास गरी मौखिक तथा श्रुतिपरम्पराबाट एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जाने सरल एवं सरस मनका भावनाहरूलाई गिती लयमा उनेर गाइने विधा विशेष नै लोकगीत हो ।

नेपालको भू-धरातलमा पूर्व मेचीदेखि पश्चिमको महाकालीसम्म पूर्ण र आंशिक रूपले नेपाली लोकगीतले आफ्नो सुरक्षित स्थान कायम गर्न सफल हुँदै आएको छ । विशेष गरी पहाडका कुना-कन्दरा, लेक-वेसी, खोला-नाला, खेत-बारी, पाखा-पखेरा, पानी-पँधेरा जस्ता ठाउँहरूमा गुन्जने लोकगीतले शिक्षित, अशिक्षित, बालक-वृद्ध, युवा-युवती आदि सबै वर्गका मानिसको मन छुनलाई सफल भएको हुँदा नेपाली लोकगीतको क्षेत्र पनि व्यापक र विशाल बन्न पुगेको छ ।

हालको नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गोरखा जिल्लाको दक्षिण पश्चिम भागमा पर्ने छोप्राक गा.वि.स को पूर्वमा गाँखु गा.वि.स. र गोरखा नगरपालिका पर्दछन् भने पश्चिममा र आँपपिपल हर्मी  गा.वि.स. पर्दछन् । यो गा.वि.स. मध्यपहाडी भू-भाग अन्तर्गत पर्दछ भने समुद्र सतहदेखि २५०० मी. सम्मको उचाईसम्म उचालिएको छ । त्यसैले यस गा.वि.स.को भू-गोल गाउँ-वेसी, भीर-पाखा, खोला-नाला र देउराली-भञ्ज्याङ्गको समिश्रण भएकोबाट निर्माण भएको छ । धरातलीय स्वरूप जस्तैः जाति, भाषा, संस्कृति र परम्पराले विविधतापूर्ण छ ।

छोप्राक गा.वि.स. नेपाली लोकगीतको सन्दर्भमा उर्वर नै मानिन्छ । विभिन्न संस्कृति एवं परम्परागत मूल्यमान्यताको अस्तित्त्व पाइने यस क्षेत्रमा नेपालको मध्य पहाडी क्षेत्रमा पाइने सबै

जसो लोकगीतहरू प्रचलनमा रहेको देख्न पाइन्छ । बाहुन, क्षेत्री, गुरुङ्ग, मगर, नेवार, दमाइ, कामी, सार्की जस्ता जातीहरूको विशेष बाहुल्यता रहेको यस भेगमा समसामयिक र सदाकालीन गरी दुई प्रकारका लोकगीतहरू पाइन्छन् । समसामयिक लोकगीत अन्तर्गत ऋतुगीत, पर्वगीत, श्रम गीत, संस्कार गीत र धार्मिक गीत यहाँ बढी प्रचलित छन् भने सदाकालीन गीतहरूमा झ्याउरे, ठाडो भाका, चुट्का, भजन र शीशु गीतहरू छन् । प्रस्तुत अध्ययन पत्रका नेपालको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने गोरखाजिल्लाको छोप्राक गा.वि.स.मा प्रचलित लोकगीतहरूको विश्लेषणात्मक अध्ययनलाई प्रस्तुत गरिएको छ ।

## १.२ समस्या कथन

नेपाली लोक साहित्यमा गोरखा जिल्लाको छोप्राक गा.वि.स. मा पाइने लोकगीतहरूको आफ्नै महत्त्व छ । यस भेकमा गुञ्जने लोकगीतहरूको गोरखाका अन्य भेकमा पाइने गीतहरू भन्दा तात्त्विक रूपमा फरक छैनन् । छोप्राक भित्रका लोकगीतहरू अध्ययन गर्दा निम्नलिखित समस्यालाई आधार बनाइएको छ :

क. छोप्राक गा.वि.समा लोकगीतहरू के कस्ता छन् ?

ख. छोप्राकमा प्रचलित लोकगीतहरू प्रकार/स्वरूप के कस्ता छन् ?

ग. लोकगीतको के कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ शोध कार्यको उद्देश्यहरु

क. छोप्राकमा प्रचलित लोकगीतको परिचय दिनु,

ख. सम्बन्धित क्षेत्रमा प्रचलित लोकगीतको विश्लेषण गर्ने ।

## १.४ पूर्व कार्यको समीक्षा

नेपाली लोकगीतको विकासक्रममा छोप्राक गा.वि.स. मा प्रचलित लोकगीतहरूको योगदानलाई कम आक्न मिल्दैन । किनभने ऐतिहासिक नेपालको नवनिर्माण र इतिहास महत्त्वपूर्ण घटनाहरूमा गोरखा जिल्ला जोडिए जस्तै सदरमुकामको नजिकै रहेको यो गा.वि.स.ले लोक जीवनका हरेक क्षेत्रमा समयअनुसार आवश्यक योगदान पुऱ्याएको पाइन्छ । त्यस्तै यस भेकका गुरुङ्ग, कुमाल र बराम संस्कृतिभित्रका लोकगीहरूले राष्ट्रिय रूपमा नै चर्चा पाएका छन् । हालको अवस्थालाई हेर्दा पनि यस भेकका कैयौँ राष्ट्रिय स्तरमा पुगेका लोक कलाकारहरू

चर्चाको शिखरमा पुगेका छन् । यस भेकका लोकगीतको बारेमा विभिन्न फुटकर कृतिहरू, लेख, रचनाका साथै विश्वविद्यालयका शोधार्थीहरुले पनि यहाँका लोकगीतहरुलाई आधार बनाएर शोधकार्य सम्पन्न गर्दै आएका छन् । यसरी नेपालको लोकगीतको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गर्न सफल भएका छोप्राक गा.वि.स को लोकगीतहरूको संकलन, वर्गीकरण र अध्ययन कार्यलाई यहाँ पूर्वकार्य कति भएका छन् ? संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ ।

धर्मराज थापाले 'गण्डकीको सुसेली' (२०३०) नामक कृतिमा गण्डकी अञ्चलमा लमजुङ्ग, गोरखा, तनहुँ, कास्की, मनाङ्ग र स्याङ्जा जिल्लामा पाइने र गाइने लोकगीतहरूको बारेमा चर्चा गरेका छन् । यसै क्रममा उनले गोरखा जिल्लामा प्रचलित लोकगीतको पनि चर्चा गरेका छन् । तर छोप्राक गा.वि.स.को छुट्टै चर्चा भने गरेका छैनन् । तैपनि गोरखा जिल्लाको चर्चा गर्ने क्रममा छोप्राक गा.वि.स. को पनि प्रतिनिधित्व भएको मान्न सकिन्छ ।

दिनबन्धु पण्डित (२०५४) ले गोरखा जिल्लाको साहित्य शोधपत्रमा यस जिल्लाको साहित्यिक इतिहास लेखेका छन् । लोकगीत र लोकसाहित्यको सामान्य चर्चा पनि गरेका छन् । छोप्राक गा.वि.स. लाई पनि उल्लेख गरेका छन् । तर अध्ययनको क्रममा यति धेरै लोक भाका र लयको खानी भएको गा.वि.स. लाई केन्द्रविन्दु मानेर चर्चा गरेका छैनन् ।

तुलसीमान श्रेष्ठ (२०५०) ले आफ्नो 'गोरखा जिल्लाको लोकगीत' नामक लघु अनुसन्धानमा छोप्राक सेरोफेरोका लोकगीतलाई सामान्य परिचय दिएका छन् । तर यस भेकका चर्चित लोक भाकाको बारेमा खासै उल्लेख गर्न भ्याएका छैनन् ।

ऋषिराम देवकोटा (२०५२) ले 'लिग लिग भेकका पर्वगीत' शीर्षक शोध कार्य गरेको त्रि.वि. का त्यस शोधपत्रमा छोप्राक भेकका पर्वगीत भनेर उल्लेख गरेता पनि यहाँ प्रचलनमा रहेको पर्वगीतहरूको लेखाजोखा गर्ने कार्य भने भएको पाइदैन ।

पुण्यकुमारी सिलवाल (२०६२) ले 'गोरखाली लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण' (अप्रकाशित शोधपत्र) गोरखाजिल्लामा प्रचलित लोकगीतहरूको अध्ययन गरेकी छिन् । यस ग्रन्थमा गोरखा जिल्लालाई आधार मानेर लोकगीतको संकलन, वर्गीकरण र विश्लेषण गरिएको भए पनि छोप्राकभित्रका लोकगीतको बारेमा यस ग्रन्थले चर्चा गर्न भ्याएको देखिदैन ।

यस गा.वि.स. मा ख्यातिप्राप्त लोक गायक/गायिकाहरू प्रशस्तै रहे तापनि यहाँको लोकगीतको बारेमा योजनाबद्ध अध्ययन भने भएको पाइदैन । यहाँका परम्रादेखि चल्दै आएको भजन, झ्याउरे गीत र ठाडो भाका निकै चर्चित छन् । लोकप्रिय पनि छन् । यी गीतहरूको सामान्य चर्चा भएर मात्रै पुग्दैन, यसको व्यापक अध्ययन र अनुसन्धानको जरुरी छ ।

यसरी हालसम्मको गतिविधिहरूलाई हेर्दा छोप्राक गा.वि.स. मा प्रचलित लोकगीतको बारेमा फुटकर लेख रचना प्रकाशित हुनुको साथै सामान्य रूपमा मात्र चर्चा परिचर्चा हुँदै आएको पाइन्छ । यस्तो अवस्थामा यस गा.वि.समा प्रचलित लोकगीतको बारेमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा गरिएका अध्ययन एवं अनुन्धान कार्यलाई नै यहाँ पूर्वकार्यको समीक्षाको रूपमा प्रस्तुत गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत अध्ययन कार्यको मुख्य उद्देश्य गोरखाजिल्लाको छोप्राक गा.वि.स.का प्रचलित लोकगीतहरूको संकलन गरी तिनीहरूको अध्ययन गर्नु हो । यो कार्य प्राज्ञिक एवं अनुसन्धानको दृष्टिले औचित्यपूर्ण छ । यस भेकमा प्रचलित लोकगीतहरूको अध्ययन र अनुसन्धान गरी यहाँका रीतिस्थिति, भेषभूषा, चालचलन, चाडपर्व र सामाजिक गतिविधिहरूको बारेमा जानकारी लिन खोज्नेलाई र छोप्राकको लोकसंस्कृति एवं लोक साहित्यको अध्ययन र अनुसन्धान गर्न चाहनेलाई यो शोधकार्यले लाभ पुऱ्याउने छ । त्यस्तै जिल्लाभित्र र बाहिरका लोकगीतहरूको बीचमा तुलनात्मक अध्ययन गर्न समेत यस्तो अध्ययनले सहयोग पुऱ्याउने हुँदा यो शोधग्रन्थको औचित्य एवं महत्त्व रहेको छ ।

## १.६ शोधकार्यको सीमा

गोरखा जिल्लाको दक्षिणी पश्चिम भेकमा रहेको छोप्राक गा.वि.स मा प्रचलनमा आएका लोकगीतहरूको संकलन, वर्गीकरण र विश्लेषणमा नै प्रस्तुत शोधकार्य केन्द्रित छ । त्यसकारण यो शोधपत्रले सिङ्गो गोरखाजिल्ला र यसभित्रका अन्य गा.वि.स.लाई समेत नहेरी छोप्राक गा.वि.स. भित्र मात्र केन्द्रित रहेर आफ्नो अध्ययनलाई अगाडि बढाइएको छ ।

## १.७ शोध विधि

### १.७.१ सामग्री संकलन विधि

प्रस्तुत शोधकार्यको सामग्री संकलन गर्ने क्रममा क्षेत्रीय पद्धतिलाई उपयोग गरिनेछ । यस क्रममा सम्बन्धित लोकगीत गाइने प्रमुख क्षेत्रमा नै स्थलगत भ्रमण गरी त्यहाँका स्थानीय विभिन्न उमेरका लोक सदस्यलाई भेटेर उनीहरूलाई गीत गाउन लगाएर आवश्यकताअनुसार गीतहरू संकलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

प्रस्तुत शोधकार्यका लागि संकलित सामग्रीको विवेचना एवं विश्लेषण गर्ने क्रममा ऐतिहासिक र विश्लेषणात्मक पद्धतिलाई आधार बनाइएको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्ने उद्देश्य अनुरूप निम्नानुसार पाँच अध्यायमा विभाजन गरिनेछ ।

(क) अध्याय एक : शोधपत्रको परिचय

(ख) अध्याय दुई : लोकगीतको सैद्धान्तिक परिचय

(ग) अध्याय तीन : छोप्राक गा.वि.स मा प्रचलित लोकगीतहरू

(घ) अध्याय चार : छोप्राक गा.वि.स का लोकगीतको विश्लेषण

(ङ) अध्याय पाँच : निष्कर्ष ⁄ उपसंहार

प्रस्तुत अध्ययन पत्रको अध्ययन एकमा शोध परिचय दिइएको छ । यसको दोस्रो अध्ययनमा लोकगीतको सैद्धान्तिक परिचय दिने कार्य भएको छ । त्यस्तै तेस्रो अध्ययनमा छोप्राक गा.वि.स.को परिचय दिदैँ यस क्षेत्रमा गाइने लोकगीतहरूलाई जन्म, ऋतु, धार्मिक र बाह्रमासे गरेर चार भागमा विभाजन गरी उल्लेख गर्ने कार्य भएको छ । चौँथो अध्ययनमा सामाजिक, आर्थिक लगायत विभिन्न आधारमा लोकगीतहरूको विश्लेषण गर्ने कार्य भएको छ भने अन्तिम तथा पाँचौ अध्ययनमा उपसंहारको रूपमा सारांश र निष्कर्ष प्रस्तुत गर्ने कार्य भएको छ ।

## अध्याय दुई

## लोकगीतको सैद्धान्तिक परम्परा

### २.१ पृष्ठभूमि

लोक शब्द अंग्रेजी भाषाको 'फोक' (Folk) बाट समानार्थी रूपमा प्रयोग गरिएको शब्द हो । यो शब्दको प्रचलन इ.साको चौधौ शताब्दीदेखि हालसम्म पनि निरन्तर रूपले प्रयोगमा आइरहेको पाइन्छ । वेदका, ऋचाहरू, उपनिषद् र अठारौ शताब्दीमा तयार भएका ब्राम्हण ग्रन्धहरूको संहितामा समेत 'लोक' शब्दलाई व्यापक अर्थमा प्रष्ट पार्ने र स्वीकार गर्ने गरिएको छ । 'लोक' को सामान्य अर्थ जगत्, पृथ्वी एवं संसार भन्ने लाग्दछ । तर 'साहित्यमा यसको अर्थलाई वृहत् रूपमा उजागर गर्ने कार्य भएको हुँदा यसले मानव समाज भित्रको ग्रामीण परिवेशमा परम्पराको प्रवाहमा आफ्नो जीवनलाई निरन्तर अगाडि बढाउने ग्रामीण समुदायलाई बुझाउँछ ।[1]' यसरी हेर्दा 'लोक' शब्द संस्कृत शब्द हो । तर वैदिक संस्कृतमा यसको अर्थ विशेष रूपमा बुझ्न र बुझाउन प्रयास गरिएको छ । अर्थात् संवेदनशील र अनुभूति गर्न सक्ने जनसमुदाय[2] त्यसैले हाल आएर लोकशब्द एउटा पारिभाषिक शब्द बनेको छ । धेरैजसो विद्वान्हरूको मतमा यसलाई साधारण जीवन बाँचेका सर्वसाधारण नागरिकका रूपमा लिने गर्दछन् । जसभित्र जाती, वर्ग, धर्म, संस्कृति सबैलाई समेटिएको हुन्छ । लोक साहित्यमा 'लोक' शब्दले जनता वा सिङ्गो संसारको अर्थ ग्रहण गरेको हुन्छ । 'साहित्य' शब्दले देश र जनताको हितका लागि प्रस्तुत गरिएको शिष्ट तथा सभ्य अभिव्यक्ति नै लोक साहित्य हो भन्ने अर्थ प्रष्ट भएको छ । केही विद्वान्हरूको दृष्टिकोणमा लोक साहित्यलाई ग्राम साहित्य, अशिष्ट साहित्य एवं गँवारहरूको अभिव्यक्ति भन्ने आरोप पनि लागाइन्छ । वास्तवमा यसको वास्तविक प्रयोग गाउँमा नै हुन्छ । शिक्षितभन्दा अशिक्षित व्यक्तिहरूले नै यो साहित्यलाई सम्मान गर्दछन् । यसमा लोकतत्त्व प्रमुख रूपमा मुखाकृत भएको हुन्छ भने शास्त्रीयताको केही अभाव नै भेटिन्छ । लोक साहित्य भन्नाले समाजको मन मस्तिष्क अथवा प्राण स्वरूप मौखिक रूपले जीवित रहेको अलिखित भन्ने बुझ्न सान्दर्भिक हुन्छ । त्यसैले लोक तत्त्वलाई "ग्रामिण समाजको पुर्खाले छाडेर गएको साझा सम्पत्तिका रूपमा ग्रहण गरेको हुन्छ"[3]

यो साहित्य मौखिक परम्परामा हुर्केको साहित्य हो । कुन बेला, कसले कसरी सिर्जना गऱ्यो ? भन्ने कुराको बारेमा यसमा चर्चा हुँदैन । यो त लोकबाट आएको लोकको

[1] **ईश्वर बराल र अन्य (सम्पा) नेपाली साहित्यकोश काठमाडौँ रा.प्र.प्र.** (२०५५) पृ. ४३१

[2] धर्मराज थापा, गण्डकी सुसेली, काठमाडौँ रा.प्र.प्र, २०३०, पृ १३

[3] ईश्वर बराल र अन्य (सम्पा), पूर्ववत्, पृ. ४३१ ।

मनोभावनाको प्रष्फुटन भएको र लोकले नै फुलाएको तथा फलाएको मिठा अभिव्यक्तिको गुच्छा हो । यसमा लोक जीवनका सुसेलीहरू र क्रियाप्रतिक्रिया गुञ्जेका हुन्छन् । लोक जीवन बोलेको हुन्छ ।[४]

यसकारण लोक साहित्यमा हाँसो, आँसु, हर्ष, विस्मात्, सुख-दुःखका अभिव्यक्तिहरू मिसिएका हुन्छन् । लोक साहित्यको इतिहासलाई खोज्नुपर्दा भाषाको इतिहाससँग नजिक रहेर खोज्नुपर्ने हुन्छ । लोक साहित्य लोकको सहज र स्वच्छन्द अभिव्यक्ति भएको हुँदा लोकले सजिलैसँग ग्रहण गर्दछ । लोकमा रहने र सरल सुजीवनमा विश्वास गर्नेले यसको भाषा र भावनालाई सजिलै ग्रहण गर्दछ । अर्थात् ग्रामीण जीवनको मन मस्तिष्कलाई छिट्टै प्रभाव पार्ने हुँदा यसले मौखिक साहित्यिक खुराक नै लोक साहित्य हो ।[५] त्यसकारण गर्वसाथ भन्न सकिन्छ, लोक साहित्य लोक जीवनबाट कहिल्यै नहराउने, ननासिने, अमर र साझा सम्पत्ति हो । यसको अध्ययन गर्दै जाँदा जुन देश लोक साहित्य हो । त्यस देशको जाति, धर्म, समाज, संस्कृति र देशकै छवि यसमा झल्केको पाइन्छ । यसरी लोक जीवनमा सरल शब्दको अभिव्यक्ति र लोकको अनुभूतिलाई सरल शैलीले वाणीगत रूपमा प्रस्तुत गर्न सकिने, अज्ञात रचनाकार, सधैँ परिवर्तन भइरहने, शास्त्रीय बन्धन नभएको, लोक मान्यतामा आधारित मानवजीवनका उकाली-ओराली, आँशु-हाँसो, हर्ष-विस्मात्, माया-प्रेम र सुख-दुःखका अनुभूतिहरू पस्कने मौखिक साहित्य नै लोक साहित्य हो भन्न सकिन्छ ।

लोक साहित्य सहज र स्वच्छन्द अभिव्यक्तिलाई पस्कने साहित्य भएको हुनाले यसका विभिन्न विधा र उपविधाहरू रहेका छन् । लोक साहित्यका विधा र उपविधालाई विभिन्न विद्वान्हरूले आ-आफ्नै शैली र पद्धतिको आधारमा विभाजन गरेका छन् । तर धेरैको मतसँग मिल्ने विभाजनमा यसलाई लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथा नै खास विधाका रूपमा मान्ने गरिएको छ ।

लोक जीवनले आफ्नो अनुभूति र मनोभावलाई पस्कने स्वतस्फूर्त रागात्मक अभिव्यक्तिलाई नै लोक गीत भन्ने चलन छ । लोकगीतमा हाम्रो लोकजीवनको आँसु-हाँसो, आशा-निराशा र जीवन यात्रालाई प्रस्तुत गरिन्छ । यसका साथै लोकको चालचलन, विधि-व्यवहार, आस्था र मान्यताका पुञ्जहरूलाई मौखिक रूपमा चित्रण गरिएका हुन्छन् । लोकको मनोभावना तथा विचारको श्रृङ्खलालाई मौखिक वा श्रुति परम्पराबाट एक कान, दुई कान,

---

[४] कृष्णप्रसाद पराजुली, “लोकसाहित्य, परिभाषा र लोकसाहित्यलाई छुट्याउने आधार”, **कुञ्जिनी**, (वर्ष ५ अङ्क ३, २०५४, पृ. १०१ ।

[५] धर्मराज थापा र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, (काठमाडौँ, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०४१), पृ. ३ ।

मैदान हुँदै जाने लयात्मक श्रुति परम्परासँग मिल्दो भाषिक संरचना लोक कविता हो । कुनै घटना, प्रसंग, दैवी प्रकोप र सामाजिक सन्दर्भ पारेर मौखिक परम्परामा सार्दै अगाडि बढाएको र पुस्तान्तर हुँदै आएको आख्यानात्मक गिती संरचना लोक गाथा हो । लोक भावना तथा विचारको मौखिक वा श्रुति परम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्य व्यापार एवं अनुकरणात्मक अवैयक्तिक भाषिक संरचनामा आधारित रहेर अज्ञात रचनाकारको कथनलाई आफ्नो भाषिक र सामाजिक परम्परा अनुरूप श्रुति परम्परा अनुसार सागर्मित शैलीमा प्रस्तुत गरिने आख्यान लोक कथा हो । लोक जीवनले आफ्ना अनुभवहरूलाई छुट्याएर परिष्कृत बनाउँदै मिठो शैलीमा प्रस्तुत गर्ने खारिएको अभिव्यक्ति तथा लोकोक्ति नै उखान टुक्का हो । यस्तै गरी आफ्ना जिज्ञासाहरूलाई समन गर्न मनोरञ्जनात्मक रूपले बौद्धिक कसरत गर्दै क्षमताको परीक्षण गर्ने हेतुले लोक जीवनमा प्रयोग गर्दै आएको लोकोक्तिलाई गाउँखाने कथा भनिन्छ ।

यसरी लोक साहित्यका विविध विधाहरू भए तापनि यो शोधग्रन्थ लोकगीतको अध्ययनमा केन्द्रित भएको हुँदा यहाँ लोकगीत कै अध्ययनमा मात्र सीमित रहनेछ ।

## २.२ लोकगीतको परिचय र परिभाषा

नेपाली लोक मानसमा प्रयोगमा हुने गरेका लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत सर्वव्यापक र लोकप्रिय विधा हो । अझ भनौ लोक साहित्यको सबैभन्दा महत्त्वपूर्ण क्षेत्र लोकगीत नै हो । लोक गीतमा 'लोक' र 'गीत' दुई शब्दहरू समस्त भएर प्रयोग भएका छन् । अंग्रेजी भाषामा प्रयोग हुने (Folk Song) को समानार्थी र समाज धर्मी शब्द लोकगीत हो । छिमेकी मुलुक भारतको बहुसंख्यक नागरिकले बोल्ने हिन्दी भाषामा लोकगीतलाई ३ वटा अर्थमा चर्चा गरेको भेटिन्छ । ती हुन् - लोकमा प्रचलित गीत, लोक निर्मित गीत र लोक विषयक गीत[६] । नेपाली वृहत शब्दकोषले लोकगीतलाई समाजमा परम्परादेखि चल्दै आएको र गाउँदै आएको गीत भनेर प्रस्तुत गरेको छ ।[७] यसरी लोकगीत ग्रामीण समाजमा बसोबास गर्ने जनताले आफै बनाएका र परम्परादेखि चल्दै आएका लोक जीवनको अभिव्यक्ति हो भन्न सकिन्छ । यो गीतलाई परिचय गराउने सन्दर्भमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा आ-आफ्नै शैलीमा परिभाषित गरेको पाइन्छ । नेपाली साहित्यकोषमा लोकगीतलाई यसरी परिभाषित गरिएको छ -

नेपाली लोक साहित्यको एउटा प्रमुख अङ्ग लोकगीत हो । यसलाई नेपालको प्राकृतिक कविता भन्ने पनि हुन्छ । यसले आफ्नो रूप र विधा आफै जन्माउँछ । यो सरल हुन्छ, सुवोध

---

६ धिरेन्द्र शर्मा, हिन्दी साहित्यकोष भाग ९ बाराणासी २०२०, पृ. ७५०
७ बालकृष्ण (अन्य सम्पा नेपाली वृहत शब्दकोष ने.रा.प्र.प्र. २०५८)

हुन्छ र लोकप्रिय हुन्छ । यसको कलेवरभित्र लोकको ऐना हुन्छ । यसकारण लोकगीत भनेको मानवको मन र भावनाबाट जन्मने कुरा हो । अत: लोकगीतमा कविता सिर्जन गर्ने कविको नाम उल्लेख हुँदैन । यसको संरचनामा पूर्व योजना पनि हुँदैन ।[८] त्यस्तै गरी भारतीय लोक साहित्यका विद्वान् परमारले भनेका छन् - लोकगीत परम्परा त्यो महानदी हो, जुन साना-साना नदीहरू मिलेर बनेको हुन्छ ।[९] नेपाली साहित्यका महाकवि लक्ष्मी प्रसाद देवकोटाले मुनामदनमा "सञ्जन वर्ग प्रति" भन्ने उपशीर्षकमा झ्याउरे भनी नगर हेला हे प्यारा सञ्जन" भन्दै लोकगीतको झ्याउरे लयलाई बढि महत्त्व दिएका छन् ।[१०] यस प्रकार भाव र लयले पूर्ण भएको तथा मानवको भित्रीमनबाट बाहिर स्वतन्त्र भएर प्रस्तुत हुने लयात्मक अभिव्यक्ति नै लोकगीत हो । वर्ल्ड युनिभर्सिटी इन्साक्लोपिडियाले लोक गीतलाई यस प्रकार परिभाषित गरेको छ । लोकगीत नाम विहीन साँगीतिक रचना हो, जो कुनै गाउँ वा क्षेत्र विशेषमा प्रचलित रहेको हुन्छ । यो कुनै कलात्मक संगीत तथा कुनै प्रशिक्षित रचनाकारको रचना भन्दा फरक हुन्छ । लोकगीत मौखिक रूपमा हस्तान्तरित भएको संगीत पनि हो । मुख्य गरी प्रेम प्रणय, लडाइँ झगडा, देश भक्ति, बालगीत, मद्यपानसम्बन्धी गीतहरूलाई लोकगीतको उदाहरणका रूपमा लिन सकिन्छ । लोकगीत गाउँदै नाच्दै र रमाइलो गर्दै गाउने गीत हो । अंग्रेजीमा गाइने "ब्यालेड" जस्तै लयवद्ध र नाच्नयोग्य तथा विशेषगरी लोकगीतमा सुरिलो मधुर गुणको विद्यमान हुने कारण बारम्बार 'टेक' अथवा गीत नै दोहोऱ्याए तापनि झन्झटिलो वा पट्यार लाग्ने खालको हुँदैन । वृहत रूपमा फैलिएका विभिन्न समुदायहरूको लोकगीतका समानतहले एउटा साझा परम्परा र गीत गाइएको कालको निर्देशन समेत गरिन्छ ।[११] लोकगीतका सन्दर्भमा धर्मराज थापा भन्दछन् - लोकानुभूति नै लोकगीत हो । जसले हृदयका उद्गारहरूलाई स्पष्ट र यथार्थ रूपमा प्रस्तुत गर्दछ । सुख दु:खले स्थानीयका अभिव्यक्ति लोकमा भनिएका हुँदा यसको नाम लोकगीत भयो । यसको माध्यमबाट नै मानव संगीतप्रेमीलाई संगीतको भावना जागृत गराउन सकिन्छ ।[१२] चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सफल भएको छ, लोकगीत ।

नेपाली लोकगीतका अध्येता सत्यमोहन जोशीले "लोकगीत भनेको त्यो संगीत वा गीत हो, जुन मानव समाजमा मातृभाषाको नाताले मानिसहरूमा नैसर्गिक रूपले सुख र दु:खको अनुभवमा दया, माया र प्रेमभाव अभिव्यक्त हुने हुनाले स्वयं उद्गारको रूपमा लयदार शैलीमा

---

८ ईश्वर बराल र अन्य सम्पा पूर्ववत, पृ. ४३६
९ श्याम परमार, भारतीय लोक साहित्य दिल्ली रोम कमल प्रकाशन, पृ. १९५४
१० लक्ष्मी प्र. देवकोटा मुनामदन काँठ, साझा प्रकाशन, २०५४, भूमिका
११ बर्न्ड युनिभर्सिटि अफ इन्साइक्लोपिडिया भोलम ६, पृ. १९२४-२५
१२ धर्मराज थापा गण्डकी सुसेली पूर्ववत पृ. भूमिका ।

काव्यमय शैलीमा निस्कन्छ ।"[१३] नेपाली लोक साहित्यका अर्का अध्येता काजीमान कङ्दवाले जनसमूहका सुख दु:खका भावनाहरूलाई लयदार भाषामा बगेका गीतलाई लोकगीत भनेका छन् ।[१४] त्यस्तै लोकगीत एउटा गतिशील विधा भएकोले यसको प्रवाह लोकमा हावा बहे झैं चारैतिर निरन्तर रूपमा प्रवाहित भइरहेको हुन्छ । यसको परिवेश पनि ज्यादै खुल्ला र सीमामुक्त छ ।[१५]

आर.डि. र एल.एन. ले "नेपाली लोकगीत नेपाली गाउँघरका भावुक हृदयको स्पन्दनशील लयदार कवितामा सामूहिक ध्वनि हो ।" भनेका छन् ।[१६] त्यस्तै कालीभक्त पन्तका अनुसार - कुनै दबाब र प्रभावमा नपरी स्वयं दु:खी वा प्रफूलित हृदयबाट प्रष्फूटित हुने अभिव्यक्ति लोकगीत हो ।[१७]

लोकगीत एउटै विषयवस्तु, एउटै स्वरलहरी र कुनै व्यक्ति विशेष तथा भू-खण्डमा मात्र सिमित नहुने हुँदा तिनलाई एउटै परिभाषामा समेट्न सम्भव हुँदैन । उपर्युक्त विद्वान्हरूका परिभाषामा पनि एकरूपता आउन सकेको छैन । कसैले अर्थलाई मान्यता दिएका छन् भने कसैले लयलाई वास्तवमा लोकगीत आफ्नो साँस्कृतिक परिवेश अनुरूप समकालीन सामाजिक चेतनाको लयात्मक रूपमा हुने अभिव्यक्ति हो ।

यसले निर्वैयक्तिकता, तीव्रता, गेयात्मकता, सरलता, मार्मिकता, रागात्मकता, विश्वव्यापकता आदि विशेषता बोकेको हुन्छ । बौद्धिकताको सञ्जालबाट लोकगीत टाढा नै रहेको हुन्छ भने यसमा हार्दिकताको वर्चस्व रहेको हुन्छ । यसमा भाषा लयात्मक हुन्छ । भावनाका साथै संगीतात्मकताको समन्वय पाइन्छ । यसै सन्दर्भमा समालोचक दयाराम श्रेष्ठ 'सम्भव' ले लोकगीतहरू आकारमा छोटा, गाउन र कथ्न सजिला, मनोरञ्जन दिन सक्ने र तुरुन्तै प्रभाव उत्पन्न गरी हसाउँन वा रुवाउँन सक्ने हुनाले सर्वसाधारणमा पनि यी लोकप्रिय बनेका छन् भन्ने धारणा राखेका छन् ।[१८]

यसरी सबै विद्वान्हरूको तर्फबाट परिभाषित भएको लोकगीतले केही न केही परिचय दिन खोजे तापनि लोकगीतको सबै पक्षलाई समेट्न सकेको देखिँदैन । सबै विद्वान्को परिभाषालाई समेटेर निष्कर्षमा पुग्नु पर्दा - लोकगीत समाजमा आदिकालदेखि मौखिक रूपमा भनिँदै र सुनिँदै सामूहिक रूपमा विचरण गर्दै आएको लोकको साझा सम्पत्ति हो र सामूहिक अभिव्यक्ति पनि हो

१३ सत्यमोहन जोशी, नेपाली लोकगीतका केही झल्का प्रगति वर्ष ३ अंक २, २०१, पृ. १४५
१४ काजीमान कन्दङ्वा नेपाली जनसाहित्य, काठमाडौँ, प्र.प्र. २०२, पृ. १७
१५ डा. राजेन्द्र पौड्याल, केही विचरण, काठमाडौँ, रञ्जु पौड्याल, २०६८, पृ. ३२
१६ नेपालका जाती, लोकगीत एक परिचय, काठमाडौँ, जगदम्बा
१७ कालीभक्त पन्त, हाम्रो लोक संस्कृति स्याङ्जा, लेखक, २०२८, पृ. १७ प्रकाशन, २०२३, पृ. ४२
१८ दयाराम श्रेष्ठ 'सम्भव', **प्रारम्भिक कालको** नेपाली साहित्य इतिहास र परम्परा, (काठमाडौँ: त्रि.वि. पाठ्यक्रम विकास)

। लोक समाजको प्रतिबिम्ब नै लोकगीत भएकोले यसमा लोक समाजका सुख-दुःख, हाँसो-आँसु, हर्ष-विस्मात्, घात-प्रतिघात, मिलन-विछोड, माया-प्रेम, विरह आदि भावहरू प्रतिविम्बित भएका हुन्छन् । लोकगीतमा समाजको यथार्थ चित्रण गरिएको हुन्छ । त्यसैले लोकगीत समाजमा सर्वाधिक चर्चित हुन पुगेको छ । लोकगीतको आत्मा भनेको लोकसंगीत हो र यो शास्त्रीय संगीतको मूलस्रोत पनि हो भनेर ठोकुवासाथ भन्न सकिन्छ ।"

जात र समाज अनुसार लोकगीतहरू प्रचलनमा आउने गरेको पाइन्छ । लोकगीत कै रूपमा हेर्दा खास बाहुन समाजमा सिलोक, कविता, भजन, किर्तन, संगिनी आदि प्रचलित छन् । त्यस्तैगरी गुरुङ्ग, मगरका समाजमा घाँटु, रोइला, सारङ्गी जस्ता गीत गाइन्छन् । तामाङ र शेर्पाहरूमा 'सेलो' गाइन्छन् । यसरी लोकगीत जाति, समाज र ठाउँ अनुसार फरक-फरक स्वरूपमा देखा पर्दै सम्बन्धित समाजको सुख दुःखको साथी बन्न पुगेको छ ।

## २.३ लोकगीतका विशेषता

लोक साहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत महत्त्वपूर्ण र लोकप्रिय विधा हो । समाजमा घट्ने जस्तोसुकै घटना, मानिसको रहनसहन तथा रीतिरिवाज, जीवनमा भोगिने विभिन्न अवस्था आदिको चित्रण लोकगीतमा गरिएको हुन्छ । लोकगीत कोमल तथा कठोर दुवै प्रकारको जीवन भोगाइबाट निस्कने कल्पना र यथार्थका विविध पक्षलाई समेटेको हुन्छ । नेपाली लोकगीत खेतीपातीमा व्यस्त हुँदा थकाइ मेट्ने साधनको रूपमा प्रयोग भएको हुन्छ । त्यस्तै घाँस-दाउरा जाँदा, गोठालो जाँदा, टारी खेतमा पानी कुरेर बस्दा, रामरमिता रमाइलो गर्नुपर्दा, आफ्ना मनका सुख दुःखलाई व्यक्त गर्न, चिन्तित भएको बेला मन बुझाउन लोकगीत गाउने गरिन्छ । लोकगीत केटाकेटीदेखि लिएर बूढाबूढीसम्मकाले निकै रुचिका साथ गाउने र सुन्ने गरेको पाइन्छ । केटाकेटी खेल्दा गीत गाएर रमाउने, युवायुवतीले मायाप्रीति साटासाट गर्ने र बुढ्यौलीमा परत्र सुधार्न लोकगीत गाइने गरिन्छ । आदिकालदेखि प्रचलनमा आएको लोकगीतको क्षेत्र व्यापक भएको हुनाले यसका विशषताहरू यति नै छन् भनेर ठोकुवा गर्न सकिदैंन । यहाँ लोकगीतका मुख्य विशेषतालाई निम्नानुसार बुदागत रूपमा चर्चा गर्न सकिन्छ :

### २.३.१ मौखिक परम्परा

लोकगीत लेख्य रूपमा नभएर मौखिक परम्परामा चल्ने लोकप्रिय विधा हो । लोकगीतलाई लिपिबद्ध गरेर संकलन गर्न सकिए तापनि रचना भने गर्न सकिदैन । लोकगीत एउटा पिँढीबाट अर्को पिँढी, एक जिब्रोबाट अर्को ऋतुमा सर्दै प्रवाहित हुँदै आउँछ । त्यसैले

लोकगीत गतिशील र परिवर्तनशील हुन्छ । मौखिक परम्परामा हुर्कनु र विस्तार हुनु लोकगीतको प्रमुख विशेषता हो ।

### २.३.२ अज्ञात रचनाकार

लोकगीतको रचनाकार को थियो ? भन्ने बारेमा कुनै निश्चितता हुँदैन । यो विधाले समयसीमालाई नाघेर निरन्तर प्रवाहमा बग्दै जान्छ । यसको स्रष्टा नेपथ्यमा नै छिपेर बसेको हुन्छ । त्यसैले लोकगीत कुनै व्यक्तिको रचना नभई लोकको रचना हो । गाउँले जीवनको मनोभावनालाई उजागर गर्ने यो विधा निकै गतिशील हुन्छ । समयको गतिसँगै एउटा पुस्ताबाट अर्को पुस्ता, एक ठाउँबाट अर्को ठाउँ सर्दै जाँदा यसले आफूलाई लगातार परिवर्तन गरिरहेको हुन्छ । परिवर्तन हुँदै आए तापनि यसको मूल भावनामा भने आमूल परिवर्तन हुँदैन । त्यसैले लोकगीतको रचयिता अज्ञात हुन्छ र प्रत्येक पुस्ता तथा भेकमा सर्दा यसको बाहिरी र आन्तरिक कलेवरमा समेत परिवर्तनहरू देखा पर्दछन् । लोकगीत पहिलेदेखि नै लिपिबद्ध नहुने हुँदा यसको रचनाकार वा गीतकार अज्ञात रहनु पनि मुख्य विशेषता नै हो ।

### २.३.३ सामूहिक भावनाको उजागर

लोकगीत सामूहिक जीवनको अभिव्यक्तिको माध्यम हो । यसमा कुनै साँध, सिमाना र बन्धन हुँदैन । एक ठाउँमा चलेको लोकगीत एउटा व्यक्तिसँग मात्र नभएर त्यो समाजको सामाजिक सम्पत्ति हुन्छ । लोकगीत जोसुकैले गाओस्, पिडा र उल्लास भने सामूहिक रूपमा नै प्रभाव भएको हुन्छ । लोकगीतमा मानवीय भावनालाई सामूहिक रूपमा नै व्यक्त गरिएको हुन्छ । बौद्धिक भन्दा हार्दिक पक्षलाई जोड दिनु पर्ने भएको हुँदा लोकगीत निकै लयदार हुन्छ । त्यस्तै लोकगीत सामाजिक उपजमा आधारित भएर प्रष्टन हुने भएको कारणले यसमा सामाजिक भावभूमि लुकेर रहेको हुन्छ । त्यसैले लोकगीत व्यक्तित्वविहीन हुन्छ र यसले व्यक्तित्व भन्दामाथि उठेर सामूहिकताको निर्माण भएको हुन्छ ।

### २.३.४. सहजता र स्वभाविकता

लोकगीतले जुनसुकै अवस्थामा पनि लोक भावनालाई समेटेको हुन्छ । लोकगीत सिर्जनामा पनि कठिनाई पर्दैन । यो स्वतस्फूर्त रूपमा सिर्जित भएको हुन्छ । त्यसैले लोकगीतले समाज र जातिको जीवित इतिहास हो । यो क्षणिक आवेश र सस्तो मनोरञ्जनको साधनमात्र होइन, लोकगीतमा किशोर किशोरीको र युवायुवतीको प्रेम, उल्लास र वेदना प्रष्फुटन भएको

हुन्छ ।[१९] लोक गीतमा मानिसको कानलाई मात्र होइन, मनलाई पनि सुख र प्रेरणा दिन सक्ने क्षमता लुकेको हुन्छ ।[१९] यसको अभिव्यक्तिको आधार पनि लोक भावनालाई अँगालिने सहजता र सरलता नै हो । त्यसकारण प्रत्येक समाज र जातिको जीवित इतिहास सहज र स्वाभाविक रूपमा लोकगीतभित्र अभिव्यक्त भएको हुन्छ ।

### २.३.५ मौलिकता र सरलता

लोकगीत स्वभावैले स्वच्छ, सरल र सरस हुन्छ । यदि यस्तो हुँदैनथ्यो भने लोक मानसले सहज रूपले पचाउँन सक्दैनथ्यो । लोकगीतमा प्रयोग भएको भाषामा आफ्नोपन र विशेषता रहेको हुन्छ । यस प्रयोग भएको भाषामा आफ्नोपन र विशेषता रहेको हुन्छ । यसमा प्रयोग हुने लय र तालले सबैको हृदयलाई छुन सकेको हुन्छ । त्यसकारण लोकगीत मौलिकपनाले छताछुल्ल रहेको हुन्छ । यसमा पूर्व निश्चित सिद्धान्त र बनावटी कुरालाई प्रस्तुत गर्न मिल्दैन । जस्तो अवस्था छ, त्यस्तै प्रकारको लोकगीत प्रष्फुटन हुने गर्दछ । यही विशेषताले लोकगीतको भाव सजिलै बुझ्न र ग्रहण गर्न सकिने हुन्छ ।

### २.३.६ प्राकृतिक चित्रण

लोकगीतले प्रकृतिसँग प्रत्यक्ष सम्बन्ध गाँसेको हुन्छ । प्राय: लोकगीतको पहिलो लहरमा प्रकृतिको चित्रण र दोस्रो लहरमा अर्थयुक्त सारभूत कुरा व्यक्त भएको हुन्छ । वर्षभरिका विभिन्न ऋतृमा देखिने प्रकृतिका विभिन्न दृश्यलाई लोकगीतका वर्णन गरिएको हुन्छ । बसन्तको हरियाली, वर्षाको झरी, बादल, बिजुली, खोला, भीर, पाखा आदिको वर्णन गरिएको हुन्छ । प्रकृतिसँग तादात्म्य भई हार्दिक अभिव्यक्ति पोख्ने क्रममा आफ्ना आँखाले देखेका र भोगेका कुरालाई लोकजीवनले टिपेर गयात्मक रूपमा प्रकट गर्दछ । जे होस् लोकगीतका प्रकृतिको चित्रण व्यापक रूपमा भएको हुन्छ ।

### २.३.७ प्रश्नोत्तर

लोकगीतमा प्रश्नोत्तर प्रवृत्ति पनि रहेको हुन्छ । झ्याउरे, युगल गीत, प्रश्नोत्तर प्रधान लोकगीत हुन् । एक पक्षले प्रश्न गर्ने र अर्को पक्षले उत्तर दिने गर्दछ । सुन्नेहरूलाई अब के उत्तर आउँछ ? भन्ने जिज्ञासा र कौतुहलता जतिबेला पनि सिर्जना भएको हुन्छ । यी प्रश्नोत्तर प्रधान गीतमा सिधा प्रश्न र उत्तरहरू हुने गर्दछन् । ती सहज भएर रागात्मक शैलीमा

[१९] बासदेव त्रिपाठी, सिवाकोलन, काठमाडौं, साझा प्रकाशन २०३१, पृ. ३

सामाजिक भावनासँग सम्बद्ध हुन्छन् । दोहोरी गीत गाउँदा प्रश्नोत्तर शैली अत्यन्त छोटो हुन्छ । धेरै समय नलाग्ने, गाइरहूँ जस्तो लाग्ने र सुनिरहूँ जस्तो लाग्ने लोकगीतको विशेषता हो ।

### २.३.८ स्वच्छन्दता

लोकगीत लोकजीवनको सहजानूभुति र हार्दिकताको दोभान हो । यो कुनै पनि नियम र शास्त्रीय विधानको विधिले बाँधिएको हुँदैन । बरु लोक जीवनले आफै गति, यति र लयमा उनेर प्रवाहित गरिरहेको हुन्छ । लोकगीतलाई कुनै नियम र बन्धनमा बाँध्नु पनि उचित होइन । लोक जीवनको अनुभूतिमा आधारित हुने भएकोले लोकगीतको लय पनि लोकजीवन मै समाहित भएको हुन्छ । यिनै विविध कारणहरूले गर्दा लोकगीतको अभिव्यक्ति स्वच्छन्द हुन्छ ।

### २.३.९ पुनरावृत्ति र थेगोको प्रयोग

लोकगीतको हरेक चरणमा भइरहने पुनरावृत्तिलाई 'टेक', रिटेक आदि भन्ने चलन छ । लोक गीतमा प्राय: पहिलो पंक्तिलाई दोहोऱ्याएर गाइने गरिन्छ । गाउने क्रममा विभिन्न थेगोहरू प्रयोग गरिन्छन् । यसलाई रहनी पनि भन्ने गरिन्छ । यसको प्रयोगले लोकगीतलाई सरल र सरस बनाउने गर्दछ ।

यसरी माथि बुँदागत रूपमा प्रस्तुत गरिएका विशेषताहरू नै नेपाली लोकगीतका खास विशेषताहरू हुन् । खास गरी लोक जीवनका विविध वस्तुहरूलाई टपक्क टिपेर लयात्मक रूपमा सजाउँदै लोकगीतको निर्माण गरिने हुँदा यिनै विशेषतालाई खास विशेषताको रूपमा चर्चा गरिएको हो । यी बाहेक स्थानीयताका आधारमा अन्य विशेषताहरू पनि थप्न सकिने हुन्छ ।

## २.४ लोकगीतका तत्त्वहरू

लोकगीत लोक साहित्यको श्रव्य विधा हो । परम्परादेखि मौखिक रूपमा प्रस्तुत हुँदै आएका लोकगीतहरूले सामाजिक जनजीवनका विभिन्न अनुभूति, विचार र चिन्तनलाई कलात्मक रूपले अभिव्यक्त गर्दैछन् । कुनै पनि विषयलाई लयमा हालेर संगीतमय रूपमा प्रस्तुत गरिनु लोक गीतको मौलिक पहिचान हो । लेख्य साहित्यमा लोकगीतले लिने गरेको छ । सामान्य रूपमा गीत र कविता समान देखिन्छन् । त्यसैले धेरै विवेचकहरूले कवितालाई विश्लेषण गर्ने आधारलाई नै मुख्य ठानेर लोकगीतको विश्लेषण गर्ने आधार तय गरेका हुन्छन् । यो गलत चिन्तन हो । लोकगीत लोकको संगीत हो । यसको संरचना कविताको भन्दा फरक प्रकारको

हुन्छ । संगीत शास्त्रीय तत्त्वका आधारमा लोकगीतको संरचनालाई केलाउँदा लोकगीत भित्र निम्न पाँच तत्त्वहरू समावेश भएका हुन्छन् ।[२०]

### २.४.१ **कथ्य तथा विषयवस्तु**

कवितामा जस्तै लोकगीतमा पनि भाव वा विषयवस्तुको संयोजन भएको हुन्छ । लोक जीवनमा मानिस आफैले देखे भोगेका कुनै पनि विषयलाई आ-आफ्नै अनुभूतिका आधारमा व्यक्त गर्दछन् । जीवनमा आइपर्ने सुख-दुःख, मिलन-विछोड, आँसु-हाँसो, उकाली-ओराली आदिको अनेकौं विषय वा भाव लोकगीतमा प्रकट भएका हुन्छन् । लोकगीतको एउटै पंक्तिमा पनि जीवनको सच्चा अभिव्यञ्जना गर्न सक्ने सामर्थ्य हुन्छ । यसरी लोकगीतमा विषय वा भाव पक्षले प्रमुख भूमिका खेलेको हुन्छ । जसले गर्दा लोकगीत बढी कर्णप्रिय, गतिशील र भावपूर्ण बन्न जान्छ ।

### २.४.२ **भाषा**

नेपाली लोकगीत यहाँको ग्रामीण जीवनको वास्तविक अभिव्यक्ति हो । त्यसैले यसको भाषा पनि ग्रामीण जीवनको बसोबासमा महत्त्वपूर्ण छ । थेगो र रहनीलाई फरक-फरक हुन्छन् भन्ने मतहरू पनि पाइन्छन् । थेगोमा एक वा दुई शब्दमात्र हुन्छन् । ती शब्द अर्थपूर्ण र निरर्थक पनि हुन्छन् । जस्तै ए कान्छी, ए साईली, निरमया, लालुमै, बरिलै, च्याट्टै जस्ता शब्दहरूलाई थेगोको रूपमा लिइन्छ ।

### २.४.३ **स्थायी अन्तरा थेगो**

लोकगीतमा पटक - पटक दोहोरिएर आउने भागलाई स्थायी भनिन्छ । गीत गाउँदा भट्याउनेहरुले यसलाई भट्याइ रहन्छन् । यसलाई टेको वा रिटेक पनि भनिन्छ । त्यस्तै स्थायी अन्तराको साथ साथै गीतमा क्रमस : आइरहने नयाँ-नयाँलाई आवश्यकताअनुसारका अन्तराले छुट्याइएको हुन्छ । अन्तराहरु दोहोरिएर आउदैनन् । यसरी स्थायी अन्तराले लोकगीतमा महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

लोकगीतमा थेगो र पुनरावृत्तिलाई पनि तत्त्वका रुपमा लिइन्छ । गीतको बोलअनुसार थेगो र पुनरावृत्ति भएको पाइन्छ । थेगोलाई रहनी तथा टेको पनि भन्ने गरिन्छ । लोकगीतमा बारम्वार थेगोको आफ्नै महत्त्व छ । थेगो र रहनीलाई फरक-फरक हुन्छन् भन्ने मतहरु पनि पाइन्छन्

[२०] मोतिलाल पराजुली लोकगीतको संरचना, कुञ्जिनी, काठमाडौं, वर्ष ११, अंक ८, पृष्ठ २५

। थेगोमा एक वा दुई शब्द मात्र हुन्छन् । ती शब्द अर्थपूर्ण र निरर्थक पनि हुन्छन् । जस्तै ए कान्छी, ए साइँली, निरमाया, लालुमै, बरिलै, च्याट्टै जस्ता शब्दहरुलाई थेगोको रुपमा लिइन्छ ।

### २.४.४ लय वा भाका

लोकगीतलाई व्यक्त गर्ने माध्यम लय वा भाका नै हो । भिन्न प्रकारका लोकगीतहरूको भाका वा लय फरक-फरक हुन्छन् । लोकगीत गाउने खास शैली नै भाका हो । लोकगीतमा आउने परिवर्तनलाई भाका परिवर्तन भनिन्छ । थेगोको आधारमा ए ठूली ! भाका, निरमाया भाका, नैनारेसम भाका, सालैजु भाका, चाहना कम्पनी भाका, निरजाले भाका, पियारी भाका आदि प्रचलित छन् । एउटै गीतलाई पनि विभिन्न लय र चरणहरू भाकामा गाउने गरेको पाइन्छ । लय भन्नु नै लोकगीतलाई व्यक्त गर्ने माध्यम हो । यसले गर्दा लोकगीतमा मिठास थपिन्छ । लयको हिसाबले लोकगीतहरू द्रूत, मध्य र विलम्बित गरी तीन प्रकारका भेटिन्छन् ।

### २.४.५ संगीत

लोकगीतको संरचनालाई व्यवस्थित बनाउने एक महत्त्वपूर्ण तत्त्व संगीत हो । ध्वनि तरंगहरूलाई आपसी मेल गराएर लय उत्पन्न गराई स्वरलाई आनन्ददायी बनाउन लयले सहयोग पुऱ्याएको हुन्छ । संगीतले ध्वनिहरूलाई संगठित बनाउँछ । लोकगीतका संगीत सामान्यतया: दुई किसिमबाट निर्माण हुन्छ । ती हुन् आन्तरिक संगीत र बाहिरी संगीत । गीतमा प्रयोग हुने ध्वनि तरंगहरूको आपसी मेल गराएपछि उत्पन्न हुने लय र आनन्ददायक शाब्दिक अभिव्यक्ति आन्तरिक संगीत हो । गीत गाउनमा यस्ता ध्वनि तरंगहरूले श्रुति मधुरता र श्रोताहरूलाई मन्त्रमुग्ध पनि पार्दछन् । बाह्य संगीतको अभावमा पनि भाषिक प्रस्तुतीको आधारमा संगीत प्रदान गरिने हुँदा लोकगीतमा आन्तरिक संगीतको विशिष्ट महत्त्व हुन्छ ।[२१]

माथि प्रस्तुत गरिएका तत्त्वहरूलाई लोकगीतका अनिवार्य तत्त्वको रूपमा लिइन्छ । यी तत्त्व मध्ये कुनै एक तत्त्वको अभावमा लोकगीत पूर्ण र व्यवस्थित हुन सक्दैन । त्यसकारण लोकगीतलाई प्रभावकारी बनाउन र स्रोताहरूलाई मुन्त्रमुग्ध बनाउनको लागि पनि आन्तरिक तथा बाह्य रूपबाट लोकगीत यी सबै तत्त्वहरूको समायोजनबाट निर्माण गरिएको हुन्छ ।

[२१] मोतीलाल पराजुली लोकगीतको संरचना पूर्ववत्, पृ. २६

## २.५ लोकगीतको महत्त्व

कुनै पनि समाजमा देश, काल र परिस्थिति अनुरूप लोकगीतको महत्त्व निकै रहेको हुन्छ । साहित्य विकासको पहिलो खुट्किलो लोक साहित्य नै हो । यसमा सबैभन्दा जेठो विधा लोकगीत हो । समाजका राम्रा-नराम्रा घटनाहरू, समाजको आँसु-हाँसो, माया-प्रेम, आस्था, धारणा आदि मानवीय अनुभूतिहरू लोकगीतमा प्रष्फुटन हुने हुँदा यसको महत्त्व अवर्णनीय छ । लोकगीतले समाजको हरेक पक्षलाई छोएको र उतारेको हुन्छ । कुनै पनि देशको इतिहास निर्माणमा लोकगीतको महत्त्वपूर्ण भूमिका हुन्छ । पुर्खादेखि चलेका चलनहरू, भोगेका सुख-दुःख, रीतिस्थिति र प्रमुख घटनाहरूको वर्णन लोकगीतमा रहँदै आएका छन् । लोकगीतको माध्यमबाट त्यस समाजमा प्रचलित भाषाको अध्ययन गर्न सजिलो हुन्छ । लोकगीतमा झर्रा तथा ठेट शब्दहरूको प्रयोग गरिने हुँदा गीतमा प्रयोग भएको भाषाको स्तर निर्धारण गर्न पनि लोकगीतले सहयोग पुऱ्याएको हुन्छ । त्यस्तै गरी समाजको सामाजिक र साँस्कृतिक पक्ष पनि लोकगीतले उजागर गरेको हुन्छ । समाजका विभिन्न जाति, रहनसहन, सामाजिक तथा मानवीय क्रियाकलाप उनीहरूले गाउने लोकगीतहरू पाइन्छ । यसरी लोकगीतले सामाजिक जीवनको चित्रण गर्ने, समाजलाई एकजुट बनाउने र सामाजिक परम्परालाई बलियो पार्ने कार्य गर्ने भएको हुँदा समाजमा लोकगीतको ठूलो महत्त्व छ ।

## २.६ लोकगीतको वर्गीकरण

लोकगीत लोक साहित्यको महत्त्वपूर्ण र सम्पन्न विधा हो । त्यसैले यसको क्षेत्र पनि ज्यादै व्यापक छ । यसर्थ यसको वर्गीकरण गरेर विभाजन गर्ने अठोट गर्नु निश्चय नै कठिन कार्य हो । लोकगीतको अध्ययन र अनुसन्धान गर्ने क्रममा धेरै विद्वान्हरूले आफ्ना राय र तर्कहरू प्रस्तुत गरेका छन् । तर्कसँगै वर्गीकरण गर्ने चेष्टा समेत गरेका छन् । अन्य देशहरूमा लोकगीतका बारेमा वृहत् अध्ययनहरू भइसकेको भए तापनि नेपालमा भने आझै व्यापक रूपमा खोजी हुन सकेको छैन । त्यसकारण नेपालमा प्रचलित लोकगीतहरूको वैज्ञानिक अध्ययन हुन नसकेको कारणले यसको खोजकर्ता तथा अध्येताहरूले आ-आफ्नै तरिकाबाट वर्गीकरण गरेका छन् । लोकगीतभित्र विविधता, नविनता र बहुरूपता देखिने भएको हुँदा यसको वर्गीकरणमा कुनै पनि विद्वान्ले आफूभन्दा पहिलेका विद्वान्हरूले गरेका वर्गीकरणलाई आलोचना गर्दै आफ्नो धारणा अनुसार नयाँ वर्गीकरण पेश गरेका छन् । तर कुनै पनि विद्वान्ले गरेको वर्गीकरणलाई पूर्ण र वैज्ञानिक भन्ने अवस्था भने देखिँदैन । यस सन्दर्भमा विदेशी तथा स्वदेशी विद्वान्हरूले गरेका लोकगीतको वर्गीकरणलाई यहाँ प्रस्तुत गरिएको छ ।

भारतीय साहित्यका ख्यातिप्राप्त विद्वान् कृष्ण देव उपाध्यायले लोकगीतको वर्गीकरणका ५ आधारमा गरेका छन् । ती हुन् - (१) संस्कार गर्दा गाइने लोकगीत, (२) रसानुभूति प्रणाली ( ३) ऋतु र ब्रतमा गाइने लोकगीत (४) क्रियागीत (५) जातीगत गीत[२२] । सन्तराम अनिलले रस, राग, असरको अनुकूलता गरी चार भागमा वर्गीकरण गरेका छन्[२३] । यिनले आफ्नो वर्गीकरणमा गायनलाई आधार लिएका छैनन् । त्यस्तै गरेर स्वर्णलताले विषयवस्तुको आधारमा लोकगीतलाई ४ भागमा बाँडेकी छिन् - (१) संस्कार गीत (२) व्यवसायिक गीत, (३) अवसरिक गीत (४) विलास वा मनोरञ्जन सम्बन्धी गीत[२४] । यस वर्गीकरणमा भने केही सैद्धान्तिक आधारहरू देखा पर्दछन् । किनभने सबैजसो प्रचलित लोकगीतहरू यो विभाजनमा समावेश भएका छन् । लोकगीतमा भएका आलोच्य दृष्टिकोणलाई साम्य पार्न र वैज्ञानिक धारणाअनुसार वर्गीकरणको आधार प्रस्तुत गर्न श्रीराम शर्माले लोकगीतको वर्गीकरण गर्दा गायक वर्गको आधार, गाउने वातावरण, गायन पद्धतिको आधार र लोकगीतको रूपात्मक विविधताको आधार जस्ता तथ्यलाई ध्यानमा राख्नुपर्ने कुरा बताएका छन् । यसरी भारतीय विद्वान्हरूले विभिन्न आधारमा लोकगीतलाई वर्गीकरण गरी देखाएका छन्[२५] ।

लोकगीतको वर्गीकरण गर्ने क्रममा नेपाली विद्वान्हरूले पनि आ-आफ्नै धारणाहरू राखेका छन् । पूर्ण प्रकाश नेपाल 'यात्री' ले यसरी आफ्नो धारणा राखेका छन् - लोक सिर्जित गीत, लोक रचित गीत र लोक विषयक गीत[२६] । अर्का अध्येता सत्यमोहन जोशीले नेपाली लोकगीतको विवेचना गर्दै यसलाई समसामयिक लोकगीत (ऋतु, पर्व र मौसम अनुसार गाइने) र सामान्य लोकगीत जहिले पनि गाउन सकिने) गरी दुई भागमा बाँडेका छन्[२७] । यसै गरी काजीमान कन्दङ्वाले नेपाली लोकगीतलाई जनगीत वा जनकविता भन्दै लोकगीतको प्रस्तुतीकरणलाई आधार मानेर यसको वर्गीकरणलाई सकर्मक र अकर्मक गरी दुई भागमा विभाजन गरेका छन्[२८] । नेपाली साहित्यका समालोचक ईश्वर बरालले अवस्था अनुरूप ऋतु परिस्थितिलाई आधार बनाएर लोकगीतलाई १८ भागमा विभाजन गरेका छन् । मापले, रोदी,

---

[२२] कृष्णदेव उपाध्याय, **लोक साहित्यको भूमिका,** (प्रयाग: साहित्य भवन लिमिटेड, इ. १९५७), पृ. २७)
[२३] सन्तराम अनिल, **कन्नोज लोकसाहित्य,** (दिल्ली, अभिनय प्रकाशन, इ. १९७५), पृ. ४४ ।
[२४] स्वर्णलता, **लोकसाहित्य विमर्श,** (विकानेर : एन स्मृति प्रकाशन, इ. १९७९), पृ. ४५ ।
[२५] श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और** प्रयोग (आगरा: विनोद पुस्तक मन्दिर, ई. १९८१), पृ. ६४
[२६] पूर्णप्रकाश नेपाल "यात्री" "नेपाली लोकगीत" (विचारमञ्च), **मधुपर्क** (वर्ष १५, अंक ८, २०३९) ।
[२७] सत्यमोहन जोशी, "लोकगीतको केही झल्का", **प्रगति, पूर्ववत्**, पृ. १४५ ।
[२८] काजीमान कन्दङ्वा, पूर्ववत्, पृ. १३ ।

छोकदा, टप्पा, लबरी, मालश्री, सिलोक, संगिनी, गाइने, जुवारी, सवाई, कलन, भैलो, देउसी, रत्यौली, बाह्रमासे, प्रभाती, निर्गुण र झ्याउरे ।[२९]

यो वर्गीकरणले विस्तृत आधारहरू लिएको पाइन्छ । यस्तो वर्गीकरणलाई वर्गीकरण भन्दा पनि संकलित लोकगीतको टिपोट भन्नु उपयुक्त हुन्छ । यसैगरी समालोचक दयाराम श्रेष्ठले लोकगीतको वर्गीकरण चारप्रकारले गरेका छन् । ती हुन् - (१) संस्कार सम्बन्धी लोक गीत (२)[३०] ऋतुकालीन लोकगीत (३) क्रिया सम्बन्धी लोकगीत (४) विविध लोकगीत[३१] । धर्मराज थापा र हंसपुरे सुवेदीले लोकसहित्यको चर्चा गर्दा लोकगीतलाई सात भागमा वर्गीकरण गरेका छन् । ती हुन् - (१) सामान्य गीत (२) ऋतु वा ब्रतगीत (३) संस्कार गीत (४) कर्मगीत (५) पर्वगीत (६) नृत्य गीत (७) विविध गीत । यसैगरी कृष्णप्रसाद पराजुलीले लोकगीतलाई विषयगत रूपले वर्गीकरण गर्दै वर्षचक्र र जीवनचक्र गरी दुई किसिमका लोकगीतहरूको वर्जन गरेका छन् । वर्षचक्रका लोकगीतलाई बाह्रमासे लोकगीत र ऋतुकालीन लोकगीत भनेर दुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीत भनेर दुई भेद देखाएका छन् । ऋतुकालीन लोकगीतलाई पनि पर्वगीत र कार्यगीत भनी दुई भागमा नै विभाजन गरेका छन् । त्यस्तै जीवनचक्र सम्बन्धी लोकगीतलाई संस्कार गीत, उमेर अवस्था सम्बन्धी गीत र नृत्यगीत गरी तीन उपभागमा विभाजन गरेका छन् ।

यस प्रकार विभिन्न विद्वान्हरूद्वारा गरिएको लोकगीतको वर्गीकरणबाट लोकगीतको पहिचान गर्न सजिलो भएको छ । यिनै वर्गीकरणको ढाँचालाई आधार मान्दा नेपाली लोकगीतलाई वैज्ञानिक र तर्कसंगत रूपले निम्नानुसार वर्गीकरण गर्न सकिन्छ-

### २.६.१ **विषयवस्तुको आधारमाः**

हरेक लोकगीत कुनै न कुनै विषयवस्तुसँग आधारित हुन्छ । यसको सर्जक अज्ञात भएपनि गायकले पौराणिक, सामाजिक, ऐतिहासिक तथा कुनै न कुनै विषयलाई टपक्क टिपेर आफ्ना भाव लहरीमा उनेको हुन्छ । तसर्थ विषयवस्तुको आधार मान्दा लोकगीतहरूलाई निम्न तीन भागमा विभाजन गरेर चर्चा गर्नु सान्दर्भिक हुनेछ -

---

[२९] ईश्वर बराल, “नेपाली लोकगीतका विषयमा” प्रगति, पूर्ववत्, पृ. १४५ ।
[३०] दयाराम श्रेष्ठ, ‘सम्भव, **पूर्ववत्** ., पृ. १५ ।
[३१] धर्मराज थापा र हंसपुरे सुवेदी, **पूर्ववत्** पृ. ९४ ।

### २.६.१.१ पौराणिक विषयवस्तु

पुराण, वेद, उपनिषद सबै विभिन्न धार्मिक ग्रन्थलाई आधार मानेर सिर्जना गरिएका लोकगीतहरू यस अन्तर्गत पर्दछन् । नेपाली समाजमा विशेष गरी हिन्दू धार्मिक ग्रन्थको बढी प्रभाव हुने भएको हुँदा लोकगीतमा पनि यस्ता विषयवस्तुहरूले प्रशस्त मात्रामा प्रवेश पाएका हुन्छन् । नेपालमा प्रचलित बालुन, घाँटु, सोरनी, भजन, सिलोक आदि क्षेत्रमा धेरै पौराणिक विषयवस्तुहरू मिसिएका हुन्छन् । यसको उदाहरणमा तलको एउटा भजन गीतको अंशलाई हेरौँ:

| | | |
|---|---|---|
| गुरु | : | हे हो पार्वती पुत्र गणेशलाई पहिलो आरती । |
| चेलाहरू | : | पार्वती पुत्र गणेशलाई पहिलो आरती ॥ |
| गुरु | : | हो ! हो ! तिम्लाई नमस्कार, गणेश तिम्लाई नमस्कार । |
| | | हो ! हो ! कोटी ! कोटी ! तिमीलाई नमस्कार । |
| चेलाहरू | : | कोटी ! कोटी ! एकैचोटि तिमीलाई नमस्कार । |
| गुरु | : | नारायण |
| चेलाहरू | : | हरि ! हरि ! |

### २.६.१.२ ऐतिहासिक विषयवस्तु

हरेक समाजलाई त्यो समाजको इतिहासले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । खासगरी हाम्रो समाजका मानिसहरूले इतिहासमा घटेका घटना एवं त्यस घटनासँग सम्बन्धित विषयवस्तुलाई बिर्सेका हुँदैनन् । यस्ता इतिहासमा घटेका घटना एवं विषयवस्तुलाई मानिसहरूले स्मरण गर्दै कुनै न कुनै रूपमा लोकलयमा सजाएर लोकगीतको सिर्जना गरेका हुन्छन् । नेपालमा प्रचलनमा रहेका खाँडो, कर्खा, नानुलो जस्ता लोकगीतहरू ऐतिहासिक विषयवस्तु बोकेका लोकगीत हुन् । उदाहरणको लागि क्षेत्री, बस्नेत जो आफूलाई काजी भन्न रुचाउँछन्, उनीहरूको विवाह उत्सवमा गाइने खाँडो गीतको नमूना यसप्रकार छ -

श्री प्रतापी राजा बाबुआ राउल, अनेक सन्तान सपूत राउल,

भिलुवा, मिलानका स्वामी राउल, सब जगत्का स्वामी राउल,

रनकसमे कमने राउल, न्याय दिन्या राउल, धर्मवीर कर्मवीर राउल,

वीरमा महावीर राउल, समरमा बल देखाउने राउल,

वीरमा महावीर राउल, समरमा खुकुरी नचाउने राउल,

जहाँ जात ताहीँ जीत राउल,

जागरे खाँडो, जागरे खाँडो, जागरे, जागरे, जागरे खाँडो ।

### २.६.१.३ **सामाजिक विषयवस्तु**

हामी समाजमा बस्छौँ । लोकगीतको गायक पनि समाजको सदस्य हो । त्यसैले उसका लोकगीतहरूमा समाज कै हाँसो-आँसु, सुख-दु:ख, मिलन-विछोड जस्ता विभिन्न विषयवस्तुहरू मिसिएका हुन्छन् । यस्ता विविध अवस्थालाई लयमा ढालेर भावनात्मक रूपले समाजभित्र नै हुने अभिव्यक्ति नै सामाजिक विषयवस्तुका लोकगीत हुन्छन् । वास्तवमा मानिसले आफ्नो जीवन भोगाइको क्रममा समाजमा देखिने यथार्थतालाई अभिव्यक्त गर्ने क्रममा यस्ता लोकगीतहरू छरपष्ट रूपले कथिन्छन् । रत्यौली, तीजे, झ्याउरे, रोइँला, ख्याली, चुड्का जस्ता गीतहरूमा सामाजिक परिवेशको झलक बढि भेटिने हुँदा यी गीतहरूलाई सामाजिक विषयवस्तुमा आधारित लोकगीत अन्तरर्गत राख्न सकिन्छ । उदाहरणको रूपमा यहाँ एउटा तीजमा गाइने गीतलाई प्रस्तुत गर्न सकिन्छ ।

आफ्नो आमा भए हुँदी छोरी लिन आउँदी हुन्,

कान्छी आमा निष्ठुरीले किन पठाउँथिन्

तीजको दिनमा दाजु लिन आएनन्

चेलीको माया छैन बरीलै

### २.६.२ **प्रकार्यको आधारमा**

नेपाली लोकगीतलाई तिनको गायन सन्दर्भका दृष्टिले विविध गीतहरूमा छुट्याउन सकिन्छ । खासगरी कुनै कुनै लोक गीतहरू अवसर वा अवस्थामा गाउन सकिन्छ भने कुनै लोकगीतहरू गाउन वास्तविक अवसर नै कुर्नु पर्ने हुन्छ । यसरी प्रकार्य एवं गायनका दृष्टिले नेपाली लोकगीतलाई दुई वर्गमा बाँडेर चर्चा गर्न सकिन्छ -

### २.६.२.१सामान्य लोकगीत

जुनसुकै अवस्था एवं अवसरमा गाउन सकिने लोकगीतलाई सामान्य लोकगीत भनिन्छ । सामान्य गीतहरू वर्षभरि नै जतिबेला पनि गाइने हुनाले यस्ता गीतहरूलाई वर्षभरि नै जतिबेला पनि गाइने हुनाले यस्ता गीतहरूलाई सदाकालीन एवं बाह्रमासे गीत पनि भन्ने चलन छ । नेपालमा चलनचल्तीमा रहेका रोईँला, झ्याउरे, सालैजो, ख्याली, बालगीत जस्ता गीतहरू सामान्य लोकगीतहरू हुन् । जसको उदाहरणमा यहाँ एउटा झ्याउरे गीत प्रस्तुत गरिएको छ -

सानु माया मै पनि लाउँकी

सुन र पानीमा पितल मिसाउँकी


तिम्रो हाम्रो मायाको डोरी

चुडिँदैन परानले नछोडि ....... ।

### २.६.२.२ विशेष एवं विशिष्ट गीत

कुनै खास समय, अवस्था वा अवसर पारेर गाइने लोकगीतहरू नै विशेष एवं विशिष्ट लोकगीत भित्र पर्दछन् । विशेषगरी खेतीपाती र मेला पर्वमा गाइने श्रमगीत, चाडपर्वहरूमा गाइने पर्वगीत, विभिन्न संस्कारहरूमा गाइने संस्कार गीत, ऋतु परिवर्तन अनुसार गाइने ऋतुगीत र पूजाआजाको क्रममा गाइने धार्मिक गीतहरू विशेष गीत अन्तर्गत पर्दछन् । यसरी नेपालमा प्रचलित विशेष एवं विशिष्ट गीत लोकगीतलाई निम्नानुसार चर्चा गर्न सकिन्छ -

(क) संस्कार गीत (ख) ऋतु गीत (ग) श्रम गीत (घ) पर्व गीत (ङ) धार्मिक गीत




#### (क) संस्कार गीत

नेपाली समाजमा एउटा बालक जन्मेपछि उसको मृत्यु नहुञ्जेलसम्म विभिन्न उमेर र अवस्था अनुसार कर्म गर्नुपर्ने हुन्छ । समाजको मूल्य मान्यता र रीति अनुसार विभिन्न संस्कार ( बहु संस्कार) गर्ने चलन हुन्छ । बच्चा जन्मेको छैटौ दिनमा छैंठी, एघारौं दिनमा न्वारन, छ महिनामा अन्नप्राशन, छोरी भएमा नाक-कान छेड्ने, ब्रतबन्ध गर्ने, चुडाकर्म गर्ने, विवाह गर्ने,

चौरासी गर्ने, मृत्यु-संस्कार गर्ने, विवाह गर्ने, चौरासी गर्ने, मृत्युसंस्कार गर्ने जस्ता परम्पराहरू छन् । यसरी छैंठी, न्वारन, चुडाकर्म, ब्रतबन्ध, विवाह ..... जस्ता अवस्थामा मागल, माहल, रत्यौली, खाँडो जस्ता गीतहरू गाइने हुँदा यस्ता लोकगीतलाई संस्कार लोकगीत भित्र राखेर चर्चा गरिन्छ । जसको उदाहरणमा एउटा माहल गीत हेरौँ :

ए छोरी जाऊ खुशीसाथ घरमा

नरोक चलन चल्ती छ सबै लोक भरमा

म दिन्छु तिमीलाई यो अर्ती सत्ते

बनाए बमोजिम गर काम नित्य

बिहान उठी नम्र भै भक्ति साथ

झुकी स्वामीको पाउँमा राख माथ ।

**(ख) ऋतु गीत**

वर्षभरिका विभिन्न ऋतुहरूको पुनरावृत्ति भइरहन्छ । यिनै ऋतुको परिवर्तन सँगै गाइने लोकगीतहरूलाई ऋतुगीत भनिन्छ । यस्ता गीतहरू विशेष समयमा मात्र गाइने हुनाले पनि यसलाई ऋतुगीत भनिएको हो । नेपाली समाजमा प्रचलित जेठे, असारे, भदौरे, वसन्त, फागु जस्ता ऋतुकालीन पर्व तथा श्रमहरू गर्ने समय आउँछ । ती समयअनुसार गाइने गीतहरू नै ऋतु गीत हुन्, जसको उदाहरणमा एउटा असारे गीत हेरौँ -

असारे मासको दबदबे हिलो छि:मलाई घिन लाग्यो

जेठीलाई छोडी कान्छीलाई ल्याउँदा छबीस रिन लाग्यो

सुपारी काँचो, ख्याल होइन साँचो, छ बीसमा लाग्यो

असारे मैना दश र पन्ध्र रोपाईको चटारो,

राख्ने लुगा झिकी देउ आमा गौथले पेटारो,

पानीको धारो नमान गाह्रो, गौथले पेटारो,

............................................... ।

(ग) **श्रम गीत**

श्रम गर्ने बेलामा कुनै श्रम विशेष अवस्थामा गाइने गीतलाई श्रमगीत भनिन्छ । यस्ता गीतहरू विशेष गरी मेलापात गर्दा, खेतीपाती, गोडमेल गर्दा, बाली भित्र्याउँदा गाउने चलन हुन्छ । तराईको मैथिली, भोजपुरी र थारू महिलाहरूले चर्खामा धागो काट्दा गाउने चर्खा गीत, ओखलमा धान कुट्दा गाउने ओखरी गीत, धान काट्दा गाउने धान कटनी गीत, दाइँ गर्दा गाइने गीत जस्ता गीतलाई श्रमगीत भनिन्छ । नेपाली ग्रामीण समाजमा गाइने गोडेलो, हरेलो, रोपाई, गीत नै श्रम गीत हुन् । उदाहरणको रूपमा मंसिर महिनामा दाइँ गर्दा गाइने एउटा गीत हेरौँ -

ह, ह, ह,  हो, हो, हो दाई बरादो हो हो हो

पुतली गाईको बाच्छो माली गाईको नाती

हिड्न लाग्यो मेरो बरादो धावा पराल माथि

हो हो हो, ह ह ह बरादो हो हो हो

मेरा भाइ बरादो लामा लामा कान

देऊ न भूमे राजा खला भरि धान ।

(घ) **पर्व गीत**

ऋतु चक्रअनुसार आउने गरेका विभिन्न पर्वहरूमा गाइने विशेष गीतहरूलाई पर्वगीत भन्ने चलन छ । तीजमा महिलाहरूले गाउने तीजे गीत, दशैँमा गाउने, मालश्री गीत, तिहारमा गाइने देउसी, भैलो, होली पर्वमा गाइने होरिया गीत, ......... जस्ता गीतहरू पर्वगीत अन्तर्गत पर्दछन् । उदाहरणको निम्ति एउटा तीजे गीतलाई हेरौँ :

धेरै छोरी विहे गर्नु छ भनेर बुबाले

आँगन पनि सेतो भयो सिमल भुवाले

सिमल भुवा टिपौँला तकियानि तगौला

पिर नमान्नु बाबाले झोली थापम्ला

झोलामा परेको एकै मुठी चामलु

कठैबरी भन्छन् धनी मेरा दमलु

बल्ल बल्ल आइपुगे माइतीघर टेकन

निष्ठुरी आमाको मुख देखन ........ ।

(ङ) **धार्मिक गीत**

समाजमा चल्ने गरेका धार्मिक अनुष्ठान, पूजा आजा, व्रत, प्रार्थना, भजनकिर्तन, आरती एवं विभिन्न धार्मिक अनुष्ठानहरूमा देवीदेवता सम्बन्धी गाइने गीत धार्मिक लोकगीत हो । धार्मिक गीत कुनै आरती एवं प्रभातीका रूपमा पनि गाउने गरिन्छ । त्यस्तै कुनै पूजा आजा र संस्कारगत कार्यक्रममा पनि आउने गरिन्छ । नेपालका विभिन्न क्षेत्र र धरातलमा प्रचलित मागल, फागु, धमारी, ढुस्को, मेलाउने, पडेली, चुड्किलो, भजन, किर्तन, आरती, प्रभाती जस्ता गीतहरू सबै धार्मिक लोकगीत अन्तर्गत पर्दछन् । उदाहरणको लागि तलको एउटा मालश्री गीतलाई प्रस्तुत गर्न सकिन्छ, जुन बडा दशैंको अवसरमा गाइन्छ ।

जयदेवी भैरवी, दर्शन देउ भगवती

असर विनासिनी, जगत्को हितकारिणी

श्री देवी भगवती दुर्गे भवानी

जयदेवी गोरखकाली दर्शन देऊ भवानी

हे हृदय जननी दर्शन देउ त्रिलोकी

जगत्को पालन गर माई

हे दुर्गे प्रचण्ड रुपिणी

कालिक प्रतिपाल गर .......... ।

## २.७ नेपाली लोकगीतको अध्ययन परम्परा

भाषाको विकाससँगै लोकजीवनमा दुःख सुख गरेर जीवन गुजारा गरेर बसेका मानिसहरूले आफ्ना मनका भावलाई लोकगीतको माध्यमबाट प्रस्तुत गर्ने कार्यको सुरुवात गरेका हुन् । एकातिर स्तूतीपरक गीतहरू शिष्ट एवं लेख्य साहित्यका रूपमा देखा पर्दै आएका

छन् भने अर्को तर्फ लोकपरम्परामा आधारित लोकगीतहरू पनि क्रमैसँग विकसित हुँदै आएको पाइन्छ । अर्थात् लोकगीतको अस्तित्त्व वैदिक युगदेखि नै रहेको भेटिन्छ । सामवेद वैदिक लोकगीतको उदाहरण हो । यस हिसाबले हेर्दा समाज विकासको उषाकालबाट नै लोकगीतको जन्म भएको मान्ने प्रमाणहरू भेटिन्छन् ।

विभिन्न लोक साहित्यका अध्येताहरूको दृष्टिमा पनि भाषासँगै लोकसंगीतले आफ्नो स्वरूप निर्माण गरेको थियो । नेपाली भाषाको उद्भवबारे वि.सं. को एघारौँ शताब्दीमा भएको भनिएता पनि वि.सं. (१३१७-२७) को अशोक चलको अभिलेखलाई प्राचीनतम् अभिलेखका रूपमा मानिएको छ । यसपछिमात्र नेपाली भाषाको लेख्य रूपका विभिन्न शिलालेख, अभिलेख, ताम्रपत्र, कनकपत्र पर्याप्त मात्रामा भेटिन्छन् । रिपु मल्लका पिता नागमल्ल थिए । उनको समयमा रोपाइँ गर्दा 'ढुस्को' गाइन्थ्यो । जसलाई नेपाली लोकगीतको पहिलो नमूनाको रूपमा लिइन्छ ।

यस लोकगीतमा राजा नागमल्ल र भागेश्वरी देवीकोबीच भएको झगडाको संवाद पाइन्छ । नागमल्लको समयमा गाइएका अन्य मौखिक लोककाव्यका नमूनाहरू पनि डोटेली लोक साहित्यमा पाइन्छन् । तिनै मौखिक लोककाव्यका नमूनाहरूको आधारमा नेपाली लोकगीतको मौखिक परम्परा वि.सं. को पन्ध्रौ शताब्दीबाट शुरु भएको अनुमान गरिएको छ ।

लोकगीतको मौखिक परम्परा अतिरिक्त लहरी, सवाई, झ्याउरे आदि लोकलयमा लेखिएका रचनाहरूमा बसन्त शर्माको 'समूद्र लहरी' सन्त ज्ञानदीलदासको 'उदम लहरी', कृष्णप्रसाद रेग्मीको 'वीर लहरी', दानराज लामिछानेको 'बाह्र मास' आदि पर्दछन् । यिनीहरू खण्डकाव्य स्तरका रचना हुन् तैपनि यिनीहरूमा एकातर्फ गेयात्मकता छ भने अर्कोतर्फ काव्यात्मकता पनि प्रशस्त मात्रामा पाइन्छन् । अन्य झ्याउरे र लहरी छन्दमा लेखिएका तर अश्लीलताको मात्रा बढि भएको हुनाले लोक जीवनमा राम्ररी भिज्न सकेनन् । अश्लीलताको मात्रा सुधारिएका कृतिहरूमा महानन्द सापकोटाको 'मदन लहरी' ले लोकगीतको सुन्दरतालाई राष्ट्रिय स्तरमा नै चिनाएको पाइन्छ । त्यस्तै महाकवि लक्ष्मी प्रसाद देवकोटाको 'मुनामदन' ले नेपाली समाजको लोकगीत प्रतिको आस्था र प्रतिस्ठालाई उकासेको छ ।

लोकगीतको संकलन र प्रकाशन गर्न सुरु गरिएको समय जम्माजम्मी एक शताब्दी भयो होला । विश्वराज हरिहर शर्माको 'राग संग्रह' (१९६२) भन्दा अगाडि नै प्रकाशित भएको भनिन्छ । यसमा केही नेपाली गीतहरू पनि परेका छन् । ए.एम. पठानको 'गोर्खा - गीत

प्रकाश' (सजिलो भाग) सन् (१९१६) मा प्रकाशित भएको थियो । चन्द शमशेरको हुकुम अनुसार रचना भएको यस कृतिमा पठानले नेपाली भाषामा केही झ्याउरे गीतका साथै केही नेवारी र भोटे भाषाका लोकगीतहरू पनि समावेश गरेका छन् । तसर्थ यो कृतिको ऐतिहासिक महत्त्व रहेको छ । क्याप्टेन जी.डब्लु.वी. भनेकोले 'गोरखाली मेनुयल' नामको गितीसंग्रह सन् (१९१८) मा संकलन गरेर प्रकाशित गरेका थिए । यसमा 'मोनेल ब्रिटिस गोरखा सेनामा कार्यरत नेपाली, सिपाहीहरूबाट केटी लोकगीत संकलन गरेर रोमन भाषामा लिपिबद्ध गरेर प्रकाशन गरिएको थियो ।

गोरखा संसारमा वि.सं. (१९८३) मा महानन्द शर्माद्वारा लिखित 'नौलो कुरो' प्रकाशित भएको थियो । यस लेखलाई कमल दिक्षितले केही नेपाली लोकगीतको परिचय दिई आफ्नो दृष्टिकोण समेत व्यक्त भएको नेपाली लोक साहित्यसम्बन्धी पहिलो लेख भनेका छन् । "आसिका और सीता महाभारत" शीर्षकको कृति (१९२८) ई.सं. मा बनारसबाट प्रकाशित भएको पाइन्छ । 'आशिका' आसिक दिने नेपाली परम्पराको एउटा रूप हो तर प्रकाशित आसिकामा मालिकाको वर्णन गरिएको छ । 'सीता भारतमा लक्ष्मणले सीतालाई लंकापति रावणको चित्र लेखन भनेको प्रसंग आएकोले यो पुस्तक पण्डित शिवनिधि जोशीद्वारा लेखिएको भनिए तापनि लोकजीवनको वास्तविकताको संकलन मात्र हो । यो कुरा सीता भारत र पश्चिम नेपालमा प्रचलित लोक रामायणसँग मिल्दोजुल्दो देखिन्छ ।

देवेन्द्र सत्यार्थीले नेपाली लोकगीत बारे एउटा लेख अंग्रेजी भाषामा लेखेर सन् (१९३४) मा 'मोर्डन रिभ्यु' मा प्रकाशित गराएका छन् । यसको नेपाली अनुवाद गरी 'संगीतमय नेपाल' शीर्षकमा सन् (१९५३) मा प्रकाशित भयो । नेपाली लोकगीतको परिचय दिई तिनका विशेषताहरू उल्लेख भएको रचनाको रूपमा यस रचनालाई लिइएको छ । पारसमणि प्रधारद्वारा सम्पादित लोकगीतमा देवेन्द्र सत्यार्थीको 'संगीतमय नेपाल', हर्कमान राईको 'जनसाहित्य' कवीन्द्रमान सिंहको 'लोकगीत' तथा एम.एम. गुरुङको 'नेपाली जनसाहित्य' संकलित छन् । पारसमणि प्रधानको सम्पादकीय सहितको यो कृति यस प्रकारको पहिलो संकलन थियो । जसमा लोकगीत र लोक साहित्यबारे लेखिएका लेखहरू प्रकाशित छन् । वि.सं. (२०१०) मा लोकगीत संग्रहालय स्थापना भयो । यहाँबाट 'डाँफेचरी' नामक पत्रिकाको प्रकाशन पनि गरियो । सत्यमोहन जोशीको 'नेपाली लोकगीत एक अध्ययन' शीर्षकको ग्रन्ध पनि (२०११) मा प्रकाशित भयो । उनैले लेखेका 'हाम्रो संस्कृति' ले वि.सं. (२०१३) मा मदन पुरस्कार पनि पायो । यो कृतिमा लोकगीतको बारेमा बढी चर्चा गरेको छ । कर्मवीर महामण्डलले (२०१३) मा नै

सुदूरपश्चिमाञ्चल, दैलेख, दुल्लु, जुम्ला निवासी जनताको लोकगीत प्रकाशित गऱ्यो । जसमा त्यस क्षेत्रका 'केही लोकगीतहरू' संकलित छन् । लोकगीत संकलन गर्ने कार्यप्रति यस ग्रन्थले प्रेरणा भर्ने कार्य गरेको छ । धर्मराज थापाले 'मेरो नेपाल भ्रमण' (२०१५) मा प्रकाशित गरे । यसपछि थापाले भ्रमणका अवसरमा प्राप्त गरेका लोकगीतका संकलनहरू क्रमश: प्रकाशित हुँदै गए । काजीमान कन्दङवाको "नेपाली जनसाहित्य" (२०२०) नेपाली लोकगीतको अध्ययनको पहिलो व्यवस्थित प्रयास थियो । योगी नरहरिनाथद्वारा सम्पादित 'हिमाली लोक साहित्य' (२०२१) मा मदन राज रेग्मी, अमर बहादुर कार्की, चन्द्र बहादुर शाह, रत्नाकर र गजेन्द्र बहादुरद्वारा संकलित गीतहरू छन् । यसका सम्पादकका रूपमा योगी नरहरिनाथले परिचयात्मक भूमिका र लोकगीतहरूको प्राचीनता, लोकगीतका विशेषताहरू र लोक कविहरूको परिचय दिएर आवश्यक टिप्पणीहरू दिएका छन् ।

त्यस्तै आर.डि. र एल.एल. को 'नेपालका विभिन्न जाती र तिनका लोकगीत (२०२३)', हरिराज जोशीको संगिनी (२०२८), कालीभक्त पन्तको 'हाम्रो साँस्कृतिक इतिहास (२०२८), 'धर्मराज थापाको "गण्डकीको सुसेली" (२०३०), काजीमान कन्दङवा र विपिन देव ढुङ्गेलको नानीका गीत (२०५६), नेपाल राष्ट्रिय विधापीठको 'नेपाली लोकगीत संग्रह' (२०३७), एस.के. उपाध्यको 'नेपाली लोकगीत संग्रह' (२०५४), पुष्पनाथ शर्माको 'लोकगीत' (२०५५), कृष्ण प्रसाद पराजुलीको नेपाली 'लोकगीतको आलोक' (२०५७), विश्वप्रेम अधिकारीको 'आँधीखोला लोक संस्कृति र लोकगीत' (२०५७), चुडामणि बन्धुको 'नेपाली लोक साहित्य' (२०५८), जस्ता कृतिहरूले नेपाली लोकगीतको अध्ययन र अनुसन्धानको क्रममा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

नेपाली लोकगीतको अध्ययन परम्परामा क्षेत्रीय स्तरका लोकगीतहरूको संकलन, वर्गीकरण र अध्ययन गर्ने क्रममा विश्वविधालय स्तरीय शोधपत्र एवं शोध प्रबन्धहरूले पनि विशेष योगदान दिएका छन् । यसै क्रममा जयराज पन्तको 'डोटेली गमरा पर्वका गीतहरूको वर्गीकरण, संकलन र विश्लेषण' (२०५६), नारायणप्रसाद अधिकारीको 'स्याङ्जाली लोकगीतको संकलन, अध्ययन र वर्गीकरण (२०४३), राजेन्द्रप्रसाद पौडेलको 'कमला खोँचका लोकगीतहरू' (२०४६), कुसुमाकर न्यौपानेको 'पैयूँखोले लोकगीतहरूको अध्ययन र विश्लेषण (२०४४) दान बहादुर थापाको 'गलकोट क्षेत्रमा प्रचलित लोकगीतहरू (२०५०), अम्बिका प्र. भट्टराईको तनहुँ ढोरका लोकगीतको संकलन (२०५२), पुण्यप्रसाद पौडेलको बाटुले चौरका गाइने गीतहरूको अध्ययन र संकलन (२०५२), ऋषिराम देवकोटाको लिगलिगका पर्व गीतहरूको अध्ययन

(२०५२), सावित्री मल्लको 'पाल्पाली लोकगीहरू अध्ययन र विश्लेषण, (२०५२), ऋषिकेष आचार्यको ललितपुरका ग्रामीण क्षेत्रका लोकगीतको अध्ययन (२०५७) कृष्ण प्रसाद घिमिरेको 'अर्घाखाची जिल्लाका लोकगीतहरूको विश्लेषण (२०५८), देवेन्द्र बहादुर खत्रीको 'गलकोट खुवा क्षेत्रमा प्रचलित लोकगीतहरू (२०५८), पुण्य कुमारी सिलवालको गोर्खाली लोकगीतहरूको संकलन, वर्गीकरण र विश्लेषण (२०५८), राधिका मल्लको म्याग्दी जिल्लामा प्रचलित लोकगीतको अध्ययन (२०५८), रामप्रसाद पुडासैनीको नुवाकोट जिल्लाका लोकगीतको अध्ययन (२०५९), लक्ष्मी पोखरेलको अर्घाखाँची जिल्लाका लोकगीतहरूको संकलन (२०५९), भूपिन्द्र महतको 'गुल्मीको पश्चिम क्षेत्रका लोकगीतहरू' (२०६०), गणेश प्रसाद अवस्थीको "बैतडेली व्रतबन्धका संस्कारगत फागहरूको अध्ययन" (२०६१) लक्ष्मी पौडेलको पश्चिम तनहुँका "महिला लोकगीतहरूको संकलन र वर्गीकरण" (२०६१), हिमलाल खगलको 'पाँचथर जिल्लामा प्रचलित लोकगीतहरू' (२०६१) कृष्ण प्रसाद न्यौपानेको "स्याङ्जाका नेपाली लोकगीत र लोकगाथाहरूको विश्लेषणात्मक अध्ययन" (२०६२), नारायण तिमल्सेनाको दैलेखमा प्रचलित मागलाहरूको संकलन, वर्गीकरण र विश्लेषण (२०६३), सारिका श्रेष्ठको नवलपरासी जिल्लामा प्रचलित लोकगीत (२०६३), हरिप्रसाद चुँदालीको "गुल्मी जिल्लामा प्रचलित लोक भजनको संकलन, वर्गीकरण र विश्लेषण (२०६३) जस्ता धेरै खोज र अनुसन्धानहरू भएका छन् ।

लोकगीतको खोज र अनुसन्धानको क्रममा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल सरकार संस्कृति विभाग, नेपाल तथा एशियाली अनुसन्धान केन्द्र, रेडियो नेपाल, नेपाल टेलिभिजन, म्युजिक नेपाल जस्ता संस्थाहरूबाट भएका अनुसन्धान र खोज पनि कम महत्त्वपूर्ण छैनन् । त्यस्तै नेपालमा खुलेका विभिन्न शैक्षिक संस्थाहरूले समयसमयमा गर्ने गराउने गरेका महत्त्वपूर्ण प्रतियोगिताहरू र प्रवर्द्धनका कार्यक्रमहरूले समेत लोकगीतको अध्ययन र अनुसन्धानमा महत्त्वपूर्ण टेवा पुऱ्याएका छन् । त्यस्तै लोकगीतका चक्का रेकर्ड गर्ने संस्थाहरूको पनि कम योगदान छैन । व्यक्तिगत रूपमा पनि नेपाली लोकगीतको विकासका निमित्त धेरै कामहरू भएका छन् । नेपाली लोकसंस्कृतिमा वाह्य प्रभाव बढ्दै गएको वर्तमानको घडीमा लोकगीतको संवर्द्धन र संरक्षण गर्दै नयाँ-नयाँ लोकगीतहरू गाएर र संकलन गरेर समाजलाई मनोरञ्जन दिने गायक-गायिकाहरूको पनि उत्तिकै योगदान रहेको छ ।

मानव जीवनको उषाकाल देखि नै लोकका मानिसहरूले आफ्नो जीवनको भोगाइका क्रममा आइपर्ने दुःख-सुख, हाँसो-आँसु, विरह-वेदना तथा तिता मिठा अनुभवहरूलाई अभिव्यक्त गर्ने क्रममा त्यसलाई गिती लयमा सजाएर गुनगुनाई रहने कारणले नै लोकगीतको सिर्जना हुन

पुगेको हो । आज लोकगीत ग्रामीण जनजीवनको एक अङ्ग बन्न पुगेको छ । कुनैपनि शास्त्रीय नियममा नबाँधिएर लोकगीतका सिर्जना नहुने हुनाले शिक्षित अशिक्षित दुवै वर्गमा लोकप्रिय बन्न पुगेको छ । यसरी लोक साहित्यको सबैप्राचीन विधा लोकगीत आज वास्तवमा नै गाउँले जीवन बिताउने मानिसहरूका लागि एउटा जिउने आधार बनेको छ, भन्न सकिन्छ ।

## अध्याय तिन

## छोप्राक गा.वि.स.मा प्रचलित लोकगीत

### ३.१ गोरखा जिल्लाको परिचय

गोरखा जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरूमध्ये भिन्न विशेषता सहित धार्मिक, साँस्कृतिक, राजनैतिक र ऐतिहासिक जिल्ला हो । नव नेपालका निर्माता वडामहाराज धिराज पृथ्वीनारायण शाहको आफ्नै बहुबलले आर्जेको विशाल नेपालको उद्गम भूमिको रूपमा गोरखाजिल्लालाई लिन सकिन्छ । वीर वीरङ्गनाको कर्मभूमि अनि विभिन्न प्राकृतिक सौन्दर्य एवं हिमश्रृङ्खलाहरू, नदीनालाहरू, विविध हावापानी पाइने यस जिल्लामा संसारकै हिन्दूहरूकोबीचमा प्रसिद्ध भएको मनकामना भगवती, गोरखनाथ गुफा, कालिका मन्दिर जस्ता मठमन्दिर पनि रहेका छन् । नेपाल र नेपाली भनेर विश्वले नचिन्ला तर गोरखा र गोरखाली भन्नासाथ यहाँका भीमसेन थापा, लखनथापा, दामोदर पाण्डे, भक्ति थापा जस्ता वीरहरूले देखाएको बहादुरी र इतिहासले संसारको मन हल्लाइदिन्छ । तसर्थ गोरखाको आफ्नै गौरव गाथा र बहादुरिताको इतिहास छ ।

भौगोलिक हिसाबले २७°१५' देखि २८°१५' उत्तरी अक्षांश र ८४°२७' देखि ८४°५८' पूर्वी देशान्तरसम्म फैलिएको यो जिल्ला भौगोलिक विविधताको जिल्ला हो । जिल्लाको कूल क्षेत्रफल ३६१० वर्ग किलोमिटर रहेको छ । ११३५ मी. को उचाइमा रहेको यो जिल्ला समुद्री सतहदेखि २२८ मी देखि र १५३ मी सम्मको उचाइमा रहेको यस जिल्लामा करिब आधा दर्जन अग्ला हिमालहरू पनि पर्दछन् । पूर्वमा धादिङ्ग र चीनका तिब्बत क्षेत्र, पश्चिममा तनहुँ, लम्जुङ्ग र मनाङ, उत्तरमा चीनको तिब्बत र दक्षिणमा चितवन र तनहुँ जिल्लाले यस जिल्लालाई घेरेको छ । यसको सदरमुकाम पोखरीचोक बजार हो । अधिकांश भू-भागहरू वनजंगल र पहाराले ढाकेको यस जिल्लामा ५५६९६ हेक्टर जमीन खेतीयोग्य भएको मानिन्छ । हिमाली क्षेत्रका ०° देखि दक्षिण क्षेत्रका ३१° से. तापक्रमसम्म हुने यस जिल्लामा विभिन्न जातजाति भाषा, सम्प्रदाय, हावापानी, भौगोलिक धरातल र ऐतिहासिक धरोहरदेखि आधुनिक सभ्यतालाई समेत समेटेर रहेको राष्ट्रिय एकताको श्रीगणेश स्थल गोरखा साच्चै अनुपम छ । अतुलनीय छ र अनेकतामा एकताले भरिपूर्ण छ ।

प्रजातन्त्रको पुनर्वाहाली पश्चात यस जिल्लालाई ३ वटा संसदीय क्षेत्र, १३ वटा इलाका, ६० गा.वि.स. र २ वटा नगरपालिकामा विभाजन गरिएको छ । वि.सं. २०६८ को जनगणना अनुसार जिल्लाको जनसंख्या लगभग ३ लाख छ भने लगभग ५१.४% महिलाको जनसंख्या रहेको छ । औसत परिवार संख्या ४.९ रहेको यस जिल्लामा ५९९२० घरधुरी रहेको आँकडा छ । त्यस्तै यस जिल्लाको जनघनत्व प्रतिवर्ग कि.मी. ८० जना छ भने जनसंख्या वृद्धिदर १.२५ % रहेको पाइन्छ।

समुद्री सतहबाट २२८ मी. देखि ८१६३ मी. सम्मको उचाइमा रहेको यस ऐतिहासिक भूमि गोरखामा सामान्यतया : मिश्रित मनसुनी खालको हावापानी पाइन्छ । यहाँ वर्षा जेठदेखि भाद्रसम्म हुने गर्दछ भने हिउँदमा पश्चिमी वायुले केही वर्षा गराउने भएता पनि यो नगण्य नै हुन्छ । यस जिल्लामा भौगोलिक भिन्नता भएकोले फरक-फरक खालको हावापानी पाइन्छ । सबै भन्दा तल्लो भागमा उष्ण त्यसपछि क्रमश: समशीतोष्ण, शीतोष्ण र लेकाली हावापानी पाइन्छ ।

### ३.२ **छोप्राक गा.वि.सको परिचय :**

नेपाल अधिराज्यको पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने तीन अञ्चलहरूमध्ये हरेक क्षेत्रमा उत्कृष्टता प्राप्त गरेको गण्डकी अञ्चलको ऐतिहासिक रूपमा प्रसिद्धि प्राप्त गरेको जिल्ला हो, गोरखा । यस जिल्लामा रहेको ६० गा.वि.स र २ नगरपालिका मध्ये जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा अर्थात् राजनैतिक विभाजन अनुरूप क्षेत्र नं. १ मा यो गा.वि.स. पर्दछ । यो गा.वि.स. परापूर्वकालदेखि नै नेपालको इतिहासमा कुनै न कुनै घटनाक्रमसँग जोडिदै आएको छ । चाहे विराट नेपालको शिलान्यासकर्ता द्रव्यशाहको राज्य स्थापनाको अवस्था होस, चाहे आधुनिक नेपालका निर्माता पृथ्वीनारायण शाहको राज्यकाल होस्, जुनसुकै बेला पनि छोप्राक र छोप्राकी जनतालाई स्मरण नगरी लेखिएको इतिहास अधुरो नै हुन्छ । करिब १३,००० फिट अग्लो लेक सिरान्चोक देखि समुद्र सतहबाट ८२० फिट होचाइमा रहेको भुसुण्डे र दरौदी नदीका फाँटसम्म फैलिएको यो गा.वि.स. कृषिकर्मी किसानहरूको कर्मभूमि पनि हो । गा.वि.स को पूर्वी भेगबाट अरु गा.वि.स. लाई छोप्राकबाट छुट्याउँदै दक्षिण वर्गको दरौदीको पश्चिम किनारा र पश्चिम दक्षिणको भुसुँण्डे खोलाको मलिलो फाँटले यो गा.वि.स. लाई अन्नको भण्डारका रूपमा चिनाएको छ । यसको साँध सिमानाका पूर्व दरौदी र खहअरेमाला पश्चिममा आँपपिपल र हर्मी गा.वि.स. उत्तरमा श्रीनाथकोट र धालाजुङ गा.वि.स. छन् भने दक्षिणमा खोप्लाङ गा.वि.स. पर्दछ ।

शाहवंशको उद्‌गम स्थल मानिएको गोरखा दरबारबाट नाङ्गै आँखाले देख्न सकिने छोप्राक प्राकृतिक र साँस्कृतिक रूपमा पनि उत्तिकै धनी छ । उता द्रव्य शाहको पालामा चेपे किनारसम्म दौडन पुग्ने गुरुङ र घलेहरूको रमणीय बस्ती चित्रेपाम यस गा.वि.स.को माथिल्लो भागमा पर्दछ भने इतिहासमा महान योद्धा कालुपाण्डे पनि यसै गा.वि.स.को फेदी अर्थात् हालको खोप्लाङका नागरिक थिए अर्थात् यिनलाई पोसिलो दूध खुवाएर राष्ट्र निर्माणको महान् वेदीमा होम्ने यिनको आमाको माइती गाउँ पनि छोप्राक नै हो । नेपालको प्रसिद्ध सिरानचोक गढी, मण्डली महादेवको स्थान, ताकैडाडाँ र चित्रेभञ्ज्याङ्ग पनि छोप्राक गा.वि.स. मा नै पर्दछन् ।

### ३.२.१ छोप्राकको नामाकरण

यस गा.वि.स को नामाकरणको बारेमा विद्वान्‌हरूको बीचमा एकमत पाईंदैन । हालसम्म प्रचलित मतहरूलाई हेर्दा गा.वि.स को नामाकरण सन्दर्भमा निम्नानुसार तर्कहरू प्राप्त भएका छन्-

(क) पहिले सिरान्चोक गढीमा गुरुङ्ग राजाको दरबार थियो रे । (भग्नावशेष हालसम्म पनि छ) त्यहाँ मण्डली महादेवको पूजा अर्चना गर्दा माझकोटका राजाहरू प्रसाद ग्रहण गर्न गुरुङ्ग राजाहरूको निमन्त्रणमा सिरान्चोक गढीमा पुग्ने गर्दा रहेछन् । गुरुङ्ग परम्परा अनुसार आफ्नो कुलदेवता र अंगेनो अरु जातिका मानिसलाई छुन र देखाउन हुँदैन भन्ने परम्परा अनुरूप खड्का राजाहरू पुग्नु अगावै छोपेर राख्ने हुँदा खड्कहरूले “देवता छोपेर राख्ने” भनेर गिज्याउँदै गिज्याउँदै “छोपराख” बाट अपभ्रंश भएर छोप्राक भएको मानिन्छ ।

(ख) अर्को एक किंबदन्ती अनुसार भित्रे पोखरी भन्दा (हाल वडा नं. १ मा पर्छ) केही तल घण्टे डाँडामा गुरुङ्ग रजौटाहरूको भोजभतेर रहेछ । त्यही मौकामा छिमेकी अरु रजौटाहरूलाई भोजमा निम्ता गरिएको रहेछ । गुरुङ्ग परम्परा अनुरूप खाना पकाएर ठूलो मान्द्रो तथा फराकिलो भाँडामा फिजाएर राख्ने परम्पराअनुसार फिँजाएको देख्दा लम्जुङ्गे राजा नरहरि शाहका दूतहरू हाम्रा महाराजले त छोपेर राखेको भूजा मात्र ज्यूनार हुन्छ भनेपछि भान्छामा बसेका बाहुनहरूले हतार-हतार केराको पातले छोपेछन् । फलानो थुमको गाउँमा त सधै छोपेर राखेको भात दिइदो रहेछ भन्ने हल्ला राघीनाससम्म पुगेपछि हेपेको भाषा “छोपराखे” भन्दाभन्दै छोप्राकी भनिएछ र छोप्राकी बस्ने ठाउँलाई छोप्राक भन्न थालिएछ ।

(ग) गोरखा मगरात प्रदेशको भू-भाग हो । मगरहरूले “भात” लाई “छो” र “प्राक” लाई पाइने ठाउँ भन्ने आशयले यस ठाउँको नाम छोप्राक रहेको भन्ने भनाई पनि छ । किनकी यहाँ धान फुल्ने ठूला-ठूला फाँटहरू छन् ।

यी र यस्तै तर्क वा किंवदन्तीहरुले छोप्राकको नामकरणमा सहयोग पुऱ्याएको छ । जे होस, सबै भन्दा विश्वासिलो तर्क भने तेस्रो तर्क नै हो ।

### ३.२.१ सिमाना र हावापानी

छोप्राक हालको सदरमुकामबाट २.३० घण्टाको पैदल यात्रामा पुगिने गा.वि.स. हो । यो करिब-करिब चतुर्भुज आकारको छ । यसको पूर्वमा गाँखु र नारेश्वर गा.वि.स पर्दछ भने पश्चिममा हर्मी र आँपपिपल गा.वि.स. पर्दछन् । त्यस्तै उत्तरमा श्रीनाथकोट र दक्षिणमा खोप्लाङ गा.वि.स. पर्दछ । हावापानीको हिसाबले यस गा.वि.स. मा तीन प्रकारका हावापानीहरू पाइन्छन् । दक्षिणको होचो क्षेत्र चारकोट देखि पोखरी डाँडा सम्मको वडा नं. ८ र ९ मा गर्मी हावापानी पाइन्छ भने वडा नं. ८ र ९ मा गर्मी हावापानी पाइन्छभने वडा नं. ४, ७, ६ को तल्लो भागमा समशीतोष्ण हावापानी पाइन्छ । यता उत्तरी क्षेत्रमा वडा नं. १, २ र ३ का परम, चित्रे, थुम्की र कटहरबारी क्षेत्रमा चिसो हावापानी पाइन्छ ।

### ३.२.३ जनसंख्या र शैक्षिक स्तर

वि.सं. २०६८ को जनगणना र गा.वि.स.को जनसंख्या सर्भेलाई आधार मान्दा यहाँको कूल जनसंख्या ७३९७ देखिन्छ भने पुरुष ३८११ र महिला ३६८६ छन् । त्यस्तै गरी साक्षरताको दृष्टिले हेर्दा हाल पूर्ण साक्षर गा.वि.स. भन्ने गरिएतापनि कूल जनसंख्याको ८५% साक्षर रहेको पाइन्छ। पुरुषहरू ३००५ जना छन् भने महिला ३९०७ जना रहेको पाइन्छ। गा.वि.स भित्र १ उ.मा.वि र मा.वि. २ वटा नि.मा.वि. र ५ वटा प्रा.वि. हरू छन् । जसले गर्दा यस गा.वि.स मा साक्षरता प्रतिशत र शिक्षित जनशक्तिको अवस्था राम्रो देखिन्छ ।

### ३.२.४ प्रसिद्ध ठाउँ सामाजिक जनजीवन र भाषा

यो गा.वि.स ऐतिहासिक र पुरातात्विक महत्त्वको देखिए तापनि मण्डली महादेवको स्थान सिरान्चोक बाहेक अन्य त्यस्ता राष्ट्रिय स्तरमा प्रसिद्ध र चर्चित ठाउँरू छैनन् । यो गा.वि.स को वडा नं १ र ४ मा गुरुङ्गहरूको घना बस्ती भएको हुँदा उनीहरूको लोकसंस्कृति र परम्परा आफ्नै प्रकारको छ । हिन्दू संस्कृतिसँग बढि नजिक भएको हुँदा कतिपय हिन्दू

संस्कृतिका चाडपर्व र रहनसहनको प्रभाव पनि उत्तिकै छ । हाँसखेल गर्नु, सामूहिक खेती गर्नु र नाचगान गर्नु उनीहरूको आफ्नै परम्परा हो । यस भेकका गुरुङ्गहरू आफ्नो गाउँघरमा आफ्नै भाषा बोल्छन् भने सभा समारोह र विद्यालयमा भने नेपाली भाषा नै प्रयोग गर्दछन् । वडा नं. २, ३, ५, ६, ७ र ८ मा ब्राम्हण, क्षेत्री, नेवार, बराम, दमाइ, कामी, तामाङ, सार्की जातिको मिश्रित बसोबास छ । छोप्राकीको मुख्य पेशा खेती नै हो । दक्षिण फर्केको धरातल भएको हुँदा धान, मकै, गहुँ र कोदोको खेती राम्रो हुन्छ । हिन्दू मार्गीको बोलाबाला भएको हुँदा यहाँको मुख्य चाडपर्व दशैँ र तिहार नै हो भने तीज, जनै पूर्णिमा, माघेसंक्रान्ती, चैते दशैँ, साउने संक्रान्ती जस्ता सामान्य पर्वहरू पनि मनाइन्छ । वडा नं. ३ र ६ मा बरामहरूको बस्ती छ । उनीहरूको आफ्नै भाषा र संस्कृति भए पनि  हाल लोपोन्मुख अवस्थामा छ । यस गा.वि.स. मा रहेका कामी, दमाइ र सार्की अर्थात् दलितहरूको आर्थिक अवस्था राम्रो छैन । यसको कारणले शैक्षिक अवस्था पनि कमजोर नै छ । वडा नं. ९ मा कुमालहरूको घना बस्ती छ । यिनीहरूको मुख्य पेशा खेती गर्नु हो । यस बाहेक फुर्सदको बेलामा दरौदी र चेपे खोलामा माछा मार्ने काम पनि गर्दछन् । यस जातीको पनि आफ्नै भाषा र संस्कृति भएपनि कुमाल भाषा र संस्कृति लोपोन्मुख अवस्थामा छ । सिङ्गो गा.वि.स को लवाइखुवाइ र रहन सहन सामान्य नै छ । पुराना बूढाबुढी गुन्यू-चोलो र दौरा-सुरुवाल, भोटो-कछाड जस्ता लुगाफाटामा देखिन्छन् भने आधुनिक युवा-युवतीहरू युग अनुसारको आधुनिक पोशाकमा सजिएका हुन्छन् ।

यो गा.वि.स. को सदरमुकामबाट नजिकै भए पनि आर्थिक विकासको क्षेत्रमा भने पछाडि नै छ भाषा, संस्कृति र रहनसहनमा सभ्यता र सुधारिएको संस्कृति अनुरूप अगाडि बढ्न खोजिएता पनि विभिन्न बाधा अड्चन र आर्थिक समस्याको कारणले यस गा.वि.स लोक संस्कृतिको जर्गेना हुन सकेको छैन ।

### ३.२.५ लोकगीतको सेरोफेरोमा गोरखा

नेपाली लोकगीत परम्परामा पश्चिमाञ्चल विकासक्षेत्र अत्यन्त चर्चित छ । यस विकासक्षेत्र अन्तर्गत पर्ने गण्डकी लुम्बिनी र धौलागिरी अञ्चलका विभिन्न जिल्लाहरूमा देश भरकै सर्वाधिक लोक कलाकारहरू रहेको पाइन्छ । विशेष गरी गुल्मी, अर्घाखाँची, कास्की, लम्जुङ्ग र गोरखा जिल्लाले त झन् लोकगीतका लागि राष्ट्रभरि नै चर्चा पाएका छन् । यस अध्येताले अध्ययन क्षेत्र गोरखा जिल्ला भएको हुँदा गोरखामा प्रचलित विभिन्न लोकगीतहरूको सामान्य चर्चा गर्नु सान्दर्भिक नै हुनेछ । यो जिल्ला बहुभाषी, बहुजाती र बहुसंस्कृति भएको जिल्ला हो । यहाँका गुरुङ्ग, मगर, कुमाल, तामाङ्ग र बाहुन-क्षेत्रीको बसोबास क्षेत्रमा आ-आफ्नै

रीतिरिवाज र संस्कृतिका आधारमा लोकगीतका प्रकार र विषय रहेको पाइन्छ । विभिन्न चाडपर्वमा गाइने पर्वगीतहरू, संस्कार अनुरूप पाइने संस्कार गीतहरू, सामान्य लोकगीतहरू, घाँटुगीतहरू, रोदीघरका लोकगीतहरू, अर्घौ लगायतका संस्कारमा गाइने कथा मिसिएका गीतहरू, पूजा आजाका बेलामा गाइने भजन-किर्तनका गीतहरू, चुड्का र रोइलाहरू यस क्षेत्रमा प्रचलित लोकगीतहरू हुन् । यस अध्येताले आफ्नो अध्ययन क्षेत्रलाई साँधुरो बनाएर यस जिल्ला भित्रको एउटा गा.वि.स. छोप्राकलाई मात्र लिएको हुँदा बिस्तारै विषय प्रवेश गर्नु सान्दर्भिक हुनेछ ।

### ३.२.६ लोकगीत परम्परामा छोप्राक

पश्चिमाञ्चल विकासक्षेत्रका १६ जिल्लाहरूमा गोरखा र लम्जुङ्ग जिल्लालाई लोकगीतको उद्‌गम स्थल मानिन्छ । यस भेकका गुरुङ्ग, मगर, दूरा, तामाङ्ग जस्ता लोक संस्कृतिका धनी मानिएका जनजातीहरूको बस्ती बाक्लो भएकोले नै यस्तो भएको हो भन्ने जानकारीहरूको भनाइ छ । छोप्राक गा.वि.स पनि गोरखा जिल्लाका अन्य गा.वि.स हरू जस्तै लोक परम्पराका धनी र लोक कलाकारहरूको घनाबस्ती भएकै क्षेत्र हो । तसर्थ यस भेकमा लोकगीतको परम्परा कसरी र कहिले शुरु भयो भन्ने बारेमा विभिन्न खोजमूलक तथ्य र यस भेकमा भेटिएका लोक कलाका पारखीहरूको संगतबाट निस्कर्षमा पुग्ने जमर्को गरिनेछ ।

छोप्राक पनि आधुनिक नेपालको निर्माण हुनु अगाडि देशभरि छरिएर रहेका बाइसे चौबीसे राज्यहरू मध्ये गोरखा राज्य भित्रको छोप्राक पनि एउटा सम्पन्न रहेछ । द्रव्य शाहको राज्यकाल अगाडि त झन् हाल यस गा.वि.स. को वडा नं. १ र २ मा पर्ने चित्रेपान र अमराई क्षेत्र लिगलिग कोटको अधीनमा र हालको वडा नं. ३ देखि ९ सम्मको क्षेत्र माझकोटका खड्का राजाहरूको अधीनमा रहेको किंवदन्ती भेटिन्छ । यस बेला पनि छोप्राकमा बसोबास गर्ने पोखरेलहरू लालु पाध्ये र कालु पाध्येका सन्तानहरूले रामायण र महाभारतका कथामा आधारित बालुनहरू ल्याएर माझकोटका खड्का राजाहरूलाई सुनाउने र विभिन्न लिलाहरू देखाउने गर्दथे भन्ने भनाइ पनि छ । (कमलनाथ पोखरेल महगाउँ) । त्यस्तै १८९२ तिर चित्रे गाउँका गोलबहादुर गुरुङ्गले आफनै घरमा गाउँका युवायुवतीहरूलाई बोलाएर गाउँका घर्तीहरूको सहयोगमा रोदीघर बनाएका रहेछन । (तत्कालीन घर्तीहरूलाई हरूवा-चरुवा तथा कमारो बनाइने गरिन्थ्यो) । उनका सन्ततीमध्येका साहिँला नानी छोटे कान्छा (गुरुङ्गहरू मुखिया) ले सोही परम्परालाई अनुसरण गरेर रोदीघरलाई यथावत् राख्दै आएको थिए । वि.सं.१९९० बाट चित्रे गाउँमा दोस्रो विश्वयुद्धमा भाग लिएर आएका युद्धवीर गुरुङ्गले यसै रोदीघरमा जम्मा हुने

युवा-युवतीको सहयोगमा लम्जुङ्गको कुँजेपानेस्वाँरा, गोरखाको सिँजुङ, बुद्धसिंह टार चिलाउने गाउँ, गाँखु जस्ता ठाउँमा रोदीको समूह बनाएर नाच्दै हिँडेको कुरा यसै समूहकी सदस्य चित्रे गाउँ निवासी ९८ वर्षकी छु माया गुरुङ्ग बताउँछिन् । वि.सं. २००९ सालमा प्रसिद्ध लोकगायक कोपमान गुरुङ्गको नेतृत्वमा युद्धवीर गुरुङ्ग, छुमाया गुरुङ्ग र हिरा गुरुङ्ग मिलेर स्व. महेन्द्र वीर बिक्रम शाहको निर्देशनमा नेपाल चीन मैत्री संघको तर्फबाट नेपाली संस्कृतिको प्रचार प्रसार गर्दै चीनका विभिन्न शहरमा नेपाली लोकगीतहरू गाएर फर्केको कुरालाई त्यसै समूहकी सदस्य हिरादेवी गुरुङ्ग (वर्ष ८२) बताउँछिन् । त्यस बेला गाइएको गीतको बोल .......

'कहिलेको झरी कहिलेको बादल कहिलेको घामछायाँ, दुई दिनको जिन्दगानी यो रामछायाँ' ।

जुन गीतको बोलमा संगीत मरेर वि.सं. २०४५ सम्म रेडियो नेपालले समाचार सुनाउनु अगाडि बनाउने गर्दथ्यो । त्यस्तै गरी छिमेकी गा.वि.स. का कृष्ण बहादुर गन्धर्व, हिरा गन्धर्व, सुरेश गन्धर्व, राम बहादुर गन्धर्व र सुके गन्धर्वले छोप्राकका हरेक गाउँघरमा पुगेर स्थानीय भाषामा लोकगीत गाएर थैतेती र कात्तिकेती, माग्ने सन्दर्भ स्थानीय बूढापाकाहरू बताउँछन् । यता बाहुन-क्षेत्री परिवारका महिलाहरूले गाउने तीजका गीतहरू, रत्यौली गीतहरू र कतैकतै ब्रतबन्ध र विवाहका साथ छोरी चेलीको नाक-कान छेड्ने बेला गाइने मागल पनि परम्परामा चल्दै आएको पाइन्छ । वि.सं. २००८ सालदेखि २०१५ सम्मको केही खुकुलो वातावरणमा लोकगीत, लोककथा, सिलोक (लोककविता), स्थानीय बाल चुट्का, ख्याती, सोरठी, पाङ्दुरी, झ्याउरे जस्ता लोक भाकाले राम्ररी विकास गरेको कुरा हाल स्थानीय गाउँमा गरिएको सर्वेक्षणबाट बुझ्न सकिन्छ । वि.सं. २०५६ सालको जनआन्दोलन पछि देशमा देखापरेको वातावरणीय परिवर्तनसँगै लोकगीत र लोक साहित्यका अन्य विधाहरूमा आएको परिवर्तन उल्लेखनीय देखिन्छ । त्यस्तै २०४६ पछिका दिनहरूमा त झन् देशका अन्य भू-भागहरूमा जस्तै छोप्राक गा.वि.स. मा पनि प्रशस्त लोककलाकारहरूले विभिन्न पर्व, जात्रा, मेलापात र परम्परागत कार्यहरूमा लोकगीत गाउने कार्यक्रम राख्ने, विधालयमा लोकगीत प्रतियोगिता गराउने, बिहेबटुलमा लोकगीत गाएर पञ्चैबाजाको तालमा नाच्ने प्रचलन बढ्दै गयो तर २०५२ बाट आकस्मिक रूपमा सुरु भएको आन्तरिक विद्रोहले लोक कलाकारलाई पनि नकारात्मक प्रभाव पाऱ्यो । विहेबटुलमा ठूलो जमघट गर्न नपाइने, गर्नुपर्दा सुरक्षाकर्मीको सहयोग लिनुपर्ने विद्रोही पक्षबाट पनि अनावश्यक झन्झट झेल्नु पर्ने स्थितिले पूजाआजा, चाडपर्व र विहेबटुलमा पनि धक फुकाएर आफ्ना उद्गारहरू प्रस्तुत गर्ने अवसर नपाएको देखिन्छ । वि.सं. २०६३

पछिको दिनहरू फेरि फराकिला र सहज बन्दै आएका छन् । स्थानीय एफ.एम. स्टेशनहरू खुल्नु, मेलापात र चाडपर्वलाई व्यवस्थित बनाउँदै लगिनु र देशमा धार्मिक र साँस्कृतिक स्वतन्त्रताको विकास भइसकेको कारणले यस भेकका लोककलाका पारखीहरू फेरि जुर्मुराएका छन् । आशा गरौँ अरु लोकविधा जस्तै लोकगीतले पनि अझै विकास गर्ने मौका पाउने छ ।

### ३.२.५ छोप्राक भेकमा प्रचलित लोकगीतका विशेषता

हुनत सिङ्गो लोक साहित्य लगायत लोकगीतका विशेषताबाट छोप्राकमा प्रचलित लोकगीतका विशेषतालाई छुट्याउने दुस्साहस गर्नु युक्तिसंगत नहोला तैपनि यस भेकका लोक कलाकारले गाउने लोकगीतमा केही तात्त्विक विशेषता महशुस गरिएको हुँदा संक्षेपमा चर्चा गरिने छ :

#### (क) मौखिक परम्परा

लोक साहित्यका अन्य विधाहरू जस्तै लोकगीतलाई पनि मौखिक परम्परामा आधारित मानिए जस्तै छोप्राक भेकका लोकगीतले स्थानीय मौखिक परम्परालाई बढी अंगीकार गरेको पाइन्छ । यहाँ गाइने लोकगीतहरू कुनै अभिलेख तथा लिखित परम्परामा आधारित छैनन् । चाहे जेठको घाममा घैया गोड्दा गाइने संगिनी गीत होस् वा तिहारको देउसी भैलो र स्थानीय पूजाआजामा गाइने झ्याउरे गीतमा होस् पूर्णत मौखिक परम्पराले मान्यता पाएको छ ।

#### (ख) श्रुति माधुर्यता

लोकगीत जुनसुकै स्वर वा तालमा भए तापनि त्यसभित्र श्रुति माधुर्यताको गुण हुन्छ । त्यसमा पनि गण्डकी अञ्चलका लोकगीतहरूले पुरै देशभित्र ख्याति कमाएकै छन् । गोरखा जिल्लाको छोप्राक पनि यस्तै वातावरणमा हुर्के बढेको हुँदा यहाँ गाइने लोकगीतहरूका वाहक स्थानीय गुरुङसेनी दिदीबहिनी, बराम् जातिका चेलीबेटी, कुमाल थरका पाङ्दुरे गाउने छोरी-बहिनी स्वरका धनी छन् र उनीहरूको गलाबाट निस्कने स्वर वाणीहरू श्रुतिमाधुर्यले भरिपूर्ण छन् ।

#### (ग) स्थानीय वास्तविकताको प्रस्तुती

हाम्रो देश गाउँ नै गाउँले भरिएको देश हो । छोप्राक पनि देशभित्रका चार हजार गा.वि.स. मध्ये एउटा गा.वि.स. हो । यहाँ भित्रको मेला-पात, दाउरा-घाँस, उकाली-ओराली, जीवनमरण, आँसु-हाँसो र सुख-दु:खका स्थानीय सुस्केराहरूलाई यहाँका लोकगीतहरूले सुसेलेका

हुन्छन् । यहाँका कलिला नानीबाबु देखि वयस्कहरूको स्वरमा स्थानीय जीवनको वास्तविकता राम्ररी ओकलिएको हुन्छ ।

### (घ) परिवर्तनशील अभिव्यक्ति

यो गा.वि.स. गहिरो बेसीबाट उकालिदै उच्च पहाडी शृङ्खलासम्म आकाशिएको र धरातलीय विविधताले भरिपूर्ण गा.वि.स. हो । त्यसैले उच्च पहाडी धरातलमा बसोबास गर्ने गुरुङ्ग जातिहरूको बस्तीमा एउटा लोकगीतलाई जसरी र जुन भाकामा प्रस्तुत गरिन्छ मध्य क्षेत्रका बाहुन-क्षेत्रीहरू, कामी, दमाई, सार्की र बराम बस्तीमा त्यही गीतलाई अर्को लयमा ढालेर गाइन्छ । त्यस्तैगरी बेसीमा पुग्दा भेटिने कुमालहरूको प्रस्तुती झन् भिन्दै प्रकारले हुने गर्दछ । अर्थात् एउटै गीत, एउटै भाका र सुर ताल पनि जातीगत तथा धरातलीय भिन्नता अनुरूप फरक-फरक पाइन्छ ।

### (ङ) ऋतुगत भिन्नता

यस गा.वि.स मा गाइने लोकगीतहरू ऋतुगत रूपमा फरक हुन्छन् । अर्थात् धरातल अनुरूप भिन्न जातीका मानिसहरूको बसोबास हुने र उनीहरूका चाडपर्व र जीवनवृत्ति समेत फरक हुने भएको हुँदा यहाँ गाइने लोकगीतहरू समाज अनुरूप फरक हुनु स्वभाविक नै हो । असारमा गाइने असारे गीत, तीजमा गाइने तीजे गीत, दशैंको मालाश्री र रोदीघर भित्रका उद्यौली र उभ्यौलीहरू ऋतुगत मात्र नभई विषयगत रूपले पनि फरक पाइन्छन् ।

### (च) लयात्मक विधिता

एउटा सिमित क्षेत्रको साँघुरो धरातल, थोरै बासिन्दा र कम लोक गायक हुँदाहुँदै पनि उनीहरूको लयमा भने एकरूपता पाइँदैन । एउटै तरिकाले शब्द संयोजन भएका गीतहरूमा पनि यहाँ गीत गाउने लोकगायकहरू विभिन्न सम्प्रदायका भएको हुँदा उनीहरूको कण्ठबाट निस्कने ध्वनि वा लयमा विविधता भेटिन्छ ।

### ३.३ छोप्राकमा प्रचलित लोकगीतहरू

नेपाल एउटा कृषि प्रधान देश हो । त्यस्तै गोरखा जिल्लाको दक्षिण पश्चिम भेकमा पर्ने छोप्राक गा.वि.स. मा करिब ९४% बासिन्दाहरू कृषि पेशामा नै रमाएका छन् । त्यसकारण उनीहरूले विभिन्न समयमा सुख-दुःखलाई उजागर गर्ने लोकगीतहरूलाई निम्न पाँच भागमा विभाजन गरेर हेर्न सकिन्छ ।

१. जन्म चक्र सम्बन्धी लोकगीत

२. ऋतु चक्र एवं कर्म सम्बन्धी लोकगीत

३. पर्वगीत

४. धार्मिक लोकगीत

५. बाह्रमासे लोकगीत

#### ३.३.१ जन्मचक्र सम्बन्धी लोकगीत

हरेक मानिसको गर्भाधानदेखि लिएर मृत्यु पर्यन्तसम्मका विभिन्न संस्कारगत कार्य गर्ने गराउने चलन हाम्रो समाजमा विद्यमान छ । यस्ता संस्कार वा जीवन चक्रमा गरिने विधि र व्यक्त गरिने मनोभावनाहरू फरक-फरक छन् । ती भावनाहरूलाई गेयात्मक रूपले पस्कने चलन नेपाली ग्रामीण समाजको परम्परादेखि नै चलि आएको पाइन्छ । नेपाली संस्कार अनुरूप जन्म, नामाकरण, अन्नप्राशन, विवाह, चुडाकर्म, ब्रतबन्ध जस्ता संस्कारहरूमा फरक-फरक गेयात्मक अभिव्यक्ति प्रस्तुत गर्ने चलन छ । यस्तो चलनबाट छोप्राकमा बसोबास गर्ने लोक गीतका पारखीहरू पनि अछुत छैनन् । तर, धेरै जसो संस्कार गीतहरू आधुनिक जनजीवनको प्रवेश र पश्चिम जीवन पद्धतिको आक्रमणले लोप हुने लागेको अवस्था छ । तैपनि छोप्राकको सेरोफेरो चाहार्दा माहल/मागल र रत्यौली गीत भने अझैं भेट्न सकिन्छ । तिनीहरूको बारेमा संक्षेपमा चर्चा गरौं ।

##### ३.३.१.१ माहल/मागल गीत

माहल वा मागलको वास्तविक रूप मंगल हो । 'मंगल' शब्दलाई स्थानीय भाषामा लोकबासीहरूले आफ्नो स्थानीय भाषिका अनुरूप निर्माण गर्ने क्रममा माहल/मागल भई अपभ्रंश भएको मानिन्छ । यो विशेष गरी महिलाहरूले गाउने हुँदा मागललाई नारीगीत पनि भन्ने चलन छ । यो गीत प्रायः कन्याकेटी र सौभाग्यवती

महिलाहरूले मात्र गाउँछन् । यस गीतसँग कुनै वाद्यवादन वा धुनपनि बजाइँदैन । छोप्राकको मध्यभागमा पर्ने विशेष गरी ब्राम्हण परिवारको विवाह उत्सवमा यस्तो गीत गाइन्छ । कतै-कतै ब्रतबन्धमा पनि गाउने चलन छ तर ब्रतबन्धमा भने सौभाग्यवती वा कन्या केटीको जरुरत पर्दै बटुककी आमा, सानिमा माइजु, मामाघरकी हजूरआमा जो कोहीले पनि यो गीत गाउँछन् । विवाह पर्वको अघिल्लो दिन यज्ञ मण्डप बनाउने, कसार (गणेश) बटार्ने क्रम सुरु भएपछि मागल पनि सुरु हुन्छ । पिण्ड सार्ने, गोडा धुने, सिन्दुर राख्ने, जुठो खुवाउने र बेहुलीलाई डोली चढाउने बेलामा गाइने मागल गीत फरक-फरक हुन्छन् । उदाहरण स्वरूप बेहुलीलाई डोली चढाउँदा आमा छोरीको बीचमा भएको एउटा मागल संवादलाई हेरौँ:

छोरी : हेर के गरौ छोरीको जन्म पाएँ

अगी नै कर्ममा चुकी हारी आएँ

करैले सब छोडी आफ्नो समाज

कहाँ जान लागेकी छु नि म आज

यी राम्रा विरुवा लगाएँ बढाएँ

लहरालाई रुखमा चढाएँ

नफल्दै नफुल्दै सब छोडि अहिले

बिरानो ठाउँमा जान पर्ने मैँले

म जन्मे यही नै अगिकै धुलामा

लडिबडि गरे उफ्रे कुँदे यही थलामा

सुखैले बढे मजैले दिन काटे

मैले मेरी आमा सबै छोडी जान आँटे

खडा छन् बिचरा ती साथी संगिनी

कठै प्राण प्यारा ती भाइ बहिनी

छिमेकीहरूको पनि लाग्छ माया

भए आज देखि सबै पराई

ती मैदान गल्ली ती खेत बारी

पँधेरो तलाउ नदी वारीपारी

मलाई छ अहिले ठूलो ताप अहिले

पिताको कहाँ मुख देखुँ मैले

जता हेर्छु लाग्छ साह्रै उराठ

मै मेरी आमा छुटे काखबाट

ठूली पार्नु भयो सन्देहले पाली ताली

दुवैको दृष्टि थियो मै माथि खाली

बिदा दिई मलाई कसो गर्नु होला

तपाईहरूको पनि चित्त रोला

म एकछिन नदेखिए पनि आत्तिएर

कराउनु हुन्थ्यो मेरी आमा भनेर

न्यास्रो कति लाग्ला म जाँदा

बिरामी भएर दुवैलाई दैव लाग्दा

आमा :

सुन छोरी यो कष्टको विलाप

दुवैको परें चिन्तामा भरि ताप

तथापी ती आमा फकाई फुल्याई

खुबै ध्यान दी भन्दछिन छोरीलाई

ए छोरी जाउँ खुसी साथ घरमा

नरोउ चल्ने चल्ति छ यही लोक भरमा

म दिन्छु तिमीलाई यो अर्ति सत्य

बताए बमोजिम काम गर नित्य

बिहान उठी नम्र भई भक्तिसाथ

झुकी स्वामीको पाउँमा राख माथ

सदा दण्डवत प्रेमले खुसी मानी

गर आफ्नो घरको काम सारा जानी

सम्हाली अनी देहका शास्त्र सार

गएर सबै झ्याल ढोका उघार

मधुरो सफा बोलीले सुत्त सुत्त

जगाऊ है परिवारलाई समस्त

यदि छैनन नोकर भाकान अन्त

गयामा कुचो हातमा लिई तुरुन्त

कसिंगर कुनाकानीको सफा बढारे

लिपी पोती चौका घर सफा पारे

दिसा गई सुची भै दतिवन लगाऊ

नुहाऊ सफा वस्त्र पहिरी आऊ

अगेनमा झट्ट अग्नि जगाऊ

अनि आफ्ना कोठाभित्र जाऊ

धरी सामु ऐना फुकाएर केश

सफा पार्नु चुल्ठी बाटी वेश

जुहीजाई केही न केही फूल गाथी

लगाउ तिमीले सधैँ शीरमाथि

अनि भट्ट भण्डार कोठा भित्र जाऊ

पकाउने तुल्याउने सबचिज ल्याऊ

उज्यालामा राखी केलाएर फेरि

सफा पार्नु आफूले हेरि हेरि

- लिला पोखरेल, छोप्राक-२

यस्तै गरी ब्रतबन्धको शुभ अवसरमा मामाले कपाल खैरदा दिदीबहिनीले फूल अक्षता राखिएको थाल लिएर थाप्छन् । यही मौकामा बटुकको फुपू, आमा, सानिमा, मामाघरका हजूरआमा, माइजू, जो-जो उपस्थित छन् तिनीहरूले यसप्रकार मागल गाउँछन् ।

जस्तै:

राम जस्ता गुणी भए कृष्ण जस्ता राजा

आजदेखि ठूला भए मेरा सानु बाबा

तिम्री आमा लक्ष्मी हुन् बाबा होलान् देव ऽ गरेस सबको सेवा ऽ

पढ्न जानु ऽ बृन्दा वनमा ऽ पुरेत हुनु सबको ऽ

धर्म कर्म ऽ खुबै गर्नु ऽ अध्ययन गर्नु बेदको ऽ

दाजु भाइ ऽ दिदी बहिनी ऽ सबको सेवा गरेस ऽ

आमा बाबु ऽ इष्टमित्र सबको ऽ सेवा गरेस् ऽ

- स्रोत बाटुला पोखरेल, २

यसै गरी जोगीको भेषमा भएको बटुक कमाण्डलु लिएर काशीतिर हिँड्न लाग्दा हजूरआमा, आमा, सानिमा लगायतका आफन्तहरूले गाएको मागल सुन्दा सुन्नेहरूको आँखा पनि रसाउँछन् । यसको सामान्य उदाहरण प्रस्तुत गरौं । जस्तैः

दशै मैना ऽऽ गर्भमा बोके दु:खेसो ऽऽऽ गरेर

पाले पोसे ऽऽ हुर्काएँ तिमीलाई ऽऽ म आफै मरेर ऽ

हे राम ऽऽ हे राम ऽऽ सुबुद्धि देऊ ऽऽ मेरो बालालाई ऽऽ

अब त कही ऽऽ जानु पर्दैन ऽऽ पढ्नलाई

पाल्नु पर्छ ऽऽ यो दु:खी ऽऽ विरही आमालाई

हे राम ऽऽ हे राम ऽऽ सुबुद्धि देऊ ऽऽ मेरो बालालाई

रुद्राक्षको माला ऽऽ कमाण्डलु लिई ऽऽ मगन्ते भेषमा

नजाउ बाल्न ऽऽ हे मेरो बाला ऽऽ पराई देशमा

हे राम ऽऽ हे राम ऽऽ सुबुद्धि देउ ऽ मेरो बालालाई 'स्रोत झुमकुमारी छोप्राक, ५

यस्तै गरी विवाहको बेलामा बेहुलीको घर नजिकै जन्ती आइपुग्दा जन्ती पर्सने तरखरमा लागेका बेहुली तर्फका महिलाहरू यसरी मागल भट्याउँछन् -

मैदानीको रिमीझिमी तगारीमा आइपुग्यो

थरथरी मेरो बाबा काम्यो तिम्रो मन ......... २

तगारीको रिमीझिमी आँगनीमा आइपुग्यो

थरथरी मेरो बाबा काम्यो तिम्रो मन ......... २

थाली अन्न अक्षेती माली गाईको दुधीयाँ

पसे बाबा नगरीको लोक ऽऽऽ ............ २

सुनकल्चे झरी बाबा गंगाजले पानीले

छेके बाबा दुलाहा हरिलाई .......... २

कदमको गाछीमुनि रदला रानी खेलेकी

कुन हो चेली तिमरी बाबा .......... २

नङ केश काटेका चरी गाँढा पारेका

तिनै हुन् प्रभू हामरा बाबा ......... २

यस्तै गरी गोडा धुँदा गाइने मागलको एउटा सानो अंशलाई पनि हेरौँ ।

सुनकल्चे झारी बाबा गंगा जलको पानीले

धोऊ, न बाबा श्रीरामको पाऊ .......... २

भराइदेऊ बाबा कन्याको माथ ............ २

सुनकल्चे झरी बाबा गंगाजलको पानीले

देऊ न बाबा शुद्ध कन्यादान ......... २

गाग्री कुँडे दाइजो सकेनौ दिन हामीले

दियौ नी हजूर शुद्ध कन्यादान ....... २

हात्तीघोडा दाइजो सकिँएन दिनलाई सुम्पियौँ प्रभु शुद्ध कन्यादान ........ २

स्रोत : जमुना पोखरेल - ८

### ३.३.४.२ रत्यौली गीत

पश्चिम नेपालतिर रतेली भनिने यो संस्कार गीतलाई गोर्खामा पर्ने छोप्राकतिर रत्यौली भन्ने चलन छ । सुदूर पश्चिमतिर ब्रतबन्ध, छैंठी र यस्तै संस्कारमा राती गाइने हुँदा यसलाई रतेली भनिएको होला । राती + यौली मिलेर बनेको यो शब्दले मध्य र पूर्वी नेपालमा भने बिहे घरमा दुलाहा अन्माएपछि उसको घरमा रहेका नारी आफन्तहरूले गाउने गीतलाई बुझिन्छ ।

विशेषत: यो नृत्य गीत हो । वास्तविक रूपले भन्दा रत्यौली गाइने स्थलमा पुरुषलाई प्रवेश निषेध गरिएको हुन्छ । तर आजभोलि शिक्षा र सञ्चारको विकाससँगै रत्यौलीमा अश्लीलता कम हुँदै गएकोले पुरुषहरू पनि रत्यौली गीतमा सहभागी भएको पाइन्छ । दुलहीको घर टाढा भएको र जाँदा आउँदा धेरै समय लाग्ने कारणले पनि दुलाह अन्माए पछि दुलही नभित्र्याए सम्मको समयमा रत्यौली गीत गाउने प्रचलन छ । यस सन्दर्भमा रत्यौली गीतको उदाहरण हेरौँ -

**दुलाहा अन्माउने बित्तिकै**

मखमली फूल जस्तै बाबा अन्माइ पठाएँ
कहाँ नै पुग्यो होला ? उसको वरियाँत ।
जहाँ नै पर्यो होला हिँड्दा हिँड्दै साँझ
त्यही नै पर्यो होला वरियाँतको बास् ।

**दाइजो सन्दर्भमा**

सिरफूल लिएर जाँदा कत्रो दोषलाई
कत्रा देलान गाग्री कुँडे कत्रा देलान गाई ।
लोटा जत्रा गाग्री कुँडे भुसा जत्रा गाई
आउन लागे रामजी सीता अगि लाई

**दुलही भित्र्याउँदा :**

पूर्वको डाँडाबाट झर्‍यो मैना ।
झ्यापुन डोली लचक्कै राख भुइमा ॥
मुठी मुठी रुपियाँ थाप मेरी नन्दज्यू ।
बाटो छोड नन्दज्यू पस्छु भण्डार ॥

बाबा पनि मेरै हुन् आमा पनि मेरै हुन्
बाबा आमा रहुन्जेल दिन्न भण्डार
यो घरको ताला साँचो मेरै हाल आउनेछ
मैँ चेलीले अड्कलेको खानु पर्ने छ ।

\- जुठी कुमाल छोप्राक - ९

यस्तै गरी केही अश्लील रत्यौली गीतको नमूना तल प्रस्तुत गरिन्छ ।जुन रात छिप्पिदै जाँदा र पुरुषहरूको संख्या कम हुँदै गएपछि रत्यौली गीतमा जोगी जोगिनीको भेषमा नाच्दै, गाउने गीतको एउटा नमूना हेरौँ :

खरबारीमा खर छैन

आइज झिल्के डर छैन

खरबारीमा खरायो

झिल्के आउनै डरायो

गाउँदै नाचीदै झिल्के गाउँदै नाची दे

दुलाहाका आफन्तको कम्मर भाँची दे

सर्पको काँचुली मौरीको घार

दुलहाको आमालाई आँगनीमा झार

ओजी ओजीले दुलाहाको आमालाई खोजी  खोजी ले ।

आगो फुक्ने गागरु त पानी भर्ने सोते

कानमा लाउने बुलाँकी त नाकमा लाउने पोते

बाटो भिरालो बाज्यै बाटो भिरालो

पातलीले लोग्ने रोजी डाढे बिरालो

काली बाखरीको लामो-लामो कान

एउटा पोइकी दुईटी स्वास्नी झुत्रे गुन्यू तान

लामो पराल गुँदरीलाई छोटो पराल गाइलाई

के भनेर बोलाउने हो जेठाजुको भाइलाई

- सरला कुमाल - ९

उडी आयो रानी चरी सैलुङ्ग डाँडा काट्यो

तिम्ले हाम्ले लाको माया बादलु झै फाट्यो

दाइ गए म जान पाइँन

झ्याल काटे पुतली रेलैमा

बाह्रहाते पटुकी मेरो बारैमा सुकाइदेऊ

झन् परजान्छु झन् माया लाग्छ मोहनी फुकाइदेऊ ।

दाइ भए म जान पाइन

झ्याल काटे पुतली रेलैमा

वारीपट्टि हलो काटी पारीपट्टि चोइटा

सबैजना जम्मा भए मेरो माया खोइत

दाइ गए ................................

.............................................

एक हल गोरु बारी जोत्ने एक हल गोरु दाइमा

गुन्द्री बुन्ने सीप छैन बास चिसो भुँइमा ।

- सरस्वती बराम, छोप्राक - ३

उकालीमा टेक्ने लौरी समाउनेमा बेत

तिमीलाई भने छैन माया मलाई मात्र के त ?

हरर तितिरी धानैको पाँजैमा

मारीलेऊ सिकारी बेलुकी साझैँमा ।

एक चिलिम तमाखु त नली नलाई खाइन

यति राम्री पातलीलाई अघि नलाई गइन

हररर तिरिरी ...............................

.................................................

आकासको कालो मैलो बादलुले हो कि

दिदी बहिनी बैनी राम्री गाजलुले हो कि

हररर तिरिरी ...............................

.................................................

उकालीमा जाँदाजाँदै दाहिने पर्‍यो बर

मान्छे देख्दा नौलो लाग्छ काँ हो नानी घर

हररर तिरिरी ...............................

.................................................

काली काली बाखरीको मासु मिठो खुट्टी

जेठी मरे कान्छी ल्याउँला मै मरे छुट्टी

हररर तिरिरी ...............................

.................................................

- स्रोत : राज कुमारी भुजेल, छोप्राक

### ३.३.२ ऋतुचक्र वा श्रम सम्बन्धी गीत

नेपाल कृषिप्रधान देश हो । देशका अधिकांश जनताहरू कृषि पेशामा नै आधारित छन् । छोप्राक गा.वि.स. पनि ग्रामीण भू-भागले ढाकिएको हुँदा यहाँका मानिसहरू पनि ऋतु अनुसार विभिन्न समयमा विभिन्न किसिमका खेतीबाली लगाउने, गोड्ने, काट्ने, थुपार्ने जस्ता काम गर्ने हुँदा सोही अवस्था गाइने लोकगीतहरूलाई ऋतुचक्र एवं श्रमगीत भनिन्छ । श्रम वा कर्म गर्दा

थकावट नहोस्, समय बितेको थाहा नहोस् भन्दै काम कै क्रममा यस्ता गीतहरू गाइन्छन् । त्यसैले यस्ता गीतलाई कर्मगीत पनि भन्ने चलन छ । खासगरी संगीतमय बातावरणमा काम गर्दा आनन्द आउने हुनाले पनि समाजमा यस्ता लोकगीतहरू गुन्जिने गरेको पाइन्छ। यस गा.वि.स. मा गाइने श्रम गीतमा असारे, जेठ, दाइ गीत, हरेलो, गोडेलो, लोरी गीत आदि पर्दछन् । जसका बारेमा संक्षेपमा चर्चा गरिन्छ ।

३.३.२.१ **जेठे गीत**

जेठ महिनाको गर्मीमा चोरकाटे टार र गा.वि.स. भित्रका वेसीहरूमा काम गर्दै गाउने गीतहरूलाई जेठे लोकगीत भनिन्छ । छोप्राक गा.वि.स. भित्र जेठको गर्मीमा मकै र घैया गोड्दा यस्ता गीतहरू खासगरी महिलाहरूले नै गाएको सुनिन्छ । चर्को घाम र गर्मीलाई बिर्सदै समय चाँडै र रमाइलोसँग बितोस् भन्ने उद्देश्यले पनि यस्ता गीतहरू गाइएको पाइन्छ । सानो छत्री टाउकोमा, तप-तप चुहिएको पसिना र विरहका स्वरले चेलीबेटीको व्यथालाई उजागर गर्ने यस्ता गीतहरू मार्मिक र उदाहरणीय हुन्छन् । जस्तै:

अग्राखे काँठ फलामको काँटी झ्याल ठोक्यो कार्मीले मायालु

जेठको घाममा मिलाएर ठ्याम्म झ्याल ठोक्यो कार्मीले मायालु

आइजन बादल छेकिदै घाम मैं मरें गर्मीले मायालु

टारको ठाम कति चर्को घाम मै मरे गर्मीले मायालु

दही दिँदा खाइनौ, दूध दिँदा खाइनौ मोहीको पानी ढुक्दै छौ ।

जुन थालमा खायौ, दूध र भात त्यही थालमा चुठ्दैछौं ।

सडेर गयो पिपलको हाँगा हावाले भाँचेको मायालु

जता जता पाक्यो ऐंसेलु काफल उतै चरी नाचेको मायालु

बालक कालमा लाएको माया पिना सरी पाल्दै छौं मायालु

आफन्त ठानी औलो दिँदा खेरी डुडुल्दो निल्दैछौं, मायालु ।

- सविन्द्र भट्ट वडा नं. ५, छोप्राक

यस्ता गीतहरूलाई वडा नं. २ र ३ मा गोडेलो गीत पनि भन्ने चलन छ । गोडेलो गीत गाउनेहरू पनि महिला नै हुन्छन् । गृष्म ऋतुको सुरुवात जेठको घाम ठूला-ठूला पाटेगरामा लहरै बसेर घैया गोड्दा माथितल दुवै तिरबाट तातो र बाफले सताएको संगिनीहरूसँगै बसेर एक आपसमा मुखामुख गर्दै, मस्कदै, हाँस्दै, कहिले आँखाभरि आँसु भरेर, घरपरिवारको चलन चाँजो पारिवारिक खिचातानी, मायालुको खोजी र स्थानीय घटनाहरूसँग सम्बन्धित गीतहरू गाएको प्रशस्त सुन्न पाइन्छ । यसको उदाहरण पनि हेरौँ -

एकै र मुठी निगाली घाँस भेडाको थुमेलाई ...... २

पहिलो चरण अरुलाई होइन घरकै भूमेलाई ।

एकै र मुठी जिरीको सावा तेलैमा तारेको ..... २

सिउँडीको बारमा खेतालाको हारमा के सुन्न परेको ।

पाथीमा पाथी दुधैमा दिने राजाको गाजुगाई ...... २

न मेरो बाबा, न मेरो आमा न मेरो दाजुभाई ।

हातै र निलो मुखै र तितो ऐरेलु खाइछु र ...... २

रसिलो माइती विरसिलो भयो मै दु:खी आइछु र ।

सुपारी खानु कुटु र कुटुट बेल खानु फोरेर ...... २

बाचुन्जेलसम्म हाँस्नु र खेल्नु के लानु मरेर ।

पारी र पाखा बिहानी पख घाम लाग्यो घमाइलो ..... २

दुई चार गीत भनौ है साथी बसेको रमाइलो ।

स्रोत :सुमित्रा कुमाल, छोप्राक ९

यस्ता गीतहरू दोहोरी भन्दा संगिनी शैलीमा गाउने गरिन्छ ।

### ३.३.२.२ **हरेलो**

यस्ता गीतहरू प्राय: श्रावण महिनाको अन्तिम भदौको मध्येसम्म अर्थात तीज आउनु अगाडि गाउने गरिन्छ । भदौरे पानीले भिजेको शरीर, तीजको आसपासका छोरीचेली, नयाँ मकैको ढिडो र लैनो भैँसीको मोही, चिसो पानी माइतीको सम्झनामा खेतबारी टोलाउँदै गाउने लोकगीतलाई छोप्राकतिर हरेलो भन्ने गरिन्छ । हरेलो गीत विरह व्यथाको मात्र नभइ हाँसो र खुशीको पनि हुन्छ ।

खुशी ठट्टाको प्रसंगमा -

पूर्वको घाम पश्चिममा कुहिरो

दिनभरी झरी भो ।

कान्छीको जिऊ भिजेको देख्दा

मन मेरो मरी गो ।

स्याल कुहियो

बाँदल कुहियो ॥

अफे अफे

नआइज पानी ।

भदौका बारा

टिपका तारा

पहेँला चौटा, उँघो उँधो

भाइ हो हाम्रा दिन आए ।

**विरहको सन्दर्भमा**

तीजनै आयो माइत जान्छु

आमालाई भन्ने छु ।

पति त मेरा साह्रै नै रुखा

यो कुरा लाइदिन्छु ।

सुन्तलाबोटे खेतको कुलो जिम्मलले मारेछन्,

बाह्रैमासे खेल्न बस्दा तिलहरी हारेछन् ।

बाख्राको खोर्मा त्यो गुरुङ तोर्मा साह्रैनै बाठो छ ।

पतिले मलाई आक्षेप लाउँछन् माइतीमा नाठो छ ।

जान्ननि दिदी घरमा मत सासुले भुतल्छिन्

नभाको कुरा छोरालाई लाउँछिन् आफैले खोतल्छिन्

अफे ......... अफे

आइज कुहिरो

झ्याउँकिरी कराउँछ

पानी है पर्‍यो रिमी र झिमी तालपानी पहिरामा

मेरा है स्वामी कान्छी लिन गाछन् जुटपानी गैरामा

भरे त ल्याउलान् कान्छीलाई पनि म परे दोधारमा

भावीले मेरो के लेख्यो होला अभागी निधारमा ।

अफे - अफे

नकरा न्याउली

साँझ पर्न लाग्या छ ।

स्रोत : संगीता गैरे, ६

### ३.३.२.३ **दाइँ गीत**

असारमा रोपेको धान, गोडमेल पछि हुर्केर सरद ऋतुलाई पार गरेपछि कार्तिक-मङ्सिरमा पहेलपुरे झुल्दा छोप्राकी किसानले नयाँ सपना नदेख्ने कुनै भएन । मानो खाएर उब्जाएको मुरी घरभित्र पसाउँदा कन चाहिँ किसानको मन खुशीले नाच्दैन र ? रातदिन लगाएर कुन्यु बनाएको धान पराल छुट्याउँदा एकातिर घरमूली भुमे पुजामा व्यस्त हुन्छन् भने अर्कोतिर खेतालहरू धान झाँट्ने पराल ओइरने, गोरु धपाउने र मिठो मसिनो खाने धुनमा हुन्छन् । भनाइ छ : "भूमि राजालाई सम्मान गरे सह भित्रिन्छ, त्यस वर्ष धान बढ्छ ।" यसै प्रसंगमा गोरु धपाउनेले दाइँगीत गाउन थाल्छ :

ह ह ह हो हो हो दाइ बरादो हो हो हो

पुतली गाइको बाच्छो माली गाइको नाति

हिड्न लाग्यो मेरो बरादो धान पराल माथि ।

हो हो हो ह ह ह बरादो हो

हो हो हो ह ह ह बरादो हो हो हो

मेरा भाइ बरोदोका लामालामा कान

देउन भूमे राजा खला भरि धान

हो हो हो ह ह ह हो हो हो बरादो ऽ ऽ ऽ

भाइराजा बरादो लामा लामा सिङ

आजको खला वरिपरि सिमल चरी रिद

हो हो हो ह ह ह बरादो हो हो हो

तारे, माले, झाले, तिखे हिँड छिटो छिटो

पराल खाँदै हिँड बरादो पछि खाउँला पिठो

हो हो हो ह ह ह ऽ ऽ ऽ

यस्तै गरी दाइ गीतमा सीमलचरीको गीत पनि गाइन्छ । यसको उदाहरण हेरौँ

कुनै देशमा मेरा भाइ बरादो

ठूला मुखिया रहेछन् ..........

मेरा भाइ बरादो हो ऽ हो ऽ

उनी आफै लगेर धान रोपेछन्

गाउने बजाउने गरेछन् ..........

अनि त्यसपछि

मेरा भाइ बरादो हो हो हो ......

राम्रो गोडमेल पछि

सबै जना मिली

खलो बनाइका

मेरा भाइ बरादो हो ऽ हो ऽ हो ऽ

दश भाइ मिली

दाइ गर्न लागे .....

हो ऽ हो ऽ हो ऽ हो ऽ

दाइ गर्न लाग्दा

सिमलचरी आइ

हो ऽ हो ऽ हो ऽ

मियो माथि बस्यो

सबैजना मिली

सिमल चरीलाई

धपाउन लागे ।

हो ऽ हो ऽ मेरा भाइबरादो ।

खला भरि धान

भर्न थाले मिली

दयरे दे फेरि

कति पनि नघट्ने

भएपनि फेरि

मेरा भाइ बरादो ऽ

हो ऽ हो ऽ हो ऽ

कुनियोमा आगो

लगाइदिएछन् ।

सिमे भूमे रिसाए

हो ऽ हो ऽ ऽ हो ऽ ऽ ऽ

सिमलचरीको पनि पखेटा डढेछ ।

रिसाएकी सिमलचरीले

मुखियालाई सराप

दिएछ ति भाइ हो ।

हो ऽ हो ऽ हो ऽ

त्यसै दिनदेखि

हाम्रो धरतीबाट

सह उडिगयो ऽ

हो ऽ हो ऽ हो ऽ ऽ ऽ

मेरा भाइ बरादो

तिमीहरू मिली

सह ल्याउनु पर्छ

हो ऽ हो ऽ ऽ हो ऽ ऽ ऽ

मेरा भाइ बरादो ऽ ऽ ऽ

स्रोत : कृष्ण प्रसाद पोखरेल, छोप्राक ८

### ३.३.२.४ असारे गीत

जब वर्षा ऋतु सुरु हुन्छ, किसानहरूको लागि बेफुर्सदको समय पनि शुरु हुन्छ । मानो खाएर मुरी उब्जाउने सोचले उनीहरू खेतमा पुगेका हुन्छन् । खेत रोप्ने रोपार र बाउसे एक अर्कालाई हिलो छ्याप्दै गाउने गर्छन् भने धनीमानी र ठूलावडाको रोपाइँमा गाउने बजाउने पनि गरिन्छ । पञ्चेबाजाको धून र युवायुवतीको रोमान्सले रोपाइ गरेको खेत रमभम हुन्छ । यस्ता रमभम बाहेक साधारण तरिकाले खेत रोप्दा पनि रोपाइँ गीत अर्थात् असारे गीत गाइन्छ । यसका केही उदाहरणहरू हेरौ :

हे लेकैको भुमा गाई पाथीमा पाथी दुधै र दिने

लेकैको भुमा गाई,

हे लेकैको भुमा गाई, कहाँ जन्मे राम लक्ष्मण काँ-जन्मिन सीता माई

भनन न भन नढाँटी भन काँ जन्मिन सिता माँइ

हे के राम्रो बगर काशीमा गंगा भैराखे सम्म

के राम्रो बगर ऽ ऽ

के राम्रो बगर काशीमा गंगा भइराखेसम्म के राम्रो बगर

बैरागी ज्यान त बैरागी भयो भो गिल्ला नगर ।

छुपुमा छुपु खेतैमा रोपौँ हातमै बिउ रउन्जेल
खान र लाउन दौलतै थियो माइतमा रहुन्जेल
माइतमा रहुन्जेल
खान र लाउन दौलतै थियो माइतमा रहुन्जेल
हो कि र होइन, हो भनी देउ न माइतमा रहुन्जेल

**असारे दोहोरी**

रुमालमा गनेर घैलीमा भरि महिन्द्र मल्ली रुमालमा गनेर
रुमालमा गनेर काँ देखि आएँ लौर नै टेकी मायालु भनेर
धोवीले नधुनी कैलोमा सारी मैलो भयो धोवीले नधुनी
घाँस काट्ने मेसो के भन्यौँ तेसो किन माया नहुनी
काटी खानी सुपारी त फोरी खाने बोल
कदमको छायाँ ज्यान तिम्रो माया होला र कतिन्जेल
गाउँमा फुल्यो लालीगुराँस बेसी फूल्यो जाई
कदमको छायाँ हजूरको माया जिन्दगी भरिलाई
धनु र बाँसको गुलेली खासको चरीलाई लाग्दैन
चितौने तोरी जिन्दगी भरी होला जस्तो लाग्दैन
हातै लिने कलम र मसी अक्षर लेख्ने ‘क’
फुल फूल्यो जाई मै दु:खीलाई के पत्यार मान्थ्यौँ र ।

केटी : दरौदी फाँट भैँसीको ताँत बगाले थापाको
चुइकिने जुत्ता तालमार भित्ता कुकुर छ मायाको
आँपगेडी काँचो ख्याल होइन साँचो गुलियो कसार
हनुमुने ढोका उघारी हेर्दा लागेछ असार

नेपालैतिर तिनै शहरमा पाकेछ दाल्चिनी

अँध्यारो रातमा कोही छैन साथमा

पठाइदेऊ लाल्टिनी ।

केटा: असारे मासको दबदबे हिलो छि : मलाई घिन लाग्यो र

पातली नानीलाई फरिया किन्दा छ बीस ऋण लाग्यो ।

बाबा र ज्यू गहिरी खेत

बिउ खायो ढुकुरले

चुइकने जुत्ता तालभर भित्ता के गर्छ कुकुरले ?

केटी : चैत र जाँदो बैशाख लाग्दो पात खायो किरीले

उसै त राम्रो हजुरको दन्त झन् राम्रो बिरीले

भोटको चिनमा असारको दिनमा

जाम रोपाइँ गर्नलाई

अन्न हो भलो मङसीर खलो

भकारी भर्नलाई

सेलका फन्का दही र च्युरा खाने हो दोपरे

हली र बाउसे डिलमा बसे चाँडै आउ रोपारे

केटा: असारमा खाने दुधिलो मकै

साउनमा खाने खीर

घरमा छैन सितलु वचन मनमा छैन थिर

एकै र मुठी जिरीको साग भेडीको धुमेलाई

पहिलो चरण चढाएँ मैले

धरती भूमेलाई

बाबा र ज्यूको गहिरी खेतमा

ढुकुर लुक्ने बिऊ

कसरी पुग्छौ त्यो कान्तिपुरमा

मुरली जत्रो ज्यू ।

स्रोत : स्थानीय बासिन्दाहरू, ६

## ३.३ पर्वगीत

नेपाल साँस्कृतिक विविधताले भरिपूर्ण देश हो । यस्तै गोरखा जिल्लाको छोप्राक गा.वि.स. पनि भौगोलिकसँगै साँस्कृतिक विविधताले भरिपूर्ण गा.वि.स. हो । यहाँ रहेका गुरुङ्ग, ब्राम्हण, क्षेत्री, कुमाल, बराम, तामाङ जस्ता जातिहरूको आ-आफ्नै संस्कृति अनुसारका पर्वहरू हुने गर्दछन् । ती पर्वअनुसार गाइने केही लोकगीतहरूको बारेमा संक्षेपमा चर्चा गरिने छ ।

### ३.३.३.१ तीज गीत

प्रत्येक वर्ष भाद्र शुक्ल तृतीयको दिन विशेष गरी हिन्दू नारीहरूले मनाउँदै आएको पर्वलाई तीज पर्व भनिन्छ । यही पर्वमा हिन्दूमार्गी चेलीबेटीले गाउने गीतलाई तीजगीत भनिन्छ । यस भेकका महिलाहरूले श्री कृष्ण जन्माष्टमीको केही दिन अगाडिदेखि ऋषि पञ्चमीको दिनसम्म गाउने गर्दछन् । हरेक गाउँ टोलमा महिलाहरू जम्मा भएर मादल, खैंजडी जस्ता सामान्य वाद्यवादनका सामग्रीको प्रयोग गरी यो गीतलाई संगीतमय बनाउने गर्दछन् । सासु-बुहारी, सासुरा, देवर-जेठाजु, नन्द आमाज्यू आदिका बारेमा र घरभित्रका खिँचातानीको विषयवस्तुमा समेत लोकगीत कथेर गाइने हुनाले यस्ता गीत सुन्नेहरू पनि उत्सुक देखिन्छनु । गीतसँगै नाच्ने कार्य पनि हुने गरेको हुनाले हेर्नेहरूको पनि उत्तिकै भीड लाग्दछ । यस गा.वि.स. मा गाइने तीज गीतका केही नमुनाहरू तल हेरौं :

माइत जाने तीजमा भने सिरफूल लगाएँ

अग्लो डाँडा हेरी हेरी मन रुवाएँ

न त लिन बाबु आए न त चिठी पठाएँ

माया मार्‍यौं मेरी आमा कान्छी छोरीलाई

तीजैमा माइत जान भनी टिकी लगाएँ

अग्लो डाँडा हेरी हेरी मन रुवाएँ

न त लिन बाबु आए न त चिठी पठाएँ

माया मार्‍यौँ बाबाले एउटी छोरीलाई

तीजमा माइत जान तिलहरी लगाएँ
अग्लो डाँडा हेरी हेरी मन रुवाएँ
न त लिन बाबु आए न त चिठी पठाएँ
माया मार्‍यौँ मेरा दाजु एउटी बहिनीलाई

# वर्ष दिनको तीजमा आमासँग भेटौँला
मनको तिर्सना राम्रै मेटौँला
वर्षदिनको तीजमा बाबासँग भेटौँला
मनको तिर्सना मेटौँला
वर्षदिनको तीजमा दाजुसँग भेटौँला
मनको तिर्सना मेटौँला
वर्ष दिनको तीजमा भाउजुसँग भेटौँला
मनको तिर्सना मेटौँला ।
वर्षदिनको तीजमा साथीसँग भेटौँला
मनको तिर्सना मेटौँला

# तीज आयो भन्छन् सबै माइत जान्छन्
मै चेली आभागिनी कसको माइत जाऊँ
तीजको दिनमा माइती लिन आएनन्
चेलीको माया छैन बरिलै ।

आफ्नी आमा भए छोरी लिन आउँदी हुन् ।

कान्छी आमा निष्ठुरी किन पठाउँथी

तीजको दिनमा दाजु लिन आएनन्

चेलीको माया छैन बरिलै ।

# पारिवारिक

बुहारी - वर्षदिनको तीजमा आए बाबा लिनलाई

पठाइदिनुस बजैले, दुवै दिनलाई

सासू - भरे छोरो आउनेछ मलाई गाली गर्नेछ

पञ्चमीको भोलिपल्ट आउनु पर्नेछ ।

छोरो - हाम्रो श्रीमतीको हाम्रो हुन्छ खटन

कल्ले लायो आमालाई माइत पठाउन

आमा - नजा भन्दा मानिन बुहारीकी फुँडीले

मुखै मरि जवाफ पाएँ कुप्री बुढीले

बा - जतातती बाटो खने अमेरिकी गोराले

आज मलाई बचन लायो छोरा मोराले ।

स्रोत : कालिका पोखरेल, छोप्राक

**चेलीबेटी समस्यासम्बन्धी**

डाँडै सारौं पिपल मैदानमा लर्केबर

घर जा भन्छौ आमा काँ छ मेरो घर

बाबाले भन्नुभो साहुको छोरो मास्टर

आमाले भन्नु भो त्यस्ले सुन्छर ?

पाँचमुरी धानले खान लाउन पुग्दैन
मेरी छोरी मास्टरले पाल्न सक्दैन

विहान उठेर दैलो कसेर गरेर
बडारुमा घाँस काट्न गए बरिलै
मुसलधारे पानी कपुरे असिना
चौतारीमा बसेर रोएँ बरीलै

घरमा आउँदा फेर्ने लुगा छइन
खोपीमा बसेर रोएँ बरिलै
भान्छामा जाँदा रैछ मकै भुटेको
यो घरमा छोरी दिन आँखा फुटेको

सासुले भनिन् छिटो गरी मेला जाउ
ससुराले भने अलि चाँडो आऊ
ठूलो दाजु हुनुहुन्छ समारीमा मास्टर
अब मलाई लाने ल्याउने कस्ले गर्छ र ?

- लक्ष्मी भुजेल छोप्राक, ३

**सामाजिक घटना सम्बन्धी**

२०६१ को भदौको महिना

पिडित नेपालीको सुन बइन
मुनलाइट कम्पनीले कत्रो खर्च गरायो
तयारी नै नगरी इराक पठायो ।
नेपालमा जागीर नपाइ जोर्डानमा पुगेका
जालीको छतमा परी इराक पुगेका
११ दिन इराकमा बन्दी परेका
१२ औँ दिनमा हत्या भएका ।

# नेपाली दाजुभाइलाई बल्ल अब याद आयो
नेपालीको रगतले इराक मुछियो
विदेश नजाउ दाजुभाइ अनुरोध छ हाम्रो
स्वदेश कै सुख:दु:ख हुन्छ त्यो राम्रो ।

यसरी तीजका चेलीहरूले आफ्ना पीर, मर्का, व्यथा, पारिवारिक खिँचातानी, लोग्नेका हेपाइँ, सासु सुसुराको गनगन लगायत सामाजिक घटनाहरूलाई प्रस्तुत गरेका हुन्छन् । तर आजभोलि पश्चिम संस्कार र पुरुषहरूलाई पनि तीजगीत र नाचमा प्रवेश पाएको हुँदा तीजे गीत केही अश्लील र लाजमर्दो बन्दै गएको पाइन्छ ।

### (ख) मालाश्री गीत

हिन्दूहरूको महान् चाड बडा दशैंको शुभ अवसरमा घटस्थापनाको दिनदेखि नवमीको मध्यरातसम्म नवदुर्गा भवानीको नाममा विभिन्न कोटहरूमा गई दुर्गालाई पुकार्दै गाइने भजन जस्तै गीतलाई मालाश्री गीत भनिन्छ । यो देश र यहाँका विभिन्न भू-भागमा भगवान जन्मेका किंवदन्तीहरू पाइने हुँदा र तपस्यास्थलहरू समेत भएका हुँदा ती क्षेत्रहरूमा पुगेर पूजा-आजा गर्ने गरिन्छ । यस्तो गीतको गायन प्राय: प्रौढ अवस्थामा पुगेका वृद्धहरू एक्लै र सामूहिक रूपमा समेत गाउने गर्दछन् । तर आजभोलि यस्तो चलन कम हुँदै गएको पाइन्छन् । यसको पनि छोटो उदाहरण हेरौं :

जय देवी भैरवी दर्शन देउ भगवती
असुर विनासिनी जगत्‌की हितकारिणी

श्री देवी भगवती दुर्गे भवानी

जय देवी गोरखकाली दर्शन देउ-भवानी

हे हृदय जननी हे चण्डीके त्रिलोककी

जगत्को प्रतिपाल गर माई

हा हा दुर्गे प्रचण्ड रुपिणी

कालिके प्रतिपाल गर ।

स्रोत : रमेश लामिछाने छोप्राक - ३

# जय देव भैरवी गोरखनाथ

दर्शन देऊ भवानी हे

प्रथमा देवी उत्पन्न भई हे

आउ देवी पाउ छुमछुम

चौसठ्ठी योगिनी साथ हे ।

जय देवी कालिका अम्बिका माता

असुर मारिणी चण्डिका

त्रिभुवन मण्डला मधु कैटभ व्यापिए

विष्णु रूप जगाइए

मायालु रूपले मधुकैटभ बनिए रूप सलाँ दिए

जै देवी कालिका अम्बिका माता

असुर मारिणी चण्डिका

**(ग) भैलो गीत**

हुन त यम पञ्चकको पाँचौ दिन भैलो खेल्ने चलन छ । तैपनि छोप्राक गा.वि.स. का महिलाहरू (किशोरीहरू) लक्ष्मी पूजाको दिनबाट तीन दिनसम्म विभिन्न टोल-टोलमा घुमेर भैलो

खेल्ने चलन छ । यी किशोरीहरूलाई स्थानीय भाषामा 'भैली' वा 'भैलिनी' भन्ने गरिन्छ । यो शैलीको गीतमा आ-आफ्नै स्वर, लय र ताल हुन्छन् । आवश्यकताअनुसार मादल, मुरली, मुजुरा जस्ता स्थानीय वाद्यवादन पनि प्रयोग गर्दछन् । भैलो खेल्ने समूहमा एउटी नायिका वा भट्याउने पात्र बनाइन्छ र अरु सबै गर्रा बन्दछन् । 'गर्रा' अर्थात् उनका संगीहरू हरेक भनाइ वा तुक्का पछि 'भैलो' वा 'भैलिनी' भनेर कराउँछन् । यसरी गाउँघर घुमेर भैलो खेल्ने क्रममा आफूलाई बलीराजाले पठाएका भन्ने भनाइलाई बारम्बार दोहोऱ्याउने गर्दछन् । सम्बन्धित घरमूलीको स्वभाव र आर्थिक अवस्थाअनुसार उनीहरूको प्रशंसा गर्दै रोटी, चामल, भेटी, फलफूल जस्ता सगुनको माग गर्दछन् । सगुन प्राप्त भएपछि घरबेटीलाई समेत नचाउँदै आशीर्वाद दिएर ढुंगा छुँदा द्रव्य होस्, माटो छुँदा अन्न होस्, पानी छुँदा तेल होस् भनेर शुभ वाक्य बोल्दै बिदा हुन्छन् । यसको उत्पत्ति कहाँ र कसरी भयो भन्ने बारेमा विभिन्न किंबदन्तीहरू पाइए पनि प्राचीन जुम्लाका बलिराजा तथा पुराणका दानवीर सम्राटलाई औल्याउने चलन छ । यसको उदाहरण हेरौं -

हे औँसीबार

गाई तिहार भैलो ।

हरियो गोबरले लिपेको, गाई पूजा गरेको

हे औँसीबार

गाई तिहार भैलो ।

भैलिनी आइन् आँगन, गून्यू चोलो मागन

हे औँसीबार

गाई तिहार भैलो ।

हामी त्यसै आएनौ, बलि राजाले पठाए

हे औँसीबार

गाई तिहार भैलो ।

जसले दिन्छ मानो, उसको सुनको छानो

हे औँसीबार

गाई तिहार भैलो ।

जसले दिन्छ पाथी, उसको सुनको छाती

हे औँसीबार

गाई तिहार भैलो ।

जसले दिन्छ मुरी, उसको सुनको धुरी

हे औँसीबार

गाई तिहार भैलो ।

| | | |
|---|---|---|
| # | हे संगी हो | भैलो |
| | जम्मा भयौ | भैलो |
| | वर्ष र दिनको | भैलो |
| | तिहारैमा | भैलो |
| | आयौ हामी | भैलो |
| | रमाइलो गर्न | भैलो |
| | हे भन भन साथी हो | भैलो |
| | यो घरमा | भैलो |
| | राम्रै होओस् | भैलो |
| | धनसम्पत्ति | भैलो |
| | बसी आओस् | भैलो |
| | यो घरका | भैलो |
| | छोरा-नाती | भैलो |
| | जर्नेल कर्णेल | भैलो |
| | हाकिम बनून | भैलो |

हाम्रो आसिक		भैलो

लागी हालोस		भैलो

बाच्यौँ भने		भैलो

अर्को वर्ष		भैलो

आउँला हामी		भैलो

स्रोत : सुनिता पोखरेल छोप्राक - ७

### ३.३.३.४ देउसी गीत

यस पञ्चकमा गाइने अर्को प्रसिद्ध लोकगीत देउसी गीत हो । विशेषगरी लक्ष्मीपूजाको भोलिपल्ट गोबर्धन पूजा र भाइ टिकाको दिनमा गाइने देउसी गीतमा प्राय: किशोरहरूले भाग लिन्छन् । भैलो गीतमा किशोरीहरूको बोलाबाला हुन्छ भने देउसी गीतमा किशोरहरूको बोलाबाला देखिन्छ । आवश्यकता अनुसार स्थानीय लोकबाजाहरू मादल, खैजडी, मुरली, मुजुरा आदि लिएर एउटा भट्याउने र त्यसको पछाडि धेरै किशोरीहरू 'देउसी रे' भनेर छोप्ने गर्दछन् । छोप्राकतिर गाइने देउसी गीतमा पनि घर-घरमा पुगेर घरमूलीको गुणगान गाउने, सम्पन्नताको शुभकामना दिने र घरमूली महिलालाई सम्मानित भाषाले फकाउँदै छिटो दान गरेर पठाइदिनुहोस् भन्दै नाचगान गर्ने चलन छ । घरकी महिलाले नाङ्लोमा बत्ती, सेलरोटी, धान चामल, हैसियत अनुसारको भेटी फूलका माला ल्याएर आँगनमा राखेपछि खुशी हुँदै घरमूलीलाई आशीर्वाद दिँदै इज्जत बढोस्, सम्पन्नता बढोस्, लालाबाला खुशी होऊन, शिक्षित बनून् र खेतीपाती, पशुपंक्षीको शुभ होस् भन्दै बिदा हुन्छन् । यतातिर गाइने देउसी गीतको एउटा नमूना हेरौँ -

ए ! भन भन भाइ हो ………………… देउसी रे

ए ! वर्ष दिनको ………………… देउसी रे

ए ! चाड आयो ………………… देउसी रे

अँधेरी रातमा ………………… देउसी रे

बत्ती छैन साथमा ………………… देउसी रे

लड्दै बड्दै ………………… देउसी रे

आयौँ हामी ………………… देउसी रे

हामी त्यसै .................... देउसी रे

आएका होइनौ .................... देउसी रे

बली राजाले .................... देउसी रे

पठाएका हुन् .................... देउसी रे

आशीर्वाद दिन्छौँ .................... देउसी रे

यो घरकी .................... देउसी रे

घरबेटी आमा .................... देउसी रे

लक्ष्मी जस्तो .................... देउसी रे

घरबेटी बाबा .................... देउसी रे

भगवान् जस्ता .................... देउसी रे

अन्न छुँदा .................... देउसी रे

द्रव्य बनोस् .................... देउसी रे

घरभरि अन्न .................... देउसी रे

गाई भैसी .................... देउसी रे

गोठमा टन्न .................... देउसी रे

छोरा छोरी .................... देउसी रे

सुखी बनून .................... देउसी रे

शिक्षा दिक्षा .................... देउसी रे

राम्रो होओस् .................... देउसी रे

झिलिमिली झिल्का .................... देउसी रे

सेल रोटी मिल्ला .................... देउसी रे

यसरी भट्याउँदै जाँदा बीचबीचमा टुक्का जोडेर झ्याउरे लयमा गीत समेत गाउने गरिन्छ । यस्तै अर्को उदाहरण :

ए भनभन भाइ हो .................... देउसी रे

झिलिमिली झिलिमिली .................... देउसी रे

के को भिलिमिली .................... देउसी रे

बत्तीको भिलिमिली .................... देउसी रे

तिहारैमा .................... देउसी रे

केराको थामा .................... देउसी रे

बाह्र भाइ जम्मा .................... देउसी रे

आएका हामी .................... देउसी रे

देउसी खेल्दै .................... देउसी रे

रातो माटो .................... देउसी रे

चिप्लो बाटो .................... देउसी रे

घरबेटी आमा .................... देउसी रे

छिटो गर .................... देउसी रे

यहाँमात्र होइन .................... देउसी रे

धेरै घरमा .................... देउसी रे

चार्हनु पर्छ .................... देउसी रे

फर्सीको मुन्टा .................... देउसी रे

केलाउन टन्टा .................... देउसी रे

छानामाथि घिरौला .................... देउसी रे

के दिन्छन् हेरौला .................... देउसी रे

यो घरमा .................... देउसी रे

लक्ष्मीले .................... देउसी रे

बास गरुन् .................... देउसी रे

अर्को सालमा .................... देउसी रे

देउसी खेल्न .................... देउसी रे

आउँला हजूर .................... देउसी रे

स्रोत : कृष्ण वयलकोटी, छोप्राक - ७

### ३. ३. ४ धार्मिक गीतहरू

नेपाली समाज धार्मिक र साँस्कृतिक परम्परालाई अनुसरण गर्ने समाज हो । त्यसकारण यहाँका विभिन्न जातिहरूले आफ्ना संस्कृति र परम्परा अनुसार धार्मिक अनुष्ठानहरू गर्दा धार्मिक गीतहरू गाएर ईश्वरसँग आशीर्वाद माग्ने गर्दछन् । त्यो परम्पराबाट छोप्राक गा.वि.स. पनि अछुत छैन । यहाँको लोकसमाजले पनि आफ्नो कूल र परम्परा अनुरूप मान्दै आएका देवी-देवता, इष्टदेव आदिलाई विभिन्न तिथि मितिमा सम्झने गर्दछन् । कूलपूजा गर्नु, सत्यनारायणको पूजा गर्नु सप्ताह पुराण, तवाहपुराण, एकाइ पुराण जस्ता कार्यक्रमहरू गर्ने अवसर पाएका यहाँका लोकमानस अत्यन्त खुशी हुन्छन् । त्यस्तै गुरुङ बस्तीमा अर्घौ गर्ने, वैशाख पूर्णिमामा बाजे बज्यू सम्झने, उधौली-उभौली मनाउने, ल्होसार मनाउने क्रममा विभिन्न धार्मिक गीतहरू गाउने चलन छ । जसलाई संक्षेपमा चर्चा गरौँ -

#### (क) भजन किर्तन

भजन र किर्तन दुवै धार्मिक गीत नै हुन् । भजनमा भने लामालामा आख्यानहरू जोडिएका हुन्छन् भने किर्तनमा खासै आख्यान मिसिएका हुँदैनन् । भाका र ताल बाहेक किर्तनमा बारम्बार ईश्वरको नाममात्र दोहोऱ्याइन्छ । छोप्राकीहरू प्राय: धर्मपरायण छन् । यहाँका भजनहरू प्राय: रामकथा र कृष्णलिलामा आधारित रहेको पाइन्छ । भजन मण्डली हुन्छ । एकजना गुरु हुन्छन् भने अरुलाई गर्रा भन्ने चलन छ । गुरुले प्रसंग मिलाएर टुक्का झिकेपछि गर्राहरू ठूलो स्वरले चिच्याउँदै गाउँछन् । यसले गायनमा रोचकता भरिदिन्छ । प्राय: सबैको

हातमा वाद्यवादनको साधन रहेको हुन्छ । भजनको बीच-बीचमा सानातिना चुड्काहरू जोडेर वातावरणलाई जोसिलो बनाउने काम गरिन्छ । चुड्का पनि भजनको एउटा अङ्ग हो । नचरी गीतमा ख्याली झैं भजनमा चुड्का हुन्छ । यी दुवैले सुर र तालमा परिवर्तन ल्याएर गायक, श्रोता र दर्शकमा रोचकता थप्ने कार्य गर्दछन् । स्थानीयहरू भजन गाउनेलाई भजनीया पनि भन्दछन् । छोप्राक गा.वि.स. भित्र गाइने भजनको एउटा नमुना हेरौं :

गुरु - आरती गाओ पहिलो सन्ध्या कालैमा

गर्रा - आरती गाओ पहिलो सन्ध्या कालैमा

गुरु - सबैजना मन्दिरको छेऊमा जाऔँ । छेऊमा जाऔँ ।

गर्रा - सबैजना मन्दिरको छेऊमा जाऔँ ।

गुरु - त्यही बसी कृष्णजीको नामको गीत गाऔँ । नामको गीत गाऔँ ।

गर्रा - आरती गाउँ पहिलो सन्ध्या कालैमा

गुरु - राम राम राम राम राम राम राम

**पहिलो आरती**

गुरु - पार्वती पुत्र गणेशको पहिलो आरती

गर्रा - पार्वती पुत्र गणेशको पहिलो आरती

गुरु - तिम्ला नमस्कार ! पार्वती पुत्र तिम्लाई नमस्कार

गर्रा - कोटी कोटी एकै चोटी तिम्लाई नमस्कार

गुरु - नारायण

गर्रा - हरि हरि

**दोस्रो आरती**

गुरु - शिरमा बस्ने शिवजीलाई दोस्रो आरती

गर्रा - शिरमा बस्ने शिवजीलाई दोस्रो आरती

गुरु - चढाउँछु तिम्लाई नगरी भूल दोस्रो आरती

गर्रा - नगरी भूल श्रद्धाको फूल चढाउँछु आरती .......... २

यस्तै खालको अर्को भजन, जसलाई छोप्राकीहरू लम्बरी भजन पनि भन्दछन् । यसको पनि एउटा उदाहरण हेरौं -

हे रामलाई बनबास भरतलाई रजाई ............ २

हे बनमा जाने राम हुकुम दिने दशरथ .......... २

हे रुन्छिन् धुरु धुरु वृन्दावनमा सीता माई ......... २

हे सीताजीको आँसुले वृन्दावनमा ताल पर्‍यो ....... २

# हे गोपिनीलाई भुलाए वृन्दावनमा कृष्णले ...... २

हे सँगै जाउँला पारीवारी आउन राधिका ....... २

हे कृष्ण जी को लिलाले वृन्दावनमा घाम लाग्यो ....... २

हे कृष्णले बजाए वृन्दावनमा बाँसुरी ....... २

- हरिप्रसाद पोखरेल, २

लम्बरी भजनमा पनि आख्यान मिसिएका हुन्छन् । छोप्राकमा प्रचलित लम्बरी भजनमा रामलिला र कृष्ण लिला साथै निर्गुण प्रकारका भजनहरू पनि भेटिन्छन् ।

**चुड्का**

छोप्राकमा यो भजन छोटो भाकामा गाइन्छ । यस्तो भजनलाई आधुनिक युवायुवतीको बढी मन पराउने हुँदा नाच्ने परम्परा पनि बढी नै छ । विशेष गरी राप्ती, लुम्बिनी र धौलागिरीतिर प्रचलित यस्ता चुड्काहरू आजभोलि शिक्षा र सञ्चारको विकाससँगै छोप्राकका गाउँगाउँमा पनि आइपुगेका छन् । तनहुँको देवघाट, पाल्पाको रिडी मेला, गोरखाको चेपेघाट र ढोडेनी मेला थुप्रै भजनहरू जम्मा भएर यो शैलीको चुड्कागीत गाएको पाइन्छ । यसैको प्रभावले होला छोप्राक बासिन्दा ब्राम्हणहरू र क्षेत्रीहरू स्थानीय युवायुवतीलाई नचाएर चुड्का भजन गाउन खप्पिस हुँदै आएका छन् । यो परम्परा बढ्दो गतिमा छ । यसको एउटा नमुना हेरौं:

मलाई के काम लाग्यो

फुल फुलेर ओइलायो ।

राधा पियारी

खै ल्यौ मेरो मुरली ॥

पारि वनमा कृष्ण जी

वारि वनमा राधिका

कृष्णको पिरले रानी वनै बौलायो

जाउँ हिँड राधा

बन विहार गर्नलाई

कृष्णजी गएछन्

राधाजीको खोजीमा ।

राधा उतातिर

कर्के नजर मतिर ।

छोप्राक मेरो घर

गोरखा मेरो बसोबास

लाउन माया खालोखास

- श्री राम घिमिरे - ३

**बालुन**

पश्चिम नेपालमा नै चर्चित धार्मिक गीत बालुनको संस्कार गोरखा जिल्लामा भने छोप्राक गा.वि.स. मा मात्र सिमित छ । यस क्षेत्रका ब्राम्हण-क्षेत्रीको समुदायमा अति चर्चित बालुन गीतलाई ज्यादै पुरानो शैलीको भजन पनि भन्ने गरेको पाइन्छ । रामायणको कथामा आधारित बालुन केन्द्रविन्दु छोप्राक गा.वि.स वडा नं. २ को घुम्की गाउँ हो । यस गाउँमा अधवैंसे र बूढाहरू अझै पनि छिमेकी गा.वि.स. र आफ्नो गा.वि.स. भित्रका गाउँघरमा

सत्यनारायणको पूजा, पुराणहरू र गुरुङहरूको संस्कारगत कार्यहरूमा निमन्त्रणा पाएपछि बेलुकी ७-८ बजेतिर गुरु कहाँ जम्मा भएर राती ९ बजेदेखि विहान उज्यालो नहुन्जेलसम्म रामायणको कथामा आधारित अभिनयसहितको बालुन खेल्दछन् । राम, लक्ष्मण, सीता, हनुमान, सुग्रीव, रावण, बाली जस्ता पात्रहरूको अभिनय गर्ने पात्रहरूले सकेसम्म अनुहार मिलेका मुकुण्डोहरू लगाउँछन् । पात्रहरूको स्तर अनुरूप सम्वाद गर्ने विभिन्न सम्वादले दर्शकहरूलाई हसाउँदै रामायणको पारायणसँगै कथा हालेर गीत गाउँदै नाच्नु नै बालुनको विशेषता हो । नाटकीय सम्वादलाई स्थानीयहरू चटक भन्दछन् । यसका केही नमूनाहरू यसप्रकार छन् -

**जन्म कथा**

हे ! हे ! दशरथ राजाका चार भाइ छोरा जेठा थिए राम चन्द्र ।

हे ! हे ! उनी थिए सृष्टिका मनस पुत्र राजा थिए अनन्त ॥

**विवाह कथा**

हे ! हे ! सीतामाइले वरमाला लाइन् रामलाई त्यो बेला ।

हे ! हे ! त्यति नै परशुराम दरबार पसे निकाले झमेला ॥

**वनबास कथा**

हे ! हे ! दशरथ राजा मुर्छामा परे अगि लागे राम चन्द्र ।

हे ! हे ! सीता माई पछि लागिन्, उनको पछि लक्ष्मण ॥

**युद्धकथा**

हे ! हे ! हनुमान रिसाएर लंका दहन परे रावण लाग्यो पड्कन ।

हे ! हे ! हनुमानले फेरि सीतामाई भेट हुन थाल्यो गनथन ॥

**विजय कथा**

हे ! हे ! विभिषणले लाए लंकाको लाज जनता हाँसे खुशीले ।

हे ! हे ! राज्य भिषेक गरे राम आफै बसी यज्ञ गरे ऋषिले ।।

यसरी सीतालाई बनमा लगेर छोडिएको कथा लक्ष्मण र लवकुशले युद्धको कथा भन्दै चटक गर्दै जाँदा विहान उज्यालो भएपछि दियो नचाउने चलन छ । यस अवसरमा घरमूलीले आफ्नो गच्छेअनुसार बालुनका गर्रालाई भेटी वा दक्षिणा दिने चलन छ ।

### ३.३.५ बाह्रमासे गीत

यहाँका लोकमानसले जुनसुकै अवसर वा समयमा गाउने गीतलाई बाह्रमासे गीत भन्ने चलन छ । यस्ता गीतहरू सदाकालीन हुन्छन् । यस्ता गीत गाउन कुनै अवसर चाहिँदैन । मेलापात, दाउरा घाँस, खेतबारी, गोठालो जुनसुकै बेलामा पनि यस्ता गीतहरू गाएर मन बहलाइन्छ । छोप्राक गा.वि.स. मा प्रचलित बाह्रमासे लोकगीतहरूमा झ्याउरे, ठाडो भाका, लोरी (बालगीत) संगिनी गीत, सिलोक आदि पर्दछन् । केहीको बारेमा संक्षिप्त चर्चा गरिन्छ ।

#### ३.३.५.१ संगिनी गीत

विशेष गरी पूर्वी नेपालमा चर्चित यो गीत शिक्षा र संचारको विकाससँगै देश भरि नै फैलिएको छ । छोप्राक क्षेत्रका महिलाहरूले यसैको सिको गर्दै गाउने गर्दछन् । मेलापातमा, ढिकीजाँतोमा र अन्य यस्तै कार्यमा सहभागी हुने छोरीचेलीले सामान्यतया: आफ्नो परिवार, श्रीमान् सासु-ससुरा र आफन्तहरूको गुणगान तथा विरोधमा गाइने चलन छ । साथीसँगै बस्दा मनका कुरा व्यक्त गर्ने सन्दर्भमा यस्ता गीतहरू गाएर मन बहलाउने क्रम यस्ता गीतहरूमा हुने गर्दछन् । दाउरा घाँस, मेलापात, गाईबस्तु हेर्न जाँदासमेत यस्ता गीतहरू गुनगुनाएको सुनिन्छ । जस्तै :

- घर त मेरो पातीले बारेको
  मागी खान कर्मले पारेको ।
- मेरो माया छ भने त्यता
  पानी खाने निहुँ गरी आउनु यता ।
- लाको माया दुई दिनको चन्दा भो
  आउने जाने मूलबाटो बन्द भो ।
- पानी पऱ्यो तालपानी पहिरोमा
  मेरो माया मेलपाती गहिरोमा ।
- पानी मुनि पिपलु छायाँ

चिनाजानी गरेर लाउँ माया ।

यस्ता गीतलाई बाहिरी आवरणका रूपले हेर्दा घाँसे गीत, दाउरे गीत, झ्याउरे गीत र बाह्रमासे गीत पनि भन्ने चलन छ ।

### ३.३.५.२ ठाडो भाका

छोप्राक गा.वि.स. को वडा नं. १ र ४ मा आफ्नो संस्कृति र परम्पराको जर्गेना गरेर बसेका गुरुङ जातीहरूको आफ्नै चलन अनुरूपका लोकगीतहअरु गाउने प्रचलन पनि छ । यिनीहरू साउने सङ्क्रान्तिदेखि माघे सङ्क्रान्तिसम्म उधौली र उभौलीको आधारमा रोदी बस्ने र रोदीघरमा ठाडो भाकाका गीतहरू गाउने चलन छ । बेलुकीको खानपिनपछि गाउँको बीचमा बनाइएको रोदीघरमा जम्मा भएर झ्याउरे, संगिनी लगायत ठाडो भाकाका गीतहरू गाउने गर्दछन् । ठाडो भाका विशेषगरी कास्की र लम्जुङको गुरुङ बस्तीमा बढी चल्ने भएपनि छोप्राकका गुरुङ बस्ती पनि आफ्नो संस्कृति जोगाउने क्रममा कमजोर छैन । दिनभरीको दाउरा-घाँस, मेलापात, सुख-दु:ख र उकाली-ओरालीलाई बिर्सेर आफ्ना दोस्ती दौतरीसँग हाँस्ने, छिल्लिने, दु:खसुखका कुरा गर्ने र ठाडो भाकामा १०-२० चरण गाएर सुत्न जाने परम्परा अझै सम्म पनि छ । आजभोलि ठाडो भाकाका गीतहरू गुरुङहरूले मात्र होइन स्थानीय कामी, दमाइ, बराम् लगायत अन्य जातिहरूले पनि सुसेल्ने गर्दछन् ।

रोदीघर मात्र होइन, गुरुङ संस्कृति अन्तर्गत चल्दै आएको घाँटु, छेवर, पुटपुटे, अघौ जस्ता परम्परागत धार्मिक र साँस्कृतिक कार्यक्रममा पनि यस्ता गीतहरू गाइने गरिन्छ । जस्तै:

केटा : हा .... कता जन्मे राम, लक्ष्मण कता जन्मे भरत

डोरी लाउने रसी

तिमी हामी बसी

पानीको छायाँ

लगाउँ चोखो माया के मा हुने छ र त ?

केटी : हा .... झलक्क हेर्दा टलक्क टल्क्यो स्वयंभूको गजुर

धरती घसी

पञ्चै खालमा बसी

लौ लौ हुन्छ, हजुर ॥

केटा : हा .... सिरानै पऱ्यो शिरीनाथ देउता, पुच्छर पऱ्यो अन्नपूर्ण

किनील्याको डोको

लाइद्यौ माया चोखो

भोटे राजा चिनमा

भेट भाको दिनमा लाइद्यो माया सम्पूर्ण ।

केटी : हा .... पसलै जाउला

किनेरै ल्याउँला सुनैको धुपौरो

सुनचरीलाई ताकी

हजुर जस्ताको लागि छ शिरै उपरो ।

केटाः हा .... सुदारे दाइले हेरन माया

सुन ढुङ्ग्री कमायो

हेर प्यारी तिम्ले

साँचो भन्छु मैले

दाम पैसा गन्दा

सोखी ज्यानले भन्दा, मन मेरो रमायो ।

केटीः हा .... वारिपट्टि घामै जान लाग्यो, पारिपट्टि सिंचालो

चरि मारी भन्दै

भनी राको मात्रै, बसेको बिचालो ।

केटी : हा .... हातैमा लिउँला बाबियोको मुठा, बाँटुला लसही

गाइको नाम त गाजु

सुन तौलो दाजु

महेन्द्र गल्ली गन्छ, माया लाउँ त भन्छ,

एक राते दैले, अन्जान छोरी मैले

जान्दो र सुन्दो छैन कुनै कुरो

माछी भुल्यो लेउमा, शिरीमायाको छेउमा,

भनौ मैले कसरी ...............

हा .... भनौ मैले कसरी

-स्रोत : इन्द्र कुमारी गुरुङ, छोप्राक - १

### ३.३.५.३ सिलोक

संस्कृतको 'श्लोक' शब्दको तद्भव रूप 'सिलोक' हो । लयका हिसाबले संस्कृतका टिकाटिप्पणी, बसन्ततिलका, शार्दूल विक्रिडित आदि छन्दको निकट देखिने सिलोक विवाह उत्सवमा र मेला पर्वहरूमा मुखमुखै गाइने अलिखित साहित्य हो । खास गरी विवाहको अवसरमा केटातर्फका जन्ती र बेहुलीका आफन्त बीचमा छोप्राक वडा नं. ८, ७, २ र ५ पहिले पहिले दोहोरी नै चल्ने गर्दथ्यो । हाल यो परम्परा बिस्तारै हट्दै गएको पाइन्छ। प्रश्नोत्तर, अन्ताक्षरी र विभिन्न अप्ठ्यारा तेर्स्याएर विपक्षीलाई अप्ठ्यारोमा पार्ने कार्य सिलोक भट्याउनेहरूले गर्दछन् । आफूले पढेका वा सुनेका विभिन्न कविताहरूलाई श्लोक बनाएर पनि सिलोक हाल्ने चलन छ । यसमा वाद्यवादन र नृत्य हुँदैन । घरपरिवार जम्मा भएको अवसर पारेर छोरीबुहारी, छोरानातिलाई अर्ती उपदेश दिन क्रममा पनि सिलोक हाल्ने गरिन्छ । छोप्राकमा प्रचलित सिलोकको केही नमूना तल प्रस्तुत गरिन्छ ।

# अधिकारी दलीय कमाइमा बलिया उनकै भकारी ठूला
बोल्नमा मसिना कपालमा पसिना भन्ने बासुदेव वुढा ।

# सुर्ती चुरोटका बारेमा :
नखानु सुरती अति फोहोर हो थुक्दै फजिती हुने
उचा मानिसले निचाहरूसँग मागेको मैले सुने ।
कैले मैले भएको छ पसिना हेर्दा नराम्रो अति
विजेछ रिसले बहुत कठिनले माखाको टाउको जति

नखानु चुरोट अति खराब हो, पैसाको नास हुने ।
चुरोट खाएर टिबी क्यान्सर भएको मैले सुने ॥

चुरोट खाँदा खराब हुने गै टिभी पनि हुन्छ रे ।

टिभी हुने पैसा नाश हुने ज्यानै पनि लान्छ रे ॥

# **प्रश्नोत्तर शैलीमा**

कोही एक जनाले मैनाको रु. ५ ब्याजदरले

केही द्रव्य सापट लियो ।

सो द्रव्य लिएको एक वर्षमा रु. हजार बुझाइ दियो ।

साँवाको कति ? ब्याज हो कति ? छुट्याइदिनु पऱ्यो ।

# **महिला सम्बन्धी**

अलच्छिन घसिंगर मजेरी कसिंगर लुगा छोटा पैरनी ।

न कपाल कोरनी न सिंदुर टिका अर्काको घरमा गैरनी ॥

घरमा भएको अन्न पानी बेची पुऱ्याएको थोक पसल

यस्ता बाहुनीले हुँदैन घर खसिनी ल्याउन असल ॥

-स्रोत : अर्जुन पोखरेल, छोप्राक - २

**३.३.६ बाह्रमासे लोकगीत**

जुनसुकै अवसरमा पनि गाउन मिल्ने लोकगीतलाई झ्याउरे वा बाह्रमासे गीत भनिन्छ । यस्ता गीतहरू गाउन कुनै ऋतु वा पर्वलाई कुरिरहनु पर्दैन । यस्ता गीतहरूमा सालैजो, रेलिमाई, ए ठूली जस्ता बोल भएका गीतहरू पर्दछन् ।

**३.३.६.१ झ्याउरे गीत**

नेपाल डाँडा-पाँखा, उकाली-ओराली र भीर-पहराले भरिएको देश हो । यिनै कन्दरामा दु:ख सु:ख गरेर गुजारा गरेकाहरू नै झ्याउरे गीत गाएर मन बहलाउँछन् । झ्याउरे गीतहरूलाई पनि लोकगीत कै पयार्यका रूपमा लिइन्छ । साच्चै भन्ने हो भने झ्याउरे सिङ्गो मुख हो भन्ने लोकगीतहरू यसका हाँगाबिगा हुन् । यी र यस्ता रूपहरूलाई केलाउने हो भने नेपाल भित्रै १०० भन्दा बढी भेद र उपभेदहरू पाइन्छन् भन्ने भनाइ लोकगीतका पारखीहरूको छ । यस भेकमा गाइने झ्याउरे गीतहरू कुनै द्रुत लयमा गाइन्छन् भने कुनै सुस्त गतिमा गाइन्छन् । दोहोरी

गीतहरूको जन्म पनि झ्याउरेबाट नै भएको मानिन्छ । कुनै मेला, पर्व र संघसंस्थाहरूले प्रतियोगितात्मक दोहोरी गीत गाउने चलन पनि छ ।

जस्तै: यो मायाको सम्झना अति भो

अब मेरो बिग्रने मति भो

सालको पात टिपेर गाँसी रौ

छुट्यो माया हाँसौ कि रोइरहूँ

कस्तो दिनमा लाएछु माया

हुने रैछ दुई दिनको रामछायाँ

**दोहोरी प्रसंग**

केटा : आकाश राम्रो घाम र जूनले

धर्ती राम्रो मायालु हुनाले

गोरखे सलाइ त तिम्रो मायाले मार्‍यो मलाई त ।

केटी : ज्यानले कुरा राख्नुभो तैपनि

देख्दा कम्ती छैन है क्यै पनि

गोरखे सलाइ त तिम्रो मायाले मार्‍यो मलाई त ।

केटा : कोहीलाई होला पैसा र धन ठूलो

मलाई भने मायाको मन ठूलो

गोरखे सलाइ त तिम्रो मायाले मार्‍यो मलाई त ।

केटी : पुराना दिन सम्झछु मैले नि

लाटी भन्दै जिस्क्याउँथ्यौ जहिले नि ॥

गोर्खे सलाइ त तिम्रो मायाले मार्‍यो मलाई त ।

स्रोत : रुवी श्रेष्ठ : छोप्राक, ५

### ३.३.६.२ बाल गीत

यस भेकमा साना केटाकेटीहरूले मनोरञ्जनका लागि गाउने गीतलाई बालगीत भन्ने गरिन्छ । केटाकेटीहरूले जुनसुकै बेलामा गाइने गीत भएको हुँदा बालगीत पनि बाह्रमासे गीत नै हो । यो गीत एकल र समूह दुवै तरिकाकाले गाउनु मिल्छ । कुनै वाद्यवादनको आवश्यकता नपर्ने यस्ता गीतहरू प्रकृति, पशुपंक्षी र नातागोतासँग सम्बन्धित हुन्छन् । साना नानीहरूलाई झोलुङ्गामा हल्लाउँदै गाइने लोरी गीतलाई पनि बालगीतमा नै राखेर चर्चा गर्न सकिन्छ । जस्तै:

\# तारावाजी लै लै
मामा आए घोडा
माइजु आइन् डोली
पापा ल्याइन् सोली
बुबुमाम सुपुक्क
काफल गेडी कुटुक्क
निदाई जाउ लुपुक्क
बिरालो भन्छ म्याउ म्याउ
अगुल्टो भन्द उछिट्याउ ।

\# ऐया बाबा
घैया पाक्यो
चिउरी कुटाइदेउन
परबाट जन्त आए
दिदी लुकाइ देउन
मधिसेले खसी काट्यो
तीनधार्नीको बोसो
बोसो खान पाइन भनी
यति लामो चोसो

\# छटछट कुइरा

बादलका धुइरा

तेरो घर चोर पस्यो

मानो पीठो लुकायो

थोत्रो नाङ्लो ठटायो

बूढो भैँसी लडायो

घरको धुरी डढायो

खरानी सबै उडायो

# **लोरी सन्दर्भमा**

चच हुई मेरो बाबु

चच हुई, चच हुई

मेरो बाबु राम्रो छ

नुनु गर्न जान्दो छ,

मामा आए घोडा

माइजु आइन् डोली

खाना दिन्छिन् भोलि

हो हो बाबु ! हो हो !

३.३.६.३ **निष्कर्ष**

छोप्राक गा.वि.स. मा नेपालका ग्रामीण भू-भागमा गाइने प्राय: सबैजसो लोकगीतहरू गाइने गरिन्छ । विभिन्न प्राकृतिक भू-धरातल, विविध जानजातिहरू र संस्कृति तथा परम्परा बोकेका लोकहरू रहने हुँदा उनीहरूको जन्म, मृत्यु, विवाह, ब्रतबन्ध लगायतका संस्कारहरू त यथावत छदैछन्, ती बाहेक विभिन्न परम्परा र रीति रिवाजहरूले उनीहरूको लोककलामा प्रभाव पारेको पाइन्छ। मागल, माहल, ब्रतबन्ध, विवाहमा गाइने श्लोक, रत्यौलीजस्ता सन्दर्भमा गाइने गीतहरूदेखि लिएर तीज, दशैं, तिहारमा गाइने गीतहरू, श्रम गर्दा गाइने, असारे हरेलो, गोडेलो, दाइगीत जस्ता सान्दर्भिक गीतहरूसँग छोप्राकी जनजीवन पुरै उजागर भएको पाइन्छ। छोप्राकको

पाखा-पखेरो, गाउँवेशी, दाउरा-घाँस, सुख-दु:ख जतातते घन्कने यस्ता गीतहरूमा धेरैजसोले राष्ट्रियस्तरमा गाइने गीतहरूसँग नजिकको साइनो गाँसेका छन् भने कतिपय गीतहरू पश्चिमाञ्चल कै सेरोफेरोबाट यस गा.वि.स. मा भित्रिएको पाइन्छ ।

यसरी समय, अवस्था र परिस्थिति अनुरूप विभिन्न प्रकारका लोकगीतहरू गाएर आफ्नो जीवनलाई आनन्द दिन र मन बहलाउन प्रयोग गरिने लोक साहित्यको चर्चित विधा लोकगीत हो । छोप्राक गा.वि.स. गोरखाका अन्य गा.वि.स. को तुलनामा उर्वर भूमि पनि हो किनभने यस भेकमा ठाडो भाका, बालुन, भजन र बालुन जस्ता अन्य गा.वि.स. मा कम प्रचलनमा रहेका लोकगीतहरू गाइन्छ भन्दा दुईमत हुँदैन ।

# अध्याय चार

## छोप्राक गा.वि.स.का लोकगीतको विश्लेषण

### ४.१. लोकगीतको विश्लेषणका आधार

लोकगीत लोक साहित्यको महत्त्वपूर्ण र विशिष्ट विधा हो । साहित्यका अन्य विधाहरूमा जस्तै लोकगीतमा शिल्प र भाव पक्षको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । छोप्राक गा.वि.स. का लोकगीतहरूको विश्लेषणको क्रममा लोकगीतको भाव पक्षलाई आधार मानेर त्यसभित्र रहेको विविध विषयवस्तुलाई विश्लेषणको आधार बनाइने छ । हरेक भेकका हरेक लोकगीतमा त्यो समाज, क्षेत्र र सिङ्गो देशको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक र राजनैतिक पक्षहरू झल्केको पाइन्छ । तसर्थ यिनै विविध पक्षलाई प्रस्थान बिन्दु बनाएर अगाडि बढ्ने जमर्को गरिन्छ ।

लोक जीवनमा चलि आएका कुनै पनि विषयवस्तुलाई लोकगीतले समेट्न सक्दछ । यहाँ प्रचलनमा रहेका लोकगीतहरूको स्रोत यही छोप्राकी समाज हो । यहाँका मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धित अन्य पक्षहरूलाई यहाँका लोक गायकहरूले आफ्नो लोकगीतको मााध्यमबाट व्यक्त गर्दछन् । गीत अनुसार विषयवस्तुको स्रोत पनि फरक-फरक हुन सक्दछन् । साँस्कृतिक पर्वहरूमा गाइने गीत र मनोरञ्जनका लागि गाइएका गीतमा प्रशस्त फरक पाइन्छ। बालगीतमा बालकहरूलाई विभिन्न क्रियाकलाप सिकाउन र भरपुर मनोरञ्जन प्रदान गर्न सहयोग पुऱ्याएको हुन्छ । भैलो देउसी जस्ता गीतहरूमा साँस्कृतिक विषयवस्तु मिसिएका हुन्छन् । झ्याउरे र सालैजो गीतमा प्रणयलिलालाई उजागर गरिएको हुन्छ । त्यस्तै यसमा गरिबी, लाहुरे जीवन, अशिक्षा, भेदभाव, शोषण, पारिवारिक पीडा जस्ता भावहरू मिसिएका हुन्छन् । यसरी यस गा.वि.स. का लोकगीतहरूमा सामाजिक जीवनसँग जोडिने विविध पक्षलाई विषयवस्तु बनाएर लोकगीतको सिर्जना गरिने भएकोले लोकगीतको विश्लेषणको आधारलाई सामाजिक अध्ययनको आधारमा यहाँ चर्चा गरिएको छ ।

#### ४.१.१ सामाजिक जीवनको चित्रण

लोकगीत लोक जीवनको ऐना हो । कुनै पनि लोकगीतको शुरुवात वा उत्पत्ति त्यही समाजबाट हुने गर्दछ । अर्थात् हरेक लोकगीतहरू लोकका मानिसहरूबाट लोकका लागि लोकमा नै निर्माण भएका हुन्छन् । मानिस आफै एउटा सामाजिक प्राणी हो । त्यसैले उसले प्रथमत धार्मिक, साँस्कृतिक मूल्य मान्यतालाई एकातिर पालना गर्नुपर्ने हुन्छ भने अर्कोतिर सामाजिक र आर्थिक पक्षहरूसँग पनि समायोजन भएर अगाडि बढ्नु पर्ने हुन्छ । यसरी हेर्दा प्राकृतिक

विविधता, सामाजिक परम्परा आर्थिक जीवन, समाजका सांस्कृतिक मूल्य-मान्यता जस्ता अत्यावश्यक कुराहरू हाम्रो परिवेशमा मिसिएका हुन्छन् । तिनै विषयवस्तुमा केन्द्रित रहेर व्यक्तिले लयको माध्यमबाट लोकगीतको सिर्जना गर्ने हुँदा सामाजिक अध्ययन अन्तर्गत नै रहेर विभिन्न उपशीर्षकभित्र रही तल विश्लेषण गरिन्छ ।

### ४.१.१.१ **सामाजिक एवं पारिवारिक जीवनको चित्रण**

व्यक्तिगत, पारिवारिक जीवनका घटना, दुर्घटना, आँसु-हाँसो, सुख-दुःख, आशा-निराशा, सम्पन्नता-विपन्नता जस्ता विविध विषयवस्तुलाई सुमधुर संगीत र लयमा अभिव्यक्त गर्ने आधार लोकगीत नै हुन्छ । लोकजीवन नै लोकगीतको सिर्जनाकर्ता, प्रयोगकर्ता र संरक्षक समेत भएकोले सामाजिक तत्त्वको संलग्नता बिना यसको अस्तित्त्व नै छैन । हाम्रो समाजमा दाइजो प्रथालाई अझै पनि उत्तिकै महत्त्वका साथ हेर्न सकिन्छ । छोरो वरियात लिएर बेहुलीको घरतिर हिँडेपछि कति दाइँजो आउने होला भन्ने जिज्ञासा घर परिवारका सबै सदस्यमा हुने कुरा लोकगीतमा यसरी व्यक्त भएको पाइन्छ ।

मैदानमा पानी पऱ्यो आमा वरियातको बास

कसोगरी ल्यायौ बाबा गौदाने गाई ?

दाम्लो लगाई ल्याएँ आमा गौदाने गाई ।

सुन्दुरेले ल्याएँ आमा गौरी दाने गाई ।

सिरफुला लाएर राम्रै हुँदै आई

कस्ता देलान गाग्री कुंडे कत्रो देलान् गाई

लोटा जत्रा गाग्री कुँडे, मुसा जस्तो गाई

आए ! आए ! राम जी सीता अगि लाई ।

त्यस्तै गरी छोरीको विवाह गरेर पतिको घर गएपछि घरपरिवार र लोकसमाजको मूल्य मान्यताअुनसार बुहारीले गर्नुपर्ने काम कर्तव्य र भूमिकालाई यी हरफले प्रष्ट्याएका छन् -

ए छोरी जाऊ खुशीसाथ घरमा

नरोउ चलन चल्ती छ यै लोकभरमा ।

म दिन्छु तिमीलाई ऐ अर्ति सत्ये

बताए बमोजिम काम गर नित्ये ।

बिहान उठी नम्र भै भक्तसाथ

झुकी स्वामीको पाउँमा राख माथ

सदा दण्डवत प्रेमले खुशी मानी

गर आफ्नो घरको काम सारा जानी ।

त्यस्तै नेपाली गाउँघरमा छोराछोरी जन्मेपछि कान्छी श्रीमती ल्याउने, धेरै छोरा छोरी पाउने, छोरीलाई विवाह गरेपछि घरमाइती नगराउने निष्ठुरी बाबु-आमा पनि पाइन्छन् । तिनीहरूको दुःखी छोरीले तिजको बेलामा गरेको गुनासोलाई पनि हेरौँ -

तीजैमा माइत जाउँला भनी

सिरमा फूल लगाइथे ।

अग्लो डाँडा हेरी हेरी आँसु बगाएँ

न त लिन आफू आयौ

न त चिठी पठायौ ।

माया मार्‍यौँ मेरी आमा कान्छी छोरीलाई ।

तीजको बेलामा छोरी घर पठायौँ ।

अँधेरी खोलाले लग्यो बरिलै ॥

डाँडै सारौ पिपलु मैदानमा लोकै बर ।

घर जा भन्छौँ बाबा काँ छ मेरो घर ॥

छोप्राकी समाजमा घाँस दाउरा, मेलापात, एकल वा युगल रूपमा युवा-युवतीहरू प्रेम प्रणयका भावहरू पनि आफ्नो लोकगीतको माध्यमबाट सुसेलेका हुन्छन् । यस्ता गीतहरू

एकातिर आनन्दले संवाहक बनेका हुन्छन् भने अर्को तर्फ काम गर्दाको दु:ख र थकाइलाई बिर्सदै समय बितेको पत्तै पाउँदैनन् । यसको उदाहरणमा एउटा सानो अंश हेरौं -

मेरो माया छ भनी त्यता ।
पानी खाने निहुँ गरी आउ यता ॥
तिमलाई छोड्ने छैन नि यो मन त ।
पाए देखि बनाउथे आफन्त ॥

घर त मेरो पातीले बारेको ।
मागी खान कर्मले पारेको ॥
सानो माया मै पनि लाउँकि ?
सुनखानीमा पितलु मिसाउँ कि ?

यस्तै गरी तीजमा माइती लिन आएका वा नआएका कुरा, माइतमा चिल्ला खाजा खाएको बयान, घरमा रुँदै बसेको, राम्रा-राम्रा गहना र कपडा लगाएको, लुगा फेर्न नपाएको जस्ता विविध समस्याहरू तीजको गीतमा मिसिएका हुन्छन् । यस्तै यहाँका वडा नं. १ र ४ मा बसोबास गर्ने गुरुङ र वडा नं. का कुमालहरू लगायत यस भेकका जातजाति, उमेर, वर्ग र लिङ्ग आदिको विविध सामाजिक सन्दर्भहरूलाई यहाँ प्रचलित लोकगीतहरूमा समेटिएको हुन्छ ।

जनजीवनमा प्रचलित गहना, लुगाफाटो, खानेकुरा र आदरसम्मानका कुराहरू पनि यहाँका लोकगीत बाहिरका कुरा होइनन् । समग्रमा हेर्दा वैयक्तिक, पारिवारिक तथा सामाजिक जीवनका सुख दु:खका विविध क्षणलाई यहाँका लोकगीतहरूले आफ्नै कथ्य बनाएका हुन्छन् ।

### ४.१.१.२ आर्थिक जीवनको चित्रण

हामी समाजमा बस्छौं । हामीलाई आफ्नो जीवन सुचारू रूपले चलाउनका लागि धनसम्पत्ति नभई नहुने कुरा हो । त्यसकारण 'बिना धन, केही नभन' भन्ने नेपाली उखान नै छ । आर्थिक उपार्जनका लागि यहाँका मानिसहरू कुनै न कुनै पेशासँग सम्बन्ध भएमा हुन्छन् । समाजमा हुँदा खाने र हुनेखाने वा धनी र गरिब दुई वर्गका मानिसहरू बस्दछन् । विशेषत: यहाँका लोकगीतमा गरिबी, अभाव तथा निर्धनताको चित्रण बढी मात्रामा हुने गरेको पाइन्छ। गरिब वर्गका मानिसहरूले अर्थोपार्जनका लागि गाउँघर, जन्मदिने बाबुआमा, इष्टमित्र, जीवन

संगिनीलाई छोडेर मुग्लान पस्नुपर्ने विवशता छ । यसरी मानवीय जीवनसँग अर्थले प्रत्यक्ष रूपमा प्रभाव पार्ने भएको हुनाले अर्थको सेरोफेरोमा केन्द्रित रहेर आफ्नो यथार्थ जीवनलाई अरु समक्ष प्रस्तुत गर्ने क्रममा नै समाजका लोकगीतहरू सिर्जना गरिने हुँदा यहाँ तिर्ने र त्यस्तै गीतहरूको चर्चा गरिनेछ ।

हाम्रो समाजका छोरीचेली विवाह पछि कर्मघरमा पुगेपछि माइतीघरको आर्थिक अवस्था भन्दा कमजोर भएको पाएमा उनीहरू चिन्तित हुन्छन् । आफूले सोचेजस्तो नभएकोमा खिन्न हुँदै यसरी आफ्ना सुस्केराहरू सुसेल्छन् ।

छुपुमा छुपु खेत नै रोपौँ हातैमा बिउ छउन्जेल

हातैमा बिउ छउन्जेल

खान र लाउन दौलतै थियो माइतमा रहुन्जेल

माइतमा रहुन्जेल

खान र लाउन दौलतै थियो माइतमा रहुन्जेल

त्यस्तै विवाहपछि केटा पक्षले राम्रै खर्च गरेर बुहारी भित्र्याउने क्रममा लागेको ऋणलाई आफ्नो भाकामा यसरी चर्चा गर्दछन् ।

असारे मासको दबदबे हिलो छिः मलाई घिन लाग्यो ।

पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो ।

हो कि र हैन हो भनी देउ न छ बीस रिन लाग्यो ।

आर्थिक कारणले परिवारमा पनि विखण्डन ल्याउँछ । परिवारमा आर्थिक समस्या देखापर्ने बित्तिकै झगडा सुरु हुन्छ । घरमा बूढा बाबु स्वर्गवास हुने, बूढी आमालाई बुहारीले हेप्ने भएपछि पिँढीमा बसेर आफ्नो छोरो विदेशबाट कहिले फर्कन्छ भन्दै बाटो हेर्ने जस्ता नियतिलाई छोप्राकी समाजका सदस्यहरूले निकै भोगेका छन् । यस्ता सन्दर्भलाई दर्शाउने केही लहरहरू तल प्रस्तुत गरिन्छ :

बाबा बिते बर्षदिन नहुँदै, बर्ष दिन नहुँदै ऽऽ

दाजु लाहुरे, बूढी आमा पिँढीको छेऊ रुँदै ऽऽ

बाबु तिमी नौ डाँडा मुन्तिर ऽ

मलाई पऱ्यो साह्रै नै मुश्किल ऽऽ

आर्थिक समस्याले प्रणय जीवन वा प्रेमलापलाई समेत फरक पार्दो रहेछ । आफूभन्दा धनी प्रेमीसँग मायाको भिक्षा माग्नु आर्थिक कारण नै हो । यस्तै भाव बोकेको लोकगीतलाई छोप्राकी युवायुवतीहरूले लय मिलाउँछन् ।

आउँ माया सरासर गरिबको माया छ भने

लाउ माया सरासर गरिबको माया छ भने

धनु र बाँसको गुलेली खासको चरीलाई दग्दैन

चितौने तोरी जिन्दगी भरी होला जस्तो लाग्दैन

हातैमा लिनी कलम र कापी अक्षरमा लेख्ने 'क'

फूल फुल्यो जाइ मै दु:खीलाई के पत्यार मान्थ्यौ त

हाम्रो गाउँघरमा धनीहरूको भन्दा गरिबहरूको संख्या बढी छ । दु:ख पर्दा गरिबहरूले धनीसँग ऋण माग्ने चलन छ । ऋण धनको बेला आर्थिक हिसाब किताब पनि हुन्छ । साहू र आसामीका लागि त्यस्तै खालका शब्द र भावहरू मिसिएका लयहरू उपयोग गरिन्छन् ।

साहूको रुपियाँ लग्यो बनियाँले एकसय जम्मा गरी

गाई भैँसी बाखा लैजालान साहूले त्यो रुपियाँको सरी

भैसीको मोल हो उ त पाँच रुपियाँ बाखा जतिका सुका

गाईको मोल होत एक रुपियाँ लौ गर साहू लेखा ।

अन्य ठाउँको लोकगीतमा जस्तै यस ठाउँको लोकगीतमा पनि एकातिर गरिबीको व्यथालाई उजागर गरिएको हुन्छ भने अर्कोतिर सम्पन्न आर्थिक स्थितिको पनि कल्पना गरिएको

पाइन्छ । विशेष गरी तिहारमा खेलिने देउसी र भैलोमा दिइने आसिकहरूमा यस्ता भावहरू अभिव्यक्त भएका हुन्छन् :

ए ! यो घरमा　　　देउसी रे !

ए ! लक्ष्मीले　　　देउसी रे !

ए ! बास गरुन्　　　देउसी रे !

ए ! दुःख , कष्ट　　　देउसी रे !

ए ! हटेर जाओस्　　　देउसी रे !

ए ! अब त हामी　　　देउसी रे !

ए ! जान्छौ आमै　　　देउसी रे !

ए ! अर्को साल　　　देउसी रे !

ए ! देउसी खेल्न　　　देउसी रे !

ए ! आउँला हामी　　　देउसी रे !

यसरी गरिबीको कारणले आइपर्ने समस्याहरूसँग जुद्धै यहाँका मानिसहरूले आफ्नो जीवनका भोगाइहरूसँग सम्झौता गर्नु पर्ने र आर्थिक कठिनाइलाई पार गर्नुपर्ने सन्दर्भसमेत चित्रण गर्ने कार्य यहाँका लोकगीतहरूमा भएको पाइन्छ ।

### ४.१.१.३ **साँस्कृतिक जीवनको चित्रण**

सामाजिक जनजीवनका मान्यता, सामाजिक परम्परा, रहनसहन, रीतिरिवाज, विश्वास, जीवनमूल्य, धारणा आदिको समन्वयको रूपलाई संस्कृति भनिन्छ । छोप्राक गा.वि.स. भित्र प्रचलित साँस्कृतिक मूल्य र मान्यतालाई यहाँका लोकगीतहरूले अभिव्यक्ति प्रदान गरेका छन् । विभिन्न चाडपर्व र संस्कार कार्यका अवसरमा सान्दर्भिक गीतहरू गाएर स्थानीयहरूले मनोरञ्जन लिने गरेका छन् । हाम्रा समाजका छोरीहरू बुहारी बनेर अर्काको घरमा गएपछि घर कसरी चलाउने ? बुहारीका कर्तव्यहरू के के हुन् ? भन्ने कुरालाई आमाले सिकाएर पठाउने चलन छ । त्यसैले यहाँ एउटी आदर्श बुहारीले गर्नुपर्ने कामलाई संस्कारगत रूपमा यसरी सिकाइएको छ :

विहान उठी नम्र मै भक्तिसाथ

झुकी स्वामीको पाउमा राख माथ

सदा दण्डवत प्रेमले खुसी मानी

गर आफ्नो घरको काम सारा जानी

सम्हाली अनि देहका शास्त्र सार

गएर सबै झ्याल ढोका उघार

मधुरो सफा बोलीले सुस्त सुस्त

जगाउ है परिवारलाई समस्त

नेपाली नारीहरू आफ्नो पति जस्तोसुकै कुलतमा लागेको वा समाजमा कलंकित भएपनि ईश्वरसमान मानेर सम्मान गर्दछन् । आफ्नो देवतासमान पतिको कुरा काट्न हुँदैन । उनीहरूको सेवामा जुट्नुपर्छ, हरेक कार्य गर्दा पतिको सम्मानलाई ख्याल राख्नुपर्छ भन्ने मान्यता छ । कतिपय महिलालाई पतिले माइत जान दिँदैन भने कतिको माइतीबाट लिन आउँदैनन् । तसर्थ तीजको अवसर पारेर बाबु, आमा, दाजु-भाउजू लिन आएनन् भनेर गुनासो गर्दछन् । जसलाई उदाहरणको रूपमा हेर्दा

तीजैमा माइत जाउँला भनी

टिकुली लगाइथेँ

अग्लो डाँडा हेरी-हेरी मनै रुवाएँ

न त लिन आयौ न त चिठी पठायौँ

माया मार्‍यौ मेरा बाबा कान्छी छोरीलाई ।

गाउँका बूढापाकाहरू तमाखु खान्छन् । घरका छोरी बुहारीले तमाखु भरिदिने चलन छ । यस्तै संस्कृति पक्षलाई नमूनाको रूपमा तल प्रस्तुत गरिन्छ -

हुक्का त हरिको सुमेरु शिवको नली त नारानजीको

पातो वर्षतको तमाखु तपीको चिलिम चतुर्भुजको

ए नाती हरि लेऊ तमाखु भरिलेउ विरालुको चाल गरी

हुक्का समीर घरी नली खबर घरी म खान्छु कोल्टे परी

माघे सङ्क्रान्ति हर-हर जानु जेठानका घर

ससुरा बूढा बातचित गर जेठान तमाखु भर

जेठानी दिदीले भान्छा तयार गर सासु सिमा कोर

सालाकी दिदी पनि कपाल कोर अब जाने हो घर

दशैँको घटस्थापनादेखि नवमीको रातीसम्म मालसिरी गाउने प्रचलन भए पनि हाल यो प्रचलन केही घट्दै गएको छ । प्रौढ उमेरमा पुगेका महिला र पुरुषहरूले नवदुर्गाको स्तुति गाउँदै राक्षसी प्रवृत्तिको बिनाश र दैवी प्रवृत्तिको जय होस् भन्दै विभिन्न कामनाहरू गर्दछन् । जस्तै :

जय देवी भैरवी दर्शन देउ भगवती

असुर बिनासिनी जगत्‌की हितकारिणी

श्री देवी भगवती दुर्गे भवानी

जय देवी गोरखकाली दर्शन देउ भवानी

दर्शनपछि लगत्तै तिहार पनि आउँछ । महिलाहरू जम्मा भएर भैलो गीत गाउँछन् । त्यस्तै पुरुषहरू देउसी गीत गाउँछन् । भैली गीतमा घरआँगन, गोठ-कटेरो, गाई, गोरु, कुकुर, काग, भाइ आदिको पूजा गर्ने र दिर्घायुको कामना तथा कुशलमंगलको कामना गर्ने कार्य तिहारका लोकगीतमा (भैलो-देउसी) भएको पाइन्छ । उदाहरणको रूपमा तलको अंशलाई हेरौँ -

हे औँसी बार, गाई तिहार भैलो

भैलिनी आइन आँगन

गुन्यु चोलो मागन

हामी त्यसै आएनौ

बली राजाले पठाए

हे ! औसीबार गाई तिहार भैलो ।

जसले दिन्छ मानो, उसको सुनको छानो

हे औँसीबार

गाई तिहार भैलो ।

जसले दिन्छ पाथी, उसको सुनको छाती

हे औँसीबार

गाई तिहार भैलो ।

जसले दिन्छ मुरी, उसको सुनको धुरी

हे औँसीबार

गाई तिहार भैलो ।

लक्ष्मीपूजा सकिएपछि पुरुषहरूले घरआगँनमा पुगेर देउसी खेल्ने, आसिक दिने र रुपियाँ पैसा लिने गर्दछन् -

फर्सीको मुन्टा .................... देउसी रे

पकाउनेलाई भन्दा ................ देउसी रे

केलाउन टन्टा .................... देउसी रे

छानामाथि घिरौला .................... देउसी रे

के दिन्छन् हेरौला .................... देउसी रे

ए दिनै लाग्यो ....................... देउसी रे

ए आउनै लाग्यो ........................ देउसी रे

ए यो घरमा ........................ देउसी रे

ए लक्ष्मीले बास गरुन् ........................ देउसी रे

ए दु:ख कष्ट ........................ देउसी रे

ए हटेर जाओस् ........................ देउसी रे

ए अब त हामी ........................ देउसी रे

ए जान्छौँ आमै ........................ देउसी रे

ए अर्को साल ........................ देउसी रे

ए देउसी खेल्न ........................ देउसी रे

ए आउँला हजूर ........................ देउसी रे

त्यस्तै गरी माघ फागुन लागेपछि बिहेको लगन सुरु हुन्छ । विहेको अवसर दुलाहाको घरमा रत्यौली खेल्न चलन छ । यस अवसरमा महिलाहरू हर्षले गद्गद् हुँदै गीत गाउँछन् । यसै अवसरमा गाइने एउटा साँस्कृतिक गीतको नमूना हेरौँ -

आगो फुक्ने गागरु त पानी भर्ने सोते

कानमा लाउने बुलाँकी त नाकमा लाउने पोते ॥

बाटो भिरालो बाज्यै बाटो भिरालो

पातलीले लोग्ने रोजी डाढे बिरालो ॥

यस्तै जीवनमरणको चोला भनेर मानिसको जीवनको पर्यायका रूपमा लिइन्छ । ऊ जन्मेपछि नमरुन्जेलसम्म विभिन्न संस्कारहरू भइरहन्छन् । मरेपछि खोला वा घाटमा लैजाने प्रचलन हिन्दूसंस्कृतिमा चलिरहेकै परम्परा हो । यस्तै परिवेशलाई समेटेर सुसेलिएको एउटा लोकगीत हेरौँ -

हे हा धोवीलाई खोला पटुकीलाई झोला

मसिनालाई मोला जिउँदोलाई डोला

मरेपछि राधा लान्छन् खोला खोला

ए माछे घाटमा सेलाएर र पो त फर्कि आउँछन् होला ।

यसरी हाम्रो संस्कृतिभित्र रहेका हरेक रीति र परम्परा साथै मूल्यमान्यताहरूले आफ्नो समाजमा अस्तित्त्व कायम गरेको हुनाले तिनै मूल्यमान्यतालाई लोकलयमा गाउने परम्परा परापूर्वकालदेखि हालसम्म प्रचलनमा आएको कुरालाई छोप्राकी लोकगीत परम्पराले नकार्न सकेको छैन ।

४.१.१.४ **प्राकृतिक जीवनको चित्रण**

यहाँको लोकगीतको अर्को प्रमुख आधार प्रकृतिको चित्रण पनि हो । प्रकृतिको सुन्दर पर्यावरणबाट नै लोकगीतले पल्लविट र पुष्पित हुने मौका पाउँछ । घाम-पानी, झरी-बादल, हुरी-बतास, जून-तारा, सन्ध्या-प्रभात, दिन-रात, वनजंगल, पशुपंक्षी, नदीनाला, फलफूल आदिलाई प्रतीकका रूपमा लिएर त्यसैको माध्यमबाट जीवन संघर्षका अनुभूतिहरूलाई सशक्त रूपले व्यक्त गर्ने माध्यम नै लोकगीत बनेको छ । प्रकृतिको साथमा सहयात्री हुँदा विविध अवस्थाअनुसार लोक भावनालाई लयमा घोलेर प्रवाहित गर्ने कार्यसँगै लोकगीतको अस्तित्त्व कायम भएको मानिन्छ । अधिकांश लोकगीतको पहिलो चरण प्राकृतिक प्रतीक र बिम्बहरूको संयोजनबाट बनेको हुन्छ । सिँगो प्रकृति नै लोकगीतका विविध अवयवमा प्रस्तुत भएको अनुभव हुन्छ । यसमा लोकगीतभित्र प्रयोग भएका विविध प्राकृतिक स्वरूपलाई सरसरी चिनाउने प्रयत्न भएको हुन्छ ।

हाम्रो देशभित्र लेक-वेसी, देउराली-भञ्ज्याङ्ग, उकाली-ओराली, भीर-पहरा, पाखा-पखेराहरू प्रशस्त छन् । यी र यस्ता भौगोलिक विविधताहरूले छुट्टै पहिचान बनाएका छन् । ती ठाउँ अनुसारका परिवेश र प्रकृतिहरू पनि फरक-फरक छन् । जसको उदाहरणमा तलको अंशलाई हेरौँ -

हे लेकैको झुमा गाई, पाथीमा पाथी दूध दिने लेकैको झुमा गाई ।

हे लेकैको झुमा गाई, कहाँ जन्मे राम लक्ष्मण कहाँ जन्मिन सीता माई ॥

गामै फूल्यो लालीगुराँस बेसी फूल्यो जाई ।

कदमको छायाँ हजूरको माया जिन्दगी भरिलाई ॥

धनु र बाँसको गुलेली खासको चरीलाई लाग्दैन

चितौने तोरी जिन्दगी भरि होला जस्तो लाग्दैन ॥

हिमालचुली पल्लो पट्टि दुम्सी दुलो ।

नौ जाले मायाको माया रैछ ठूलो ॥

छोप्राकी समाजका युवायुवतीहरूले आफ्नो मनमा रहेका माया र प्रणयलाई भावनात्मक रूपले अभिव्यक्त गर्ने क्रममा पनि प्रकृतिलाई नै साथी बनाएर अभिव्यक्ति निर्माण गर्ने गर्दछन् । यस भेकका आफ्ना प्रेमी-प्रेमिकालाई खुसी वा सुखी देख्ने, प्रशंसा गर्ने पनि प्रकृतिलाई साथमा लिएर नै हुन्छ । एउटा प्रेमीले आफुनी प्रेमिकालाई खुसी बनाउने क्रममा प्रकृतिका विभिन्न प्रतीकहरूलाई लिएको देखिन्छ । जसलाई तलको उदाहरणबाट प्रस्तुत गर्न सकिन्छ -

आकाश राम्रो घाम र जुनले

धरती राम्रो मायालु हुनाले

गोर्खे सलाइ त

तिम्रो रूपैले मार्‍यो मलाई त

हरेक सजीवमा बासनाको र नायाँ पुस्ताको निर्माण गर्ने जिम्मेवारी हुन्छ भनेर विज्ञानवादी दार्शनिकहरूले भने झैं प्रेमपूर्ण दाम्पत्य जीवनकालागि सँगै बस्ने प्रस्ताव र बाचा कबुल पनि अनिवार्य नै हुन्छ । यसै क्रममा एउटा उदाहरण हेरौँ -

पारी वनमा न्यालीले बोलाछ ।

मेरो माया काँ बसी टोला छ ॥

तिम्लाई छोड्ने छैन नि यो मन त ।

पाए देखि बनाउँथे आफन्त ॥

जेठ मासको प्रचण्ड गर्मीमा पनि मेलापात गर्नु यस भेकका लोकको दिनचर्या नै हो । यसै सन्दर्भमा प्रकृतिलाई साक्षी राखेर दुखेसो पोख्दै मेलापातमा उनीहरूले सुसेल्ने सुस्केरालाई फेरि एकपटक हेरौँ -

अग्राखे काँठ फलामे काँटी झ्याल ठोक्यो कर्मीले ।

जेठको घाममा मिलाएर ठ्याम्म झ्याल ठोक्यो कर्मीले

मायालु झ्याल ठोक्यो कर्मीले ......... २

आइदेन बादल छेकी देन घाम मै मरे गर्मीले

टारको ठाम कति चर्को घाम मै मरे गर्मीले

मायालु मै मरेँ गर्मीले ।।

यस घरआँगनमा फुलेका फूलहरूको पनि कम पवित्र छैनन् । यस्ता फूलहरू प्रभुलाई चढाउनु पर्छ भन्दै यहाँका भजनहरू पनि प्रकृतिलाई बिर्सदैनन् र भन्छन् -

नगरी भूल श्रद्धाको फूल चढाउँछु तिमीलाई

गर्दछु नमस्कार सबै देवी देउतालाई ॥

त्यस्तै तिहारको अवसरमा भैलो-देउसी गाउँदा पनि प्रकृतिको हरियाली र चराचुरुङ्गी गाइको गोबर जस्ता प्रकृति प्रद्धन्त बस्तुलाई भुलिँदैन । यस्तै खालका गीतहरू गुञ्जन्छन् । जस्तै :

हरियो गोबरले लिपेको, गाई पूजा गरेको

हे औँसीबार

गाई तिहार भैलो ।

यस छोप्राक गा.वि.स मा गरिने मंसिरको पहिलो र दोस्रो हप्तामा दाइँ गर्ने चलन छ । दाइँ गर्दा खलोमा मियो गाड्ने, गोरुहरू बाँध्ने, भूमे पूजा गर्ने, सिमलचरी बोलाउने, गोरुहरूलाई मायालु भावमा फकाउने गर्दै दाइँ गीत गाउने प्रचलन छ । जस्तै:

मरा भाइ बरादो लामा लामा सिङ

आजको खला वरिपरि सिमलचरी रिङ

यस्तै गरी पशुपंक्षी, जनावर लगायत प्राकृतिक वस्तुहरूको नामबाट मात्रै पनि लोकगीत बनाएर यहाँका बुढापाकाहरू सिलोकहरू गाउने गर्दछन् । यसको एउटा दृष्टान्त हेरौँ -

बनबाट लाहाचे काठ खोजी ल्याउँथ्यो ।

घरबसी भुसिटे आरनमात्र लाउथ्यो ॥

राम्रा राम्रा सुनचरी गहना कमाउँथ्यो ।

दुलाहाको जामा भने तित्राले सिउथ्यो ॥

यस्तैगरी यस भेकमा गाइने लोक गीतहरूमा गोठ, खोला, खरबारी, लेक, बेसी, पानी जाडो, गर्मी, रुख, चौतारी, पहारा, छहरा आदि जस्ता प्रकृतिका विभिन्न प्रतीकहरूको प्रयोग गरी लोकगीतहरू निर्माण गरिएका हुन्छन् । तसर्थ छोप्राक भेकका लोकगीतहरूमा प्रकृतिलाई कुनै न कुनै प्रकारले प्रकृतिलाई अगाडि पछाडि लगाएर लोकगीत गुन्गुनाउने गरेको पाइन्छ ।

## ४.२ **निष्कर्ष**

यसरी छोप्राक गा.वि.स. का लोकगीतहरूमा यस भेकको सामाजिक, आर्थिक, साँस्कृतिक स्थितिका साथै प्रकृतिको चित्रण राम्ररी भएको पाइन्छ । त्यस्तै गरी नैतिक तथा व्यंग्य चेतनाका गीतहरू पनि यस भेकमा प्रचलित छन् । भाषिक दृष्टिले पनि यहाँका विभिन्न जातजातिका भाषा तथा भाषिकाको प्रभाव पनि लोकगीतमा परेको पाइन्छ । तर नेपाली लोक समाजमा पश्चिमा संस्कृति र शिक्षाको प्रचारप्रसारको कारणले गर्दा लोकगीतले आफ्नो गतिलाई सुचारु रूपले अगाडि बढाउन सकेको छैन । यो अवस्था भने दु:खद नै देखिन्छ ।

# अध्याय पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यो अध्ययन पत्र गोरखा जिल्लाको छोप्राक गा.वि.स. मा गाइने लोकगीतहरूको खोजी र विश्लेषणमा केन्द्रित रहेको हुनाले यो शोध पत्रको पहिलो अध्यायमा शोधकार्यको विषय, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सिमाङ्कन, शोध विधिको बारेमा संक्षेपमा परिचय दिँदै अन्त्यमा अध्ययन पत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो अध्यायमा लोकगीतको सैद्धान्तिक परिचय अन्तर्गत लोकसाहित्यको परिचय दिँदै यसको परिभाषा, विशेषता, महत्त्व, वर्गीकरण, तत्त्वहरूभित्र केन्द्रित हुँदै त्यसमा पर्ने विभिन्न शीर्षक-उपशीर्षकको बारेमा चर्चा परिचर्चा गरिएको छ । अध्यायको अन्त्यमा नेपाली लोकगीतको अध्ययन परम्पराको बारेमा चर्चा भएको छ ।

अध्ययन तीनमा गोरखा जिल्लाको संक्षिप्त परिचय, छोप्राक गा.वि.स. को परिचय यस भेकमा प्रचलित लोकगीतलाई वर्गीकरण गरिएको छ । वर्गीकरणको क्रममा यहाँका लोकगीतहरूलाई जन्मचक्र, ऋतुचक्र, बाह्रमासे र धार्मिक गरी चार उपशीर्षकहरूमा विभाजन गर्दै त्यस अन्तर्गत पर्ने लोकगीतहरू र हरेकको परिचय तथा उदाहरण समेत प्रस्तुत गरिएको छ ।

अध्याय चारमा छोप्राक गा.वि.स बाट संकलन गरिएका लोकगीतहरूको विश्लेषण गर्ने कार्य भएको छ । यहाँका लोकगीतहरूको विश्लेषण गर्ने क्रममा सामाजिक अध्ययन गरी मुख्य शीर्षकहरू चयन गरिएका छन् । सिङ्गो नेपाली समाजमा जस्तै छोप्राकको लोक जीवनमा गाइने लोकगीतहरूको विषयवस्तु पनि सामाजिक जीवनसँग जोडिएको छ । खास गरी समाजभित्रको जीवनको भोगाइ र यस क्रममा आइपर्ने विभिन्न समस्या तथा परिस्थितिको सन्दर्भलाई टपक्क टिपेर गितीलयमा सजाउँदै लोकगीतहरूको सिर्जना गरिन्छ । लोकगीतको सम्बन्ध स्थानीय समाजसँग गहिरो हुने भएकोले यससँग समाजका खुसी र सुस्केराहरू मिसिएका हुन्छन् । सामाजिक र पारिवारिक जीवनको चित्रण, साँस्कृतिक जीवनको झलक, प्राकृतिक जीवनसँगको अनुसरण, आर्थिक जीवनको चित्रण जस्ता विविध शीर्षकहरूमा लोकगीतको विश्लेषण गरिएको छ ।

अध्याय पाँचमा छोप्राकमा प्रचलित लोकगीतहरूको अध्ययनको उपसंहार प्रस्तुत गरिएको छ । जहाँ सारांश र निष्कर्षलाई संक्षेपमा चर्चा गरिएको छ ।

## ५.२ **निष्कर्ष**

छोप्राक गा.वि.स मा प्रचलित लोकगीतहरूको अध्ययन र विश्लेषण गर्ने क्रममा अगाडि बढ्दा यस भेकमा प्रचलित लोकगीतहरूले सिङ्गो नेपाली लोकगीतहरू कै प्रतिनिधित्व गरेको पाइन्छ। यहाँ प्रचलनमा आएका लोकगीतहरूले भौगोलिक दृष्टिकोणले नेपाली लोकगीत कै सम्वृद्धिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । एउटै गीतलाई पनि यहाँको धरातल र जाति विशेषमा पनि फरक-फरक रूपले गाइने र भिन्न गीतलाई एउट लयमा पनि गाइने विशेषताहरू यहाँका गायकहरूले बोकेको पाइयो । त्यस्तैगरी परम्परागत रूपमा चल्दै आएका लोकगीतलाई जीवन्तता दिने र वर्तमानको पश्चिमा संस्कारले आक्रमण गर्दाको क्षणमा पनि नयाँ-नयाँ नेपाली लोकगीतहरू जन्माएर हुर्काउँदै आएको यस भेकले नेपाली लोकगीतलाई उर्बर बनाउन उल्लेखनीय भूमिका खेल्न सफल भएको यथार्थलाई भुल्न मिल्दैन । परापूर्वकालदेखि हालसम्म अनेकौँ जाति र भाषाको साझा स्थल बनेको यस क्षेत्रले केही सजातीय र केही साझा संस्कृति तथा संस्कारको विकास गर्दै आएको छ । हरेक संस्कारको विकास गर्दै आएको छ । हरेक साँस्कृतिक झाँकी संगीतमय हुने र हरेक लोकगीत नेपाली संस्कृतिमूलक देखापर्दछ । तीज, तिहार, दशैँ, विवाह, ब्रतबन्ध जस्ता अवसरमा गाइने लोकगीतहरूमा विशुद्ध नेपाली र सिङ्गो छोप्राकको संस्कृति तथा समाज झल्कन्छ । सम-सामयिक लोकगीतहरूमा ज्याँदा विरह, व्यथा, वेदना, दु:ख, पीडा र अभावका भावहरू पोखिएका छन् । परदेशी छोराको सम्झना, विछोड भएको प्रेमी, एक्लो हुनुको विवशता, पीडा, वेदना र गृहस्थी जीवनका तितामीठा अनुभूतिहरू पोखिएका छन् । गीत कै भाकामा वन-पाखा र उकाली-ओरालीमा सुख दु:खका स्वरहरू तरङ्गीत भएका हुन्छन् । फलत: यस्ता लोकगीतहरूमा विप्रलम्भ श्रृङ्गार तथा करुण भावको मात्रा ज्यादा भेटिन्छन् । विविधतामय गीत, वाद्यवादन र सुरिला स्वरहरूले सजिएका नूतन भाका र पुरातन संस्कृतिलाई एउटै थलोमा बसेर छोप्राकी परम्परालाई यहाँका लोकगायकहरुले बचाएर राखेका छन् । हाम्रो आर्थिक, सामाजिक र साँस्कृतिक सन्दर्भहरू जीवन्त रूपमा नै यहाँका लोकगीतहरूमा तरंगित भएका हुन्छन् । विविध रस अलंकार एवं लयले सजिएका छोप्राक भेकका लोकगीतहरूमा हाँस्य व्यङ्य र प्रेम-विरहका चेतनाहरू पनि सशक्त रूपमा विकास हुँदै गइरहेको कुरालाई यस भेकको लोकगीतको अध्ययनको क्रममा छर्लङ्ग भएको छ ।

## परिशिष्ट (गायक गायिकाहरू)

१. सुनिता पोखरेल छोप्राक ७

२. कृष्ण वयलकोटी छोप्राक ७

३. हरि प्रसाद पोखरेल छोप्राक २

४. श्रीधर घिमिरे छोप्राक ३

५. इन्द्र कुमारी गुरुङ्ग छोप्राक १

६. अर्जुन पोखरले छोप्राक २

७. रुवी श्रेष्ठ छोप्राक ५

८. रमेश लामिछाने छोप्राक ३

९. लक्ष्मी भुजेल छोप्राक ३

१०. कालिका पोखरेल छोप्राक ७

११. स्थानीय बासिन्दाहरू छोप्राक ६

१२. कृष्ण प्र. पोखरेल छोप्राक - ८

१३. संगीता गैरे छोप्राक ५

१४. सविन्द्र भट्ट छोप्राक ६

१५. रामकुमारी भुजेल छोप्राक ५

१६. सरस्वती बराम छोप्राक ३

१७. जमुना पोखरले छोप्राक ८

१८. झुमकुमारी पोखरेल छोप्राक ५

१९. लिला पोखरेल छोप्राक २

२०. जुठी कुमाल छोप्राक ९

२१. सरला कुमाल छोप्राक ९

## सन्दर्भ सामग्री


अधिकारी, तिर्थराज र अन्य, (२०५८), **गोरखा वाङमय,** गोरखा : साहित्य प्रतिष्ठान ।

सन्तराम, (इ. १९७५), **कन्नोज लोक साहित्य,** दिल्ली : अभिनय प्रकाशन ।

अधिकारी, हेमाङराज, (२०४३), **पूर्वीय समालोचना सिद्धान्त** (ते.स.) काठमाडौं : साझा प्रकाशन,

उपाध्याय केशव प्रसाद, **साहित्य प्रकाश**, (दो.सं.) काठमाडौँ : साझा प्रकाशन, २०५४ ।

उपाध्याय, कृष्ण प्रसाद, (इ. १९५७), **लोक साहित्यको भूमिका,** साहित्य भवन लिमिटेड ।

कन्दङ्वा, काजीमान, (२०२०) **नेपाली जनसाहित्य,** काठमाडौं : रोयल नेपाल, एकेडेमी, ।

खनाल, नारायण प्रसाद, (२०४६), **गोरखा डायरी,** गोरखा : हरि साँस्कृतिक केन्द्र जोशी, सत्यमोहन, **लोकगीतका केही झल्का,** प्रगति वर्ष ३ अंक २, २०११ ।

तिवारी, हिरालाल, (इ.१९८०) **गंगाघाँटीको गीत**, बनारस : विश्वविद्यालय प्रकाशन,

त्रिपाठी, (२०५१), बासुदेव **सिंहावलोकन,** काठमाडौं, साझा प्रकाशन, ।

थापा, मोहन हिमांशु, (२०४७) **साहित्य परिचय,** (ते.सं.), काठमाण्डौँ : साझा प्रकाशन

थापा, धर्मराज, (२०३०), **गण्डकी सुसेली,** काठमाडौं : रा.प्र. प्रतिष्ठान

देवकोटा, (२०५४), लक्ष्मीप्रसाद, **मुनामदन,** (तेह्रौ संस्करण), काठमाडौं : साझा प्रकाशन ।

न्यौपाने, कृष्ण प्रसाद, (२०६२), **नेपाली लोकगीत र लोक गाथाको विश्लेषण,** विद्यावारिधि शोध प्रबन्ध ।

पण्डित, दिननाथ, (२०५४), **नेपाली साहित्यमा गोरखा** *(प्र.सं.)* **गोरखा** : हरि साँस्कृतिक केन्द्र ।

पन्त, देवकान्त (२०३२), *डोटेली लोक साहित्य,* काठमाडौं :नेपाली एशियाली अध्ययन संस्थान

पराजुली, कृष्ण प्रसाद, (२०५४), **लोक साहित्यको परिभाषा,** कुञ्जिनी, वर्ष ५, अंक ३,

पराजुली, ठाकुरप्रसाद, (२०४५), **लोक साहित्यको परिक्रमा,** काठमाडौं : विद्याप्रकाशन ।

पराजुली, मोतीलाल, (२०६०), **लोकगीतको संरचना**, कुञ्जिनी, वर्ष ११, अंक ८ ।

लोहनी लक्ष्मण, (२०२२), **रोदीघर,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, श्रीराम, (१९८१), **लोक साहित्य सिद्धान्त**, आगरा, विनोद पुस्तक भण्डार, इ. ।

श्रेष्ठ, दयाराम, (२०२८), सम्भव, **प्रारम्भिक कालको नेपाली साहित्यको इतिहास** , त्रि.वि. : पाठ्यक्रम वि.के.